सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ चैत २०७९, सोमबार (27 March 2023, Monday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १६ ■ अंक ३३७ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

प्रधानमन्त्री प्रचण्ड वैशाख पहिलो साता भारत जाँदै



● **सेवा लम्साल**
प्रवक्ता, परराष्ट्र मन्त्रालय



प्रधानमन्त्रीको भारत भ्रमणका लागि आन्तरिक गृहकार्य भइरहेको छ

पर्शुराम काफ्ले/नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले वैशाख पहिलो साता भारतको राजकीय भ्रमण गर्ने गरी तयारी सुरु भएको छ। भारतीय विदेशसचिव विनयमोहन क्वात्राको नेपाल भ्रमणका वेला राष्ट्रपतिको निर्वाचनलगत्तै प्रधानमन्त्रीको भारत भ्रमण हुनेबारे छलफल भएको थियो। भ्रमणबारे परराष्ट्र मन्त्रालयले सरोकारवाला मन्त्रालयहरूसँग राय मागेको छ।

परराष्ट्र मन्त्रालयकी प्रवक्ता सेवा लम्सालले प्रधानमन्त्रीको भारत भ्रमणका लागि आन्तरिक गृहकार्य भइरहेको बताइन्। प्रधानमन्त्रीले भारतमा उठाउनुपर्ने एजेन्डाबारे सरोकारवाला मन्त्रालयहरूसँग परराष्ट्रले समन्वय थालेको छ।

बालुवाटार स्रोतले पनि भ्रमणको तयारी भइरहेको जनाएको छ। 'मन्त्रिपरिषद् विस्तारपछि भारतबाट निमन्त्रणाको

» पृष्ठ ११ मा क्रमशः

वर्ल्ड डेमोक्रेसी समिटमा सहभागी हुने

अमेरिकी राष्ट्रपति जो बाइडेनको निमन्त्रणामा लोकतन्त्रका लागि विश्व सम्मेलनमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड सहभागी हुने भएका छन्। १५ र १६ चैतमा भर्चुअल माध्यमबाट हुने सम्मेलनलाई प्रचण्डले १६ चैतमा सम्बोधन गर्ने कार्यक्रम छ। सम्मेलनमा अमेरिकाको नजरमा लोकतान्त्रिक देखिएका विभिन्न मुलुकका कार्यकारी प्रमुख सहभागी हुने ह्वाइटहाउसको वेबसाइटमा उल्लेख छ।

यसपटक सम्मेलनको आयोजक अमेरिका तथा कोस्टारिका, नेदरल्यान्ड, दक्षिण कोरिया र जाम्बिया रहेका छन्। अमेरिकाले तीन मुलुकलाई सहआयोजक बनाएर सम्मेलन आयोजना गर्न लागेको हो। युएसएडकी प्रशासक समान्था पावरले नेपालमा लोकतन्त्र सुदृढ हुँदै गएको बताएकी थिइन्। अघिल्लोपटक २३ मंसिर ०७८ मा बाइडेनले पहिलोपटक आयोजना गरेको सम्मेलनलाई प्रधानमन्त्री शेरबहादुर देउवाले भर्चुअल माध्यमबाट सम्बोधन गरेका थिए। कूटनीतिक स्रोतका अनुसार प्रधानमन्त्री प्रचण्डले सम्मेलनमा सहभागी हुने प्रतिबद्धता जनाएका छन्। गत नोभेम्बरमा अमेरिकासहित चार मुलुकले चैतमा सम्मेलन गर्ने घोषणा गरेका थिए।

'लोकतन्त्रका लागि दोस्रो शिखर सम्मेलनले विश्व नेताहरूलाई भर्चुअल रूपमा भेला गर्नेछ,' ह्वाइटहाउसको प्रेस विज्ञप्तिमा छ, 'सम्मेलनको आयोजनाले लोकतान्त्रिक मूल्यहरूमा आधारित सुरक्षित र निष्पक्ष संसार साझा आकांक्षा र साझा जिम्मेवारी दुवै हो भन्ने सत्यलाई अझ बलियो बनाउनेछ।'

■ ११ दिन हिँडेर मिटरब्याजीपीडित काठमाडौंमा

प्रधानमन्त्रीको निर्देशनपछि गृह मन्त्रालयको टोलीले मातातीर्थ पुगेर सुदखोरपीडितसँग गऱ्यो छलफल



२ चैतमा महोत्तरीको बर्दिबासबाट हिँडेर आइतबार काठमाडौं आइपुगेका पीडितहरू मातातीर्थको ओरालोमा। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

काठमाडौं/ सुदखोरलाई कारबाही र आफूहरूलाई न्यायको मागसहित महोत्तरीको बर्दिबासबाट हिँडेरै पीडितहरू आइतबार काठमाडौं आइपुगेका छन्। ११औँ दिनमा उनीहरू काठमाडौं आइपुगेका हुन्।

२ चैतमा महोत्तरीको बर्दिबासबाट मार्च सुरु गरेका ७३ पीडितको टोलीमा ४३ महिला पनि छन्। जसमध्ये केहीका काखमा बच्चासमेत छन्। केही स्कुले विद्यार्थी पनि छन्। हेटौंडा, चित्लाङ हुँदै काठमाडौं आइपुगेका उनीहरू मातातीर्थको धर्मशालामा बसेका छन्। आफ्ना माग पूरा नभएसम्म टुँडिखेलमा धर्नामा बस्ने उनीहरूको तयारी छ।

अधिकांश पीडित सुदखोरबाट मिटरब्याजमा ठगिएर घरजग्गासमेत गुमाएका छन्। सरकारको आग्रहमा उजुरी दिए पनि त्यसउपर छानबिनमा ढिलाइ भएकाले आफूहरू दबाब दिन काठमाडौं नै आउनुपरेको उनीहरूको भनाइ छ। माग पूरा

» पृष्ठ ११ मा क्रमशः

● **जितेन्द्र बस्नेत**
सहसचिव, गृह मन्त्रालय



मिटरब्याजीपीडितको समस्याबारे प्रधानमन्त्रीज्यूको पनि चासो छ, किन यसरी पटक-पटक न्यायका लागि काठमाडौं आउनुपऱ्यो भन्ने बुझ्न हामी उहाँहरूलाई भेट्न मातातीर्थ गएका थियौं। उहाँहरूका कुरा सुनेपछि सरकारले समस्या समाधान गर्न के-के गरिरहेको छ भन्ने जानकारी पनि गराएका छौं।

■ पीडितका उजुरीमाथि प्राथमिकताका साथ छानबिन गर्न गृहले गऱ्यो पुनः परिपत्र

मिटरब्याजसम्बन्धी उजुरीलाई प्राथमिकताका साथ छानबिन गर्न गृह मन्त्रालयले ७७ जिल्लाकै प्रशासन कार्यालयलाई पुनः परिपत्र गरेको छ। पीडितहरूले न्याय नपाएको गुनासो गरेपछि गृहले फेरि परिपत्र गरेको हो।

'यससम्बन्धी उजुरीको छानबिनलाई प्राथमिकता दिन परिपत्र गरेका हौं,' गृह मन्त्रालयका प्रवक्ता जितेन्द्र बस्नेतले भने, 'कतिपय उजुरीमा प्रहरीबाट पनि अनुसन्धान भइरहेको छ।' गृहले यसअघि मिटरब्याजपीडितहरूको समस्या समाधानका लागि सहसचिवको नेतृत्वमा छानबिन समिति गठन गरेको थियो। सो समितिको प्रतिवेदनका आधारमा हाल उजुरी संकलन गरी छानबिन र कारबाही भइरहेको सहसचिव बस्नेतले बताए।

देशभरिबाट तीन हजार तीन सय उजुरी परेका छन्। जसमध्ये चार सय जिल्ला प्रशासनबाटै फर्स्यौट भएका छन् भने केहीमा प्रहरीले पक्राउ नै गरी मुद्दा दायर गरेको छ। थप उजुरीउपर छानबिन चलिरहेको गृह मन्त्रालयले जनाएको छ। मिटरब्याजको विषयमा पीडितहरू कानुनी रूपमा तल पर्ने गरेका कारण न्याय दिलाउन समस्या भएको गृहका एक अधिकारीले बताए।

आकाशमै दुर्घटना हुनबाट जोगिए नेपाल एयरलाइन्स र एयर इन्डियाका जहाज

नवीन अर्याल/नयाँ पत्रिका

नयाँदिल्लीबाट आएको एयर इन्डियाको जहाज र मलेसियाको क्वालालम्पुरबाट आएको नेपाल वायुसेवा निगमको जहाज त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरणका लागि शुक्रबार बिहान करिब साढे १० बजे हेटौंडा-निजगढमाथिको आकाशमा आइपुगेका थिए। विमानस्थलको एयर ट्राफिक कन्ट्रोलर (एटिसी)ले सुरुमा निगमको एयरबस ३२० लाई १८ हजार र एयर इन्डियाको जहाजलाई १९ हजार फिट उचाइमा होल्ड गर्न अनुमति दिएको थियो। त्यहीँ आकाशको वरिपरि ११ हजार फिटमाथि अरू जहाज पनि अवतरणका लागि होल्डमै राखिएका थिए।

एटिसीले सबैभन्दा तल होल्डमा रहेको जहाजलाई प्राथमिकता दिएर विमानस्थलमा अवतरण गराउने गर्छ। र, सबैभन्दा माथि होल्डमा रहेका जहाजलाई डिसेन्ट (उचाइ घटाएर) गराउँदै क्रमशः अवतरण गराउन निर्देशन दिने गरिन्छ। तलका जहाज अवतरण गरेर आकाश खाली भएपछि

» पृष्ठ ११ मा क्रमशः





● **ज्ञानेन्द्र भुल**, सूचना अधिकारी, नागरिक उड्डयन प्राधिकरण

निगमको जहाज १५ हजार फिटमा होल्ड भइरहेको थियो, एयर इन्डियाको जहाज १६ हजार फिटसम्म झर्दा टिकासमा अलर्ट आएको थिएन। जहाज १६ हजार फिटभन्दा पनि तल झरेपछि अलर्ट बज्यो। छानबिन रिपोर्ट नआउँदासम्म एटिसीलाई सक्रिय ड्युटीबाट हटाइएको छ। त्यस्तै, एयर इन्डियाका पाइलटलाई काठमाडौं उडानमा रोक लगाएका छौं। छानबिनपछि एटिसीको कमजोरी देखिए एटिसीलाई नै कारबाही गर्छौं, पाइलटको गल्ती देखिएमा थप कारबाही गर्न भारतीय उड्डयन निकायलाई पत्राचार गर्नेछौं।

यसअघि पनि भएको थियो यस्तै घटना

एयर इन्डियाजस्तै कतार एयरवेजको हर्कत

गत १५ फागुनमा पनि नेपाल एयरलाइन्स, बुद्ध एयर र कतार एयरवेजको जहाज त्रिभुवन विमानस्थलमा अवतरणका लागि होल्ड हुँदा पनि यस्तै घटना भएको थियो। एटिसीले गुराँस डाँडामाथिको प्वाइन्टमा बुद्धलाई साढे ११ हजार, नेपाल एयरलाइन्सलाई साढे १२ हजार र कतार एयरवेजलाई साढे १३ हजार फिटमा होल्ड गर्न अनुमति दिएको थियो। सबैभन्दा तल रहेको बुद्ध एयरको जहाजले पहिले अवतरण गर्नुपर्ने थियो। तर, एटिसीको अनुमतिविना नै कतार एयरवेजका पाइलटले जहाजलाई एक्कासि सात सय फिट तल झारे। कतारको जहाज तल झर्नेबित्तिकै नेपाल एयरलाइन्सको जहाजमा रहेको टिकासले अलर्ट दियो। त्यसको जानकारी पाइलटले एटिसीलाई गराए। एटिसीले तत्काल निगमको जहाजलाई पाँच सय मिटर तल र कतार एयरवेजको जहाजलाई पुनः साढे १३ हजार फिटमै लग्न निर्देशन दिएपछि दुर्घटना हुनबाट टरेको थियो। 'जहाजको भर्टिकल डिस्टेन्स हजार फिटभन्दा कम हुनु सुरक्षाका हिसाबले गम्भीर हो,' क्यानका एक पूर्वमहानिर्देशकले भने, 'यस्तै लापरबाही दोहोरिरहे कुनै दिन गम्भीर दुर्घटना नहोला भन्न सकिन्न।'



टिआरसी संसद्मा, संशोधन राख्न ७२ घन्टाको समय



सर्वस्वीकार्य संशोधन हुनुपर्नेमा एमाले र राप्रपाको जोड, द्वन्द्वको पुनरावृत्ति नहुने गरी समाधान गर्नुपर्ने सत्तापक्षको भनाइ

(विस्तृत पृष्ठ ३)

बजेट निर्माणमा अर्थ मन्त्रालय व्यस्त

१६ खर्ब ८८ अर्बको सिलिङ

आगामी आवको बजेटमा लिनुपर्ने राजस्व नीतिबारे २० चैतभित्र सुझाव दिन सरोकारवालाई आह्वान, नौवटा उपसमितिले प्रतिवेदन तयार गर्दै

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ भुटानी शरणार्थीका नाममा करोडौं असुली

उजुरी दिएको एक वर्षपछि तीनजना पक्राउ

काठमाडौं/ गृह मन्त्रालयकै सहयोगमा भुटानी शरणार्थीको परिचयपत्र बनाएर विदेश लैजाने भन्दै पैसा असुलेको घटनामा बल्ल प्रहरीले अनुसन्धान सुरु गरेको छ। उजुरी परेको करिब एक वर्षपछि यसमा संलग्नहरू पक्राउ पर्न थालेका हुन्।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले आइतबार केशव दुलाल, सानु भण्डारी र टंक गुरुङलाई पक्राउ गरेको छ। यो संगठित ठगीको घटनामा गृह मन्त्रालयकै केही अधिकारीको समेत संलग्नता रहेको प्रहरी अधिकारी बताउँछन्।

[पैसा असुले पनि शरणार्थी बनाएर विदेश पठाउन नसकेपछि पीडितहरू प्रहरीमा पुगेका थिए]

चार वर्षअघि गृह मन्त्रालयले दर्ता छुट भएका भुटानी शरणार्थीको विषयमा एक अध्ययन समिति गठन गरेको थियो। समितिले चार सय २९ जना छुट भएको प्रतिवेदन दियो। जसमा गैरशरणार्थीलाई पनि राखिएको र सोही आधारमा ठूलो आर्थिक चलखेल भएको स्रोत बताउँछ। पैसा असुले पनि शरणार्थी बनाएर विदेश पठाउन नसकेपछि पीडितहरू प्रहरीमा पुगेका थिए। प्रतिव्यक्ति १० लाखका दरले त्यतिवेला पैसा उठाइएको थियो। जसमा तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार डा. इन्द्रजित राईसमेत मुछिएका थिए। उनले समेत कतिपय व्यक्तिलाई भेटेर आफूले सहयोग गर्ने बताएका थिए।

उनका छोरा नीरज राईले पैसा नै लिएको भनेर उजुरी परेको छ। त्यतिवेला उच्चपदस्थ व्यक्तिलाई समेत बुझाउन पैसा उठाइएको थियो। आश्वासनअनुसार नै गृह मन्त्रालयले त्यतिवेला समिति बनाएपछि ढुक्क भएर सर्वसाधारणले पैसा बुझाएका थिए।

गृह मन्त्रालयकै पूर्वसहसचिव बालकृष्ण पन्थीको अध्यक्षतामा भुटानी शरणार्थीको स्थायी तथा दीर्घकालीन समस्या समाधानको विषयमा अध्ययन समिति गठन भएको थियो। समिति गठन नै

» पृष्ठ ११ मा क्रमशः

३४ करोडमा बनेको चक्रपथको सर्भिस लेन तीन वर्षमै धसियो

विश्व बैंकको तीन करोड ५० लाख सहुलियत ऋणमा मर्मत हुँदै, २० दिनभित्र बनिसक्ने

● **शिवहरि घिमिरे**/नयाँ पत्रिका

चक्रपथ सुधार आयोजनाले तीन वर्षअघि ३४ करोडमा निर्माण गरेको कलंकी-बल्खु खण्डको एक किलोमिटर सर्भिस लेन धसिएको छ। कलंकीदेखि बल्खुको खसीबजारसम्मको सर्भिस लेन चर्किनुका साथै धसिएपछि पुनः मर्मतका लागि सडक डिभिजन कार्यालय काठमाडौंले उक्त सडक भत्काएको छ।

कार्यालयका अनुसार एक किलोमिटर सडकमा 'फल्ट' देखिएको छ। तीन वर्षअघि यो सडक बनाउँदा करिब ३४ करोड २९ हजार खर्च भएको थियो। उक्त सडक मर्मतका लागि अहिले तीन करोड ५० लाख रुपैयाँ बजेट छुट्याइएको छ। पहिला सडक निर्माण गर्दा कालोपत्रेमुनिको सतह नमिलेकाले धसिएको सडक डिभिजन कार्यालय काठमाडौंले जनाएको छ। धसिएको खण्ड बनाएर पुनः कालोपत्रे गर्न लागिएको हो। पुनः निर्माणको जिम्मेवारी वर्ल्डवाइड-पिआर-एसके जेभीलाई दिइएको छ। यही कम्पनीले लैनचौर-महाराजगन्ज, लैनचौर रिङरोडदेखि बालाजु बाइपास, साँखु-लप्सीफेदी-भोटेचौरको सडक कालोपत्रे गर्दै छ। कम्पनीले पहिलो खण्डमा धसिएको कलंकीतर्फको सडक बनाउनेछ।

■ विश्व बैंकको अनुदान ऋणमा पुनर्निर्माण सुरु

सडक धसिएको र चर्किएको गुनासो आएपछि डिभिजन कार्यालयको इन्जिनियरले अध्ययन गरेका थिए। अध्ययनका क्रममा कालोपत्रेमुनिको बेसमा त्रुटि फेला परेको थियो। उक्त त्रुटि सच्याउँदै पुनः निर्माणका लागि विश्व बैंकले सहुलियत ऋण दिएको डिभिजन कार्यालय प्रमुख नारायण निहुरेले जानकारी दिए। उनका अनुसार त्यतिवेलाको डिजाइन फल्ट पनि देखिएको छ। 'सडकको डिजाइनदेखि स्ट्रक्चरसम्ममा कमजोरी देखियो, चर्केने, फुट्ने र धसिने भएपछि मर्मत थालेका हौं,' उनले भने, '२० दिनभित्र कालोपत्रे भइसक्छ।'

चक्रपथ विस्तार आयोजनाले कन्टेक-खरी ढुंगा जेभीलाई २८ असार ०७४ मा ठेक्का दिएको थियो। दुईपटक म्याद थपेर उक्त कम्पनीले ६ असार ०७६ मा निर्माण सकेको थियो। त्यतिवेला आयोजनाले सडकको क्षेत्रफल र निर्माणको गुणस्तर नापजाँच गरी ठेकेदार कम्पनीलाई अन्तिम भुक्तानी गरेको थियो। तर, एक दशमलव सात किलोमिटर उक्त सर्भिस लेनको एक किमि भने तीन वर्षमै 'फेलियर' भयो।



कलंकी-बल्खु खण्डको एक किलोमिटर सर्भिस लेन धसिएपछि पुनः मर्मतका लागि भत्काइँदै।

आयोजनाकी सूचना अधिकारी सुमित्रा अधिकारीले चिनियाँ कम्पनीकै डिजाइनअनुसार सर्भिस लेन निर्माण गरिएको दाबी गरिन्। 'हाल भत्काइएको खण्ड पनि चिनियाँ डिजाइनअनुसार नै काम भएको हो, तर तीन वर्षमै चर्कियो,' उनले भनिन्। उनले पुरानो ठेकेदारलाई कारबाही गर्ने र त्यतिवेलाको निर्माण प्रक्रियाबारे आफूलाई थाहा नभएको बताइन्।

■ मुआब्जाको विवादले रोकियो साइड लेन विस्तार

सातदोबाटो-कलंकी खण्डको चक्रपथ विस्तारका क्रममा मुआब्जा नदिई घर भत्काउन थालेपछि स्थानीयले अदालतमा निवेदन दर्ता गरेका थिए। उच्च अदालत पाटनले मुआब्जा नदिई साइड लेन विस्तार नगर्न तत्काल आदेश जारी गरेको थियो।

यस खण्डमा साइड लेन विस्तार हुन नसक्नुको कारण मुआब्जा विवाद र बजेट अभाव रहेको आयोजनाले जनाएको छ। आयोजनाकी सूचना अधिकारी सुमित्रा अधिकारीले साइड क्लियर नहुँदा विस्तार गर्न नसकिएको जानकारी दिइन्। साइड लेन विस्तार गर्न कम्तीमा २० करोड बजेट लाग्छ। आयोजनाले यसका लागि बजेट नै नछुट्याएको उनले बताइन। सातदोबाटो क्षेत्रमा २० घर र बल्खु-कलंकी क्षेत्रमा पाँचवटा घरको मुआब्जा दिन बाँकी छ। आयोजनाले कलंकी-महाराजगन्ज क्षेत्रमा भने काम सुरु गरेको छ। चिनियाँ पक्षले भित्री लेन निर्माण सुरु गर्ने सहमति जनाएपछि नेपाल पक्षले साइड लेन, वाल लगाउने, ढल व्यवस्थित गर्नेलगायत काम सुरु गरेको हो।

साइड लेन विस्तार नहुनु र मुख्य सडकको पिच पनि भत्काउँदा यतिवेला चक्रपथ अस्तव्यस्त बनेको छ। त्यस्तै, यही सडकमा 'फ्लाई ओभर' राख्न ग्वार्को-बालकुमारीको मुख्य लेन भत्काइएको छ।

● **नारायण निहुरे**, प्रमुख, सडक डिभिजन कार्यालय, काठमाडौं



पहिला भएको त्रुटि सच्याउँदै पुनर्निर्माणका लागि विश्व बैंकले सहुलियत ऋण दिएको छ। त्यतिवेलाको डिजाइन फल्ट देखिएको छ। सडकको डिजाइनदेखि स्ट्रक्चरसम्ममा कमजोरी देखियो। चर्केने, फुट्ने र धसिने भएपछि मर्मत थालेका हौं। २० दिनभित्र कालोपत्रे भइसक्छ।

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एनआईबिएल सहभागिता फण्ड

(नेपाल धितोपत्र बोर्डबाट २०७६/०१/०९ मा योजना संचालन अनुमति प्राप्त)

२०७९ फाल्गुण मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०७९ फाल्गुण मसान्त रकम (रु.)	२०७९ माघ मसान्त रकम (रु.)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	सूचीकृत शेयर	५४,९०,४४,३११	४८,८६,९३,९५१
२	बैंक मुद्दती निक्षेप	२०,८०,००,०००	१९,६५,००,०००
३	ऋणपत्र /बन्ड	१०,०१,५७,८१०	१०,०१,५७,८१०
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/ बोनस शेयर /अन्य सूचीकृत नभएको	१५,९७,६१,३९०	१४,९२,४१,२४६
	जम्मा	**१,०१,६५,६३,५११**	**५३,४५,५३,००७**
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	बैंक मौज्दात	४२,६९,८२,९१५	४३,४१,२३,०६८
२	अन्य सम्पत्ति	१,७७,०२,००७	८१,४६,५०२
	जम्मा	**४४,४६,८४,५२२**	**४४,२२,६५,५७०**
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु.)	मूल्य (रु.)
१	अन्य दायित्व	३,६४,०९,५१९	२,६८,७०,९८७
	जम्मा	**३,६४,०९,५१९**	**२,६८,७०,९८७**
	खुद सम्पत्ति (ग्रस)	**१,४२,५२,३८,५१४**	**१,३४,४५,५१,५८४**
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३२,५१,८२९	१५,५५,२६४
	कोष सुपरिवेक्षक शुल्क	२,६९,११६	१,२८,७११
	खुद सम्पत्ति	**१,४२,१७,१७,५६५**	**१,३४,८३,७७,६१४**
	जम्मा इकाई	१३,८९,०६,८९८	१२,८८,७७,६२२
	प्रति इकाई खुद मूल्य	**१०.२४**	**१०.४६**

आय व्यय विवरण

क्र.सं.	विवरण	२०७९ फाल्गुण मसान्त रकम (रु.)	२०७९ माघ मसान्त रकम (रु.)
१	प्राप्त भइ सकेको आम्दानी	४,३४,३०,८५२	३,७५,७०,४९९
२	प्राप्त भइ नसकेको आम्दानी	(१,३२,९१,६८१)	२,०८,६९,९७६
	जम्मा आम्दानी	**३,०१,३५,१७१**	**५,८४,४०,४७५**
१	प्रकाशन, सूचिकरण तथा अन्य खर्च	२०,०४,१४९	१९,२३,७३८
२	योजना लेखापरीक्षण शुल्क	७४,६११	६५,३२३
३	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	९४,१८,९६६	७७,२२,४०१
४	कोष सुपरिवेक्षक शुल्क	७,७९,५०१	६,३९,०९६
	जम्मा खर्च	**१,२२,७७,२२७**	**१,७३,५०,५५८**
	कुल आय/(व्यय)	**१,७८,६१,५४४**	**४,८०,८५,५१७**

नोटः • सामुहिक लगानी कोष नियमावली, २०६७ तथा सामुहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मूल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएकोछ।
• योजनाको २०७९ फाल्गुण मसान्तसम्मको सूचिकृत तथा सूचीकृत नभएका शेयर, डिबेन्चर तथा मुद्दती निक्षेपमा भएको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन समेत) रु.१,१२,९२,४१,७६२ रहेको छ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

	वाणिज्य बैंक समूह		
सि.नं.	विवरण	संख्या	मूल्यांकन रकम
१	प्रभु बैंक लिमिटेड	५५,६११	१०,२३२,४२४
२	कुमारी बैंक लिमिटेड	२१,७८४	३,८७७,५५२
३	सिद्धार्थ बैंक लिमिटेड	६२,६६७	१७,१०८,०९१
४	ग्लोबल आईएमई बैंक लिमिटेड	२२,८१८	४,२५३,२७५
५	नबिल बैंक लिमिटेड	३६,२४५	२२,६५३,१२५
६	प्राईम कमर्सियल बैंक लिमिटेड	६३,८२३	१२,८७९,४८१
७	माछापुच्छे बैंक लिमिटेड	२५,३००	५,७६५,८७०
८	एनआईसी एसिया बैंक लिमिटेड	७२,५३४	५५,४१५,९७६
९	नेपाल बैंक लिमिटेड	७६,४६४	२०,२९३,५४६
१०	एन एम बि बैंक लिमिटेड	३९,३३९	८,६८२,११७
११	सेन्चुरी कमर्सियल बैंक लिमिटेड	२४,९३९	४,९७५,३३१
१२	नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड (साविकको मेगा बैंक लि.)	३०,३६६	५,९२१,३७०
१३	हिमालयन बैंक लिमिटेड	२३,३९२	५,४३१,६२२
	विकास बैंक समूह		
१	मुक्तिनाथ विकास बैंक लिमिटेड	५९,३२४	२३,४९२,३०४
२	गरिमा विकास बैंक लिमिटेड	५७,६७८	२०,५३३,३६८
३	ज्योति विकास बैंक लिमिटेड	५,३७७	१,४७३,२९८
४	शाइन रेसुन्गा डेभलपमेन्ट बैंक लिमिटेड	६३,०७५	२१,५०८,५७५
५	कामना सेवा विकास बैंक लिमिटेड	१४,७७४	४,४१९,२३६
६	लुम्बिनी विकास बैंक लिमिटेड	४३,४८५	१४,६६३,१४२
	फाइनान्स समूह		
१	आइ.सि.एफ.सि फाइनान्स लिमिटेड	२२,६०१	९,७०७,१३०
२	गुडविल फाइनान्स लिमिटेड	१९,९६६	९,३६४,०५४
३	मञ्जुश्री फाइनान्स लिमिटेड	३३,०३२	१४,९३०,४६४
	जलविद्युत समूह		
१	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१४,५८४	४,५७९,३७६
२	रसुवागढि हाईड्रोपावर कम्पनी लिमिटेड	१८,१४६	५,५५२,६७६
३	अरुण काबेली पावर लिमिटेड	१४,०३६	५,७४०,७२४
४	माउन्टेन इनर्जी नेपाल लिमिटेड	१०,१९०	७,८८७,०६०
५	साहस उर्जा लिमिटेड	१६,६४२	९,०३६,६०६
६	रिडी पावर कम्पनी लिमिटेड	२५,०३५	८,६१२,०४०
७	शुभम पावर लिमिटेड	५०३	२१४,५३०
	जीवन बीमा समूह		
१	प्राइम लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१३,५६७	५,६०३,१७१
२	लाइफ इन्स्योरेन्स कर्पोरेसन लिमिटेड	६,८०८	९,३५५,६३१
३	नेशनल लाईफ इन्स्योरेन्स कं. लिमिटेड	३८,५१८	२१,६४७,११६
४	सूर्यज्योति लाइफ इन्स्योरेन्स लिमिटेड	२०,२९९	९,४१८,७३६
	निर्जिवन बीमा समूह		
१	नेको इन्स्योरेन्स कम्पनी लिमिटेड	२६,१०४	१९,८६५,१४४
२	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	१४,७०७	१०,९५६,७१५
३	प्रिमियर इन्स्योरेन्स कम्पनी लिमिटेड	१५,२९०	९,५४०,९६०
४	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	१०,६६५	४,५२१,९६०
५	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	२००	२,६१२,८००
	लघुवित्त समूह		
१	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	९,३६४	७,६७८,४८०
२	डिप्रोसस लघुवित्त वित्तीय संस्था लिमिटेड	११,०९०	७,७६३,०००
३	समाज लघुवित्त वित्तीय संस्था लिमिटेड	१२०	१९,९४५
४	मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड	२,४३५	१,४१२,३००
५	ग्रामिन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	५,५२५	२,७३४,८७५
६	नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड	४,२९८	२,७१६,३३६
७	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड (संस्थापक)	२५,१२५	१५,०६९,०००
८	खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड	१०२	१००,१८४
	होटेल तथा पर्यटन समूह		
१	सोल्टी होटेल लिमिटेड	१०,५००	२,३५२,०००
	लगानी समूह		
१	नेपाल इनफ्रास्ट्रक्चर बैंक लिमिटेड	४,५३०	९९२,०७०
२	नागरिक लगानी कोष	८,३२१	१६,९२४,९१४
	उत्पादन तथा प्रशोधन समूह		
१	हिमालयन डिष्टिलरी लिमिटेड	३,६९६	७,६३५,९३६
२	शिवम् सिमेन्ट्स लिमिटेड	२१,२३९	९,४२७,९९२
	सामुहिक लगानी कोष समूह		
१	एनआईसी एसिया फ्लेक्सी क्याप फण्ड	५००,०००	३,९२०,०००
२	ग्लोबल आईएमई ब्यालन्स फण्ड - १	२५०,०००	१,९४०,०००
३	एनएनबि सुलभ इन्भेष्टमेन्ट फण्ड - २	५००,०००	५,०००,०००
४	सानिमा ग्रोथ फण्ड	७५०,०००	७,५००,०००
	अन्य		
१	नेपाल पुनर्बीमा कम्पनी लिमिटेड	३१,३३०	२३,०३०,६८३
	कुल		**५४५,०४४,३९१**

कोष प्रवर्द्धक: NIMB — नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड, केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाण्डौ। फोन नं: ४२२८२२९, फ्याक्स नं: ४२२६३९९, ४२२८९३७, Email: info@nimb.com.np, Website: www.nimb.com.np

योजना व्यवस्थापक — NIBL ACE CAPITAL — एनआईबिएल एस क्यापिटल लिमिटेड, पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४४२५२८०, फ्याक्सः ४००१०८४, Email: info@niblcapital.com, Website: www.niblcapital.com

एन आई सी एशिया बैंक म्युचुअल फण्ड

अन्तर्गत सञ्चालित

एन आई सी एशिया फ्लेक्सी क्याप फण्ड

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०७४/०१/२५ मा योजना संचालन अनुमति प्राप्त २०७४/०२/३१ देखि २०८६/०२/३० सम्म अवधि भएको ७ वर्ष योजना

२०७९ फाल्गुण मसान्तको खुद सम्पत्ति मुल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	सुचीकृत धितोपत्रमा लगानी		
१	शेयर	४५२,३१३,४१३	३७५,६८८,६८७
२	ऋणपत्र	-	-
	सुचीकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	२८,२४२,५१७	२८,८९९,११८
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१४०,०००,०००	१४०,०००,०००
	कुल लगानी (क)	**६२०,५५५,५३०**	**५४४,५८७,८०४**
	चालु सम्पति		
१	बैंक मौज्दात	४२६,०१४,४८५	५१८,३९६,३८९
२	अन्य सम्पति	९,७००,६००	३,४३५,९६९
	जम्मा (ख)	**४३५,७१५,०८६**	**५२१,८३२,३५८**
	चालु दायित्व		
१	चालु दायित्व	१,५१८,५४३	-
२	भुक्तानी दिनुपर्ने शुल्क	२५,१७७,१४६	४,६०३,५१६
	जम्मा (ग)	**२६,६५५,६५०**	**४,६०३,५१६**
	कूल सम्पत्ति (क+ख-ग)	**१,०२५,५७५,३२७**	**१,०६१,८१६,६४६**
१	योजना व्यवस्थापक शुल्क	१,२६९,३३९	१,२६५,४५३
२	डिपोजीटरी शुल्क	१६९,२४५	१६८,७२७
३	कोष सुपरीवेक्षक शुल्क	८४,६२३	८४,३६४
	खुद सम्पत्ति	**१,०२८,०५२,११५**	**१,०६०,२५८,१०३**
	जम्मा जारी इकाई संख्या	**१०२,०००,०००**	**१०२,०००,०००**
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.०८**	**१०.४०**

२०७९ फाल्गुण मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.)	गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.)
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	४१,९१५,१०४	४१,०९६,५६०
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	(१२,६२३,२२०)	१८,८९६,७१६
	जम्मा आम्दानी	**२५,२९१,८८४**	**५५,५५३,२७६**
	खर्च		
१	सुचना तथा प्रकाशन स्वर्च	९३,०४०	८०,०४०
२	बैंक शुल्क	५५८	५०८
३	योजना व्यवस्थापन शूल्क	१०,२१४,७३८	८,९४५,३९९
४	डिपोजीटरी शूल्क	१,३६१,९६५	१,१९२,७२०
५	कोष सुपरीवेक्षक शूल्क	६८०,९८३	५९६,३६०
६	योजना लेखा परीक्षण शूल्क	६६,६६७	५८,३३३
७	सिडिएससि वार्षिक शूल्क	१७०,०००	१७०,०००
८	बुक बिल्डिङ्ग शूल्क	१०,०००	१०,०००
९	सफ्टवेयर स्वर्च	४१,४३३	४१,४३३
	जम्मा खर्च	**१२,६३५,३८४**	**११,०५४,७४३**
	कूल नाफा/(नोक्सान)	**१६,६५२,५००**	**४८,८५८,४८३**

नोटः १. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०७९ फाल्गुण मसान्तसम्म गरेको लगानीको परल मुल्य (धितोपत्र दलाल कमिशन, कारोबार शूल्क समेत रु. ४९५,९६२,४५६.६२ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ को अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेवसाइट www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
	क) वाणिज्य बैंक		
१	एनएमबि बैंक लिमिटेड	७४,६२८	१६,४७०,४००
२	कृषि विकास बैंक लिमिटेड	६७,०४४	१८,८८६,२९५
३	सानिमा बैंक लिमिटेड	७०,७५९	१७,०५२,९१९
४	लक्ष्मी बैंक लिमिटेड	३६,२००	६,५५२,२००
५	नेपाल बैंक लिमिटेड	७१,५११	१८,९७९,०१९
६	स्टान्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	१५,९९८	८,२३८,९७०
७	प्रभु बैंक लिमिटेड	६६,०००	१२,१४४,०००
८	एभरेष्ट बैंक लिमिटेड	२७,९९६	१४,३३१,१५२
९	प्राइम कमर्सियल बैंक लिमिटेड	७४,६४५	१५,०६३,३६१
१०	माछापुच्छे बैंक लिमिटेड	४६,०००	१०,४८३,४००
११	नबिल बैंक लिमिटेड	३४,३०५	२१,४४०,६२५
	ख) विकास बैंक		
१	गरिमा विकास बैंक लिमिटेड	५६,६००	२०,१४९,६००
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	५५,५०४	२१,९७९,५८४
३	महालक्ष्मी विकास बैंक लिमिटेड	५९,००४	१८,५८६,२६०
४	शाइन रेसुन्गा डेभलपमेण्ट बैंक लिमिटेड	३९,५२९	१३,४७९,३८९
	ग) जीवन विमा कम्पनी		
१	एसियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	४०,२९८	२५,३८३,७१०
२	नेशनल लाईफ इन्स्योरेन्स लिमिटेड	२५,१९५	१४,१५९,५९०
	घ) निर्जीवन विमा कम्पनी		
१	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	८,९३०	५,८४०,२२०
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	४,९९७	२,५७३,४५५
३	आई एम ई जेनुरेन्स लिमिटेड	५,०००	२,०९५,०००
४	प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	५,०००	२,०१५,०००
	ङ) हाइड्रोपावर कम्पनी		
१	चिलिमे जलविद्युत कम्पनी लिमिटेड	४८,५९४	२२,७४१,९९२
२	बुटवल पावर कम्पनी लिमिटेड	४८,९३९	१५,६६०,४८०
३	अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड	१,११५	४६३,८४०
४	अपर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड	१,४५५	५१५,०७०
५	शवेत गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड	१,७७६	७१२,१७६
६	राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड	१,८८४	६४४,३२८
७	मन्दाकिनी हाइड्रोपावर लिमिटेड	८७४	३४०,५१०
८	सयपत्री हाइड्रोपावर लिमिटेड	५३६	२४१,२००
९	पिपुल्स पावर लिमिटेड	१,८३२	५६७,९२०
१०	सिक्लेस हाइड्रोपावर लिमिटेड	८५४	३८९,४२४
११	इष्टर्न हाइड्रोपावर लिमिटेड	४९८	२२३,५०२
१२	पिपुल्स हाइड्रोपावर लिमिटेड	४,१५१	१,५१५,५३०
१३	बारही हाइड्रोपावर पब्लिक लिमिटेड	४१२	२२८,२४८
१४	सान्जेन जलविद्युत कम्पनी लिमिटेड	१३,४५०	४,२२३,३००
१५	सानिमा माई हाइड्रोपावर कम्पनी लिमिटेड	१९,९९६	६,३२०,७३६
१६	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड	२०,०००	६,१२०,०००
१७	सुपरमादी हाइड्रोपावर लिमिटेड	१,५५२	६००,६२४
	च) म्युचुअल फण्ड		
१	ग्लोबल आइएमई ब्यालेन्सड फण्ड - १	५००,०००	३,८८०,०००
२	एनएमबि शुलभ इन्भेष्टमेण्ट फण्ड २	३००,०००	३,०००,०००
३	सानिमा ग्रोथ फण्ड	१,५००,०००	१५,०००,०००
४	नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड ग्रोथ फण्ड	२,०००,०००	२०,०००,०००
	छ) लघुवित्त वित्तीय संस्था		
१	आरएमडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,९९४	१९,५२८,६१९
२	निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,९९६	१३,२२७,४८०
३	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	१४,७२७	१२,०७६,१४०
४	अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड	७२५	४५८,९२५
५	धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड	२४६	२१४,०२०
६	खप्तड लघुवित्त वित्तीय संस्था लिमिटेड	९८	९६,२५६
७	श्रीजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड	२९२	४३६,५४०
८	आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड	२०,०००	१०,२५८,०००
	ज) लगानी		
१	नागरिक लगानी कोष	३,३०६	६,७२४,४०४
	जम्मा	५,४३४,४४५	४५२,३९३,४१३

कोष प्रवर्द्धक: NIC ASIA — एन आई सी एशिया बैंक लिमिटेड, रजिष्टर्ड कार्यालय: ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११, फोन नं. ९७७-१-५१९९७७७/७८/८८, फ्याक्सः ९७७-१-५१९९५८०, टोल फ्री नं.: १६८०-०१-००७७१

योजना व्यवस्थापक/डिपोजिटरी: NIC ASIA CAPITAL — एन आई सी एशिया क्यापिटल लिमिटेड, तेस्रो तल्ला, सिद्धामे इन्फोटेन्स भवन, बबरमहल, काठमाडौं, फोन: ९७७-१-५७०५९२४, फ्याक्सः ९७७-१-५७०५४५८, Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

कुमारी बैंक लिमिटेड शाखा कार्यालय भैरहवा, रुपन्देहिको धितोमा रहेको सम्पति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/१२/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय भैरहवा, रुपन्देहिबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति **२०७९ चैत्र २० गते सोमबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय भैरहवा, रुपन्देहिमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय भैरहवा, रुपन्देहीमा मिति २०७६/०५/१६ मा प्रा.फ.र.नं.४५०८०/०७६/७७ कायम भई दर्ता रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./गा.वि.स. वडा नं. १३ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू स्ट्रोङ्ग आल्मुनियम**।

सञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. तेज बहादुर श्रेष्ठको नातिनी, टेक बहादुर श्रेष्ठ/गणेश कुमारी श्रेष्ठको छोरी, गोपाल बहादुर श्रेष्ठको बुहारी, पूर्ण बहादुर श्रेष्ठको पत्नी, रुपन्देही जिल्ला, सि.न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सि.न.पा., वडा नं. १३ बस्ने **शान्ती देवी श्रेष्ठ** (ना.प्र.नं. १११४२, जारी मिति २०४५/०८/१५, जिल्ला प्रशासन कार्यालय रुपन्देही)।
२. खड्क बहादुर श्रेष्ठको नातिनी, विक्रम सिंह श्रेष्ठ/रजनी के.सी.को छोरी, पूर्ण बहादुर श्रेष्ठ/शान्ती देवी श्रेष्ठको बुहारी, शुस

टिआरसी संसद्मा, संशोधन राख्न ७२ घन्टा समय

सर्वस्वीकार्य संशोधन हुनुपर्नेमा एमाले र राप्रपाको जोड, द्वन्द्वको पुनरावृत्ति नहुने गरी समाधान गर्नुपर्ने सत्तापक्षको भनाइ

● **कमलराज भट्ट**/नयाँ पत्रिका

सैद्धान्तिक छलफल सकिएलगत्तै संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा संशोधन प्रस्ताव राख्न ७२ घन्टाको समय छुट्याइएको छ। आइतबार सैद्धान्तिक छलफलमा सत्तापक्षमा रहेका अन्य दलहरूले शान्ति सम्झौता र सर्वोच्च अदालतले गरेको निर्देशनलाई समेत ध्यान दिएर कानुन बनाइने बताएका छन्। एमाले, राप्रपा र नेमकिपाले संशोधनमा जोड दिएका छन्।
प्रतिनिधिसभा वेबसाइटमार्फत सर्वसाधारणले पनि संशोधन राख्न पाउनेछन्।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न सरकारले प्रतिनिधिसभामा प्रस्तुत गरेको (तेस्रो संशोधन) विधेयकमा संसद्मा प्रतिनिधित्व गर्ने दलहरू विभाजित देखिए। कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले राजनीतिक दलगत आग्रहभन्दा माथि उठेर संक्रमणकालीन न्यायलाई साझा स्वामित्वको विषय बनाउनुपर्ने बताए। 'पीडितहरूलाई मलम लगाउने र द्वन्द्वको पुनरावृत्ति नहुने गरी मिलेर जाउँ,' उनले भने।

कांग्रेस प्रमुख सचेतक रमेश लेखकले विस्तृत शान्ति सम्झौताको स्पिरिटमा सबै दल सहकार्य, संवाद र समझदारीमा अघि बढ्नुपर्ने बताए। 'यो राष्ट्रको साझा विषय हो। सत्य अन्वेषण, न्याय, परिपूरण र द्वन्द्वको पुनरावृत्ति नहुने सुनिश्चितता यो विधेयकले गर्छ। संक्रमणकालीन न्यायलाई ठीक ढंगले टुंग्याउँछ। सबै पीडालाई सम्बोधन गर्छ। पीडितलाई न्याय दिन्छ। त्यसैले छिटोभन्दा छिटो पारित गर्नुपर्छ,' उनले भने।

द्वन्द्वमा श्रीमान् गुमाएकी कांग्रेस सांसद मैना कार्कीले भने हत्यालाई वर्गीकरण गर्ने प्रावधान सच्याउन माग गरेकी थिइन्। 'हत्या वर्गीकरण गरिएको छ। क्रूर हत्या र सामान्य हत्या कसरी नापिन्छ ? मलाई बताइदिनुपऱ्यो। परिभाषा सच्याइयोस्। हत्या जघन्य अपराध नै हो,' उनले भनिन्।

माओवादीका उपमहासचिव शक्ति बस्नेतले संक्रमणकालीन न्यायलाई फौजदारी न्याय प्रक्रियासँग तुलना गर्न नमिल्ने बताए। 'यो शान्तिसँगै संविधानको विषय हो। सामाजिक र संरचनागत सुधारसँग जोडिन्छ। विशिष्ट अवस्था हो,' उनले भने, 'यो विधेयकले समस्या थाती राख्ने, समाधान र न्याय नदिने कुरा गरेको छैन।' बस्नेतले विगतमा समिति, सरकार, सरोकारवालासँग व्यापक छलफल भएको विधेयकलाई सरकारले जुन तदारुकताका साथ ल्याएको र त्यही हिसाबमा सदनले लिने विश्वास व्यक्त गरे।

माओवादी प्रमुख सतेचक हितराज पाण्डेले संक्रमणकालीन न्यायलाई देशको मौलिक शैलीबाटै टुंग्याउनुपर्ने बताए। 'सत्य स्थापित, पीडितलाई परिपूरण, न्याय निरूपण र अब फेरि द्वन्द्व नआउने अवस्थामा यसलाई हेर्नुपर्छ। संक्रमणकालीन न्याय र फौजदारी कानुनको भिन्नता हेर्नुपर्छ। व्यापक छलफल गरेर छिटो टुंगोमा पुऱ्याउनुपर्छ। बेपत्ता परिवार र घाइतेलगायत द्वन्द्वकालीन परिवारको घाउमा मलम लगाउँ। गम्भीर ढंगले जाउँ,' उनले भने। सांसद माधव सापकोटाले भावना र उत्तेजनामा बहकिएर संक्रमणकालीन न्याय सम्बोधन नहुने भएकाले दृढताका साथ अघि बढ्नुपर्ने बताए।



संवैधानिक परिषद्मा एकमत

संक्रमणकालीन न्यायसम्बन्धी कानुन संशोधनमा विभाजित दलहरू संवैधानिक परिषद्सम्बन्धी कानुनमा एकमत देखिए। न्यायालयको नेतृत्व लामो समयदेखि रिक्त रहेको, कामुको भरमा चलिरहेको, अध्यादेश अस्वीकृत हुँदा कानुनी रिक्तता रहेकाले संवैधानिक परिषद्सम्बन्धी विधेयक छिटोभन्दा छिटो पारित सत्ता र प्रतिपक्षी सांसदको जोड थियो। सांसदहरूले संवैधानिक निकायमा भागबन्डाभन्दा क्षमता र दक्षताका आधारमा नियुक्ति हुनुपर्ने धारणा राखेका थिए। प्रतिनिधिसभामा प्रस्तुत संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयकमा ६ सदस्यीय परिषद्मा चारजनाको उपस्थितिमा निर्णयमा हुन सक्ने व्यवस्था प्रस्ताव गरिएको छ।

एमालेका रघुजी पन्तले संक्रमणकालीन न्याय टुंग्याउन सरकार गम्भीर नभएको आरोप लगाउँदै भारा टार्नकै लागि हतारमा कानुन बनाउन खोजिएको टिप्पणी गरे। द्वन्द्वमा मारिएको व्यक्तिलाई सहिद घोषणा गरिएको र जनयुद्ध दिवस मनाउने नाममा सार्वजनिक बिदा दिएकोमा उनले आपत्ति जनाए। विद्रोही पक्षका केही मान्छेलाई जोगाउने नाममा १६ वर्षसम्म संक्रमणकालीन न्याय टुंग्याउन तदारुकता नदेखाएको भन्दै पन्तले विधेयकमा संशोधन नभए द्वन्द्व बल्झिने चेतावनी दिए। 'पीडित र अगुवाले असन्तुष्टि जनाएका छन्। कतिपय प्रावधान सर्वोच्चको नजिरविपरीत छन्। सबैलाई स्वीकार्य हुने ढंगले संशोधन भएन भने समस्या समाधान हुँदैन,' उनले भने।

एमाले प्रमुख सचेतक पदम गिरीले प्रतिपक्षीसँग सल्लाह नगरी शान्ति प्रक्रिया टुंग्याउने आडम्बर सत्तापक्षमा देखिएको आरोप लगाए। पटकपटक सत्तामा जाँदा पनि माओवादीले संक्रमणकालीन न्यायको टुंग्याउन नचाहेको र पीडितको पक्षमा आवाज उठाउँदा गणतन्त्र, संघीयता, समावेशीताको दुहाइ दिएर निरुत्साहित गर्ने गरेको उनको भनाइ थियो। 'पीडितलाई न्याय दिएर मात्र शान्ति प्रक्रिया टुंग्याउनुपर्छ। होइन भने अन्तर्राष्ट्रिय कानुन, जेनेभा सन्धिको विपरीत हुन जान्छ। यस्तो काम हुन सक्दैन। संसारको मानचित्रमा नेपाललाई न्याय नदिने राष्ट्रको रूपमा उभ्याउन सक्दैनौं। पीडितलाई न्याय दिने सवालमा सहयोग गर्न तयार छौं,' उनले भने। गिरीले हत्याजस्तो संवेदनशील विषयलाई वर्गीकरण गरिएकोमा आपत्ति जनाए। 'कुनै मान्छेको हत्या गर्दा क्रूरतापूर्वक हुन्छ कि हुँदैन, निर्ममता हुन्छ कि हुँदैन, पीडा हुन्छ कि हुँदैन ? यस्ता कुरालाई गुमराहमा राखेर पीडितलाई न्याय नदिने काम कदापि हुँदैन। त्यसमा ह्याम्रो अडान रहन्छ। यसमा आवश्यक संशोधन राखेर प्रक्रियामा जान्छौं,' उनले भने।

राप्रपाका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले विधेयकलाई पीडकलाई उन्मुक्ति र पीडितलाई झन् पीडा दिने गरी आएको विधेयकमा व्यापक संशोधनको आवश्यकता औंल्याए।

रास्वपाका प्रमुख सचेतक सन्तोष परियारले द्वन्द्व समाज रूपान्तरणको बाहक भएकाले व्यवस्थित रूपले संक्रमणकालीन न्यायलाई टुंग्याउनुपर्ने बताए। 'द्वन्द्वको काँडा मात्रै होइन, फूल पनि हेर्नौं। द्वन्द्व रूपान्तरण हो। परिवर्तन हो। त्यसैले संक्रमणकालीन न्यायलाई राम्रोसित हेरिएन भने व्यवस्थामै प्रश्न उठ्छ। विधिसम्मत न्यायिक प्रक्रिया राज्यले अपनाओस्। विधेयकले यसमा सघाओस्। हामी जिम्मेवार भूमिकामा छौं,' उनले भने।

जसपाका प्रदीप यादवले प्रतिशोधले न्याय नहुने भएकाले माफी र मेलमिलापको दिशामा अघि बढ्नुपर्ने बताए। 'गम्भीर मानव अधिकार उल्लंघनबाहेक मेलमिलाप नै उपयुक्त विकल्प हो। सबै मिलेर विधेयक पास गर्नुपर्छ,' उनले भने। सांसद रेखा यादवले मधेस आन्दोलनका घटनालाई पनि विधेयकमा समेट्न माग गरेकी थिइन्।

एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले संक्रमणकालीन न्यायमा बाधाभन्दा समाधानतिर केन्द्रित हुनुपर्ने बताए। 'द्वन्द्वको पुनरावृत्ति नहुने गरी यो समस्या समाधान गरौं। बाधाको कुरा नगरौं। रक्तपातपूर्ण नेपाल होइन समाधानमा जाऔं,' उनले भने। प्रमुख सचेतक प्रकाश ज्वालाले छिटोभन्दा छिटो छोटो प्रक्रियाबाट विधेयक पारित गरेर सहमतिमा संक्रमणकालीन न्याय टुंग्याउनुपर्ने बताए।

■ दफावार छलफलबाट विधेयकमा आवश्यक संशोधन गर्न सकिन्छ : सञ्चारमन्त्री

सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा सरकारकी प्रवक्ता एवं सञ्चारमन्त्री रेखा शर्माले दफावार छलफलबाट विधेयकमा आवश्यक संशोधन गर्न सकिने बताइन्। 'ढिला भयो, छिटो हुनुपर्छ। न्याय र परिपूरण पाउनुपर्छ। सत्यको अन्वेषण हुनुपर्छ भन्नेमा हामी एक ठाउँमा छौं भन्ने यो छलफलले देखाएको छ,' उनले भनिन्, 'विधेयक छिटो पारित गर्नुपर्छ भन्ने एकरूप भाव हुँदा पनि पीडितले न्याय नपाउने चिन्ता आएको छ। यसमा व्यापक दफावार छलफल गरेर टुंगोमा पुग्छौं।'

कानुन मन्त्रालयले यसअगाडि पीडित र सरोकारवालासँग व्यापक छलफल गरेर सर्वोच्चको फैसला र अन्तर्राष्ट्रिय कानुनको स्पिरिटमा ल्याएको विधेयक नयाँ नभएको जिकिर गर्दै मन्त्री शर्माले संक्रमणकालीन न्यायलाई दुई वर्षभित्र टुंग्याउनुपर्छ भन्ने सरकारको स्पिरिट रहेको बताइन्। 'अधिल्लोपटक व्यापक छलफल गरेर आएकाले अहिले खासै परिवर्तन छैन। आयोगको समयावधि र पुनरावेदनको विषय थपिएको छ। त्यति धेरै हेरफेर गरिएको छैन। नयाँ कुरा होइन। हिजोदेखि



यो राष्ट्रको साझा विषय हो। सत्य अन्वेषण, न्याय, परिपूरण र द्वन्द्वको पुनरावृत्ति नहुने सुनिश्चितता यो विधेयकले गर्छ। संक्रमणकालीन न्यायलाई ठीक ढंगले टुंग्याउँछ। सबै पीडालाई सम्बोधन गर्छ। पीडितलाई न्याय दिन्छ। त्यसैले छिटोभन्दा छिटो पारित गर्नुपर्छ।

● **रमेश लेखक**, प्रमुख सचेतक, कांग्रेस



झारा टार्नकै लागि हतारमा कानुन बनाउन खोजिएको छ। पीडित र अगुवाले असन्तुष्टि जनाएका छन्। कतिपय प्रावधान सर्वोच्चको नजिरविपरीत छन्। सबैलाई स्वीकार्य हुने ढंगले संशोधन भएन भने समस्या समाधान हुँदैन।

● **रघुजी पन्त**, सांसद, एमाले



संक्रमणकालीन न्यायलाई फौजदारी न्याय प्रक्रियासँग तुलना गर्न मिल्दैन। यो शान्तिसँगै संविधानको विषय हो। सामाजिक र संरचनागत सुधारसँग जोडिन्छ। विशिष्ट अवस्था हो। यो विधेयकले समस्या थाती राख्ने, समाधान र न्याय नदिने कुरा गरेको छैन।

● **शक्ति बस्नेत**, उपमहासचिव, माओवादी



द्वन्द्वको काँडा मात्रै होइन, फूल पनि हेर्नौं। द्वन्द्व रूपान्तरण हो। परिवर्तन हो। त्यसैले संक्रमणकालीन न्यायलाई राम्रोसित हेरिएन भने व्यवस्थामै प्रश्न उठ्छ। विधिसम्मत न्यायिक प्रक्रिया राज्यले अपनाओस्। विधेयकले यसमा सघाओस्। हामी जिम्मेवार भूमिकामा छौं।

● **सन्तोष परियार**, प्रमुख सचेतक, रास्वपा

गर्दै आएको टुंग्याउने विषय हो। किन टुंगिएन भन्दा सहमतिको राजनीतिमा अघि बढ्न सकिएन। दुई पक्षबीच आग्रहपूर्वाग्रह राखेर समस्या समाधान हुँदैन। तथ्यमा आधारित सत्य खोज्ने हो। को सत्ता र को प्रतिपक्षी होइन। यो विधेयकलाई टुंगोमा पुऱ्याएर संक्रमणकालीन न्यायलाई निष्कर्षमा पुऱ्याउने एक मात्र विषय हो,' उनले भनिन्। गम्भीर मानव अधिकार उल्लंघन माफीयोग्य नहुने र आममाफीको कल्पना नगरिएको स्पष्ट पार्दै मन्त्री शर्माले पीडितको सहमतिमा मेलमिलापको परिकल्पना गरिएको बताइन्।

लुम्बिनीमा एमाले नेतृत्वको सरकार साढे दुई महिनामै अल्पमतमा

मुख्यमन्त्रीमा कांग्रेस-माओवादी आलोपालो सहमति

● **दीपक बोहरा**/नयाँ पत्रिका

लुम्बिनीमा पनि एमाले नेतृत्वको सरकार धरमराएको छ। गण्डकीमा एमाले नेता खगराज अधिकारी नेतृत्वको सरकारको अल्पमतमा परेको तेस्रो दिन लुम्बिनीमा पनि लीला गिरी नेतृत्वको सरकार धरमराएको हो।

केन्द्रको समीकरणअनुसार आइतबार माओवादी, जसपा र जनमत पार्टीबाट सरकारमा रहेका पाँच मन्त्रीले राजीनामा दिए। र, सात दलसँगै एक स्वतन्त्र सांसदले समर्थन फिर्ता लिएसँगै सरकार अल्पमतमा परेको हो।

लुम्बिनीमा प्रदेश प्रमुख अमिक शेरचनले २७ पुसको ४ बजेभित्र सरकारको नेतृत्वमा दाबी पेस गर्न आह्वान गरेका थिए। प्रदेश सभाका ५८ सदस्यको समर्थनमा २७ पुसमा मुख्यमन्त्री बनेका गिरीलाई अब एमालेका २९ र राप्रपाका चार गरी ३३ सांसदको मात्र साथ छ। लुम्बिनीमा ८७ सांसदमध्ये सभामुखबाहेक ५३ सांसद सरकारको विपक्षमा छन्। लुम्बिनी सरकार गठनका लागि ४४ सांसदको समर्थन आवश्यक पर्छ।

■ मुख्यमन्त्रीमा कांग्रेसका डिल्लीबहादुरलाई अघि सारियो

पाँच वर्षीय कार्यकालमा लुम्बिनी प्रदेशमा पनि आलोपालो नेतृत्वको सहमति जुटेको छ। पहिलो कार्यकाल कांग्रेसले लिने सहमतिअनुसार संसदीय दलका नेता डिल्लीबहादुर चौधरीलाई मुख्यमन्त्रीमा अघि सारिएको छ।

चौधरीलाई मुख्यमन्त्री नियुक्तको माग गर्दै आइतबार नै आठ दल र एक स्वतन्त्र सांसद गरी ५३ जनाले प्रदेश प्रमुख अमिक शेरचनलाई हस्ताक्षर बुझाएका छन्। कांग्रेसका २७, माओवादीका १० (सभामुखबाहेक), नागरिक उन्मुक्तिका चार, जसपा, लोसपा र जनमतका तीन-तीन, एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका एक-एक सांसद तथा एकजना स्वतन्त्र सांसदले हस्ताक्षर बुझाएका हुन्।

माओवादी प्रदेश सभा सदस्य धनबहादुर मास्की (राजेश)का अनुसार कांग्रेस र माओवादीबीच सरकारको नेतृत्व आलोपालो गर्ने सहमति भएको छ। तर, कति-कति समय नेतृत्व गर्ने भन्ने छलफलमै रहेको उनको भनाइ छ।

■ एमाले भन्छ- गलत अभ्यास

एमालेले भने मुख्यमन्त्रीले सदनको सामना नगर्दै नयाँ सरकार गठनका लागि हस्ताक्षर बुझाउनु गलत अभ्यास भएको बताएको छ।

एमालेबाट स्वास्थ्यमन्त्री रहेका विष्णु पन्थी भने मुख्यमन्त्री गिरीले ३० दिनभित्र विश्वासको मत लिने बताउँछन्। यदि विश्वासको मत नपाए ठूलो दलको हैसियतले सरकारको दावी पनि एमालेले गर्ने उनले बताए। विश्वासको मत नपाएमा संविधानको धारा १६८ (३) अनुसार सरकारको दाबी गर्ने उनको जिकिर छ।

समर्थन फिर्ता लिएको ३० दिनभित्र मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने व्यवस्था भएपनि समर्थन फिर्ता लिएकै दिन सरकारको दाबी गर्नु संविधानविपरीत भएको समेत उनले बताए।

अहिलेको सरकार १६८ (२) अनुसारको हो। प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दाबढी दलको समर्थनमा भएको बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभाको सदस्यलाई प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गरेको भन्दै सोही अनुसार गिरी मुख्यमन्त्री बनेको उनको भनाइ छ। गिरीले संसद् फेस गरेमा संविधानको धारा १६८ (३) अनुसार सरकार गठन हुनेछ।

तर, राजीनामा दिएछन् भने संविधानको धारा १६८ (२) बमोजिम सरकार गठन हुन्छ। कांग्रेस संसदीय दलका नेता चौधरी संविधानको धारा १६८ (२) नै सरकार बन्ने अवस्था रहेको बताउँछन्।

■ बालिका मृत्यु प्रकरण

चिकित्सकविरुद्ध जिल्ला अदालतमा मुद्दा दर्ता

काठमाडौं/ बालिका मृत्यु प्रकरणलाई लिएर हिमाल अस्पताल ज्ञानेश्वरमा २२ दिनदेखि धर्ना दिँदै आएका मृतकका आफन्तले आइतबार जिल्ला अदालत काठमाडौं मुद्दा दर्ता गरेका छन्। अस्पतालले लापरबाही गरेकाले मेडिकल लापरबाही दुष्कृतिअन्तर्गतको मुद्दा दर्ता भएको हो। आफन्तले उपचारमा संलग्न चिकित्सकलाई कारबाही र क्षतिपूर्ति माग गरेका छन्।

प्रशासनिक र कानुनी बाटोबाट न्याय माग्न सुरु गरिएकाले अब अस्पतालमा धर्ना नदिइने मृतक बालिकाका बुबा गंगा गौतमले जानकारी दिए। 'अस्पतालले हाम्रो कुरा सुन्दैसुनेन, उनीहरूको गल्ती लुकाउने गरी हामीले सहमति गर्न चाहन्नौं,' उनले भने, 'बरु कानुनी रूपमा अघि बढ्छौं,' उनले भने। अस्पताल प्रशासनले आफूहरूका माग बेवास्ता गरेकाले अदालती प्रक्रिया सुरु गरिएको उनको भनाइ छ।

मोरङ-पथरी घर भएकी २८ महिने बालिका प्रशंसा गौतमको उपचारका क्रममा २६ माघमा मृत्यु भएको थियो। चिकित्सकको लापरबाहीले मृत्यु भएको भन्दै बालिकाका आफन्त धर्नामा बस्दै आइरहेका थिए। गत २३ माघमा सामान्य रुघाखोकी र ज्वरो आएकी बालिकालाई उनका बुबा गंगा गौतमले उपचारका लागि हिमाल अस्पताल लगेका थिए।

■ खल्ती वालेटका दुई कर्मचारी पक्राउ

काठमाडौं/ कम्पनीको रकम हिनामिना गरेको आरोपमा मोबाइल वालेट कम्पनी खल्तीका दुईजना कर्मचारी पक्राउ परेका छन्। नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले सन्देश स्वाँर र अनिल कार्कीलाई पक्राउ गरेको हो। उनीहरूमाथि करिब ७० लाख रुपैयाँ हिनामिनाको आरोप छ। कम्पनीले नै दिएको उजुरीका आधारमा उनीहरू पक्राउ परेको सिआइबीले जनाएको छ। मोबाइल वालेटमा होल्डमा हुने कारोबारको हिसाब मिलाउन बनाइएको फन्डको रकम उनीहरूले डिजिटल कारोबारमार्फत आफूले प्रयोग गरी कम्पनीलाई ठगी गरेका हुन्। ठूलो रकम हिनामिना भएपछि कम्पनीले प्रहरीमा उजुरी गरेको थियो।

■ सेनाको ट्रक पल्टिँदा तीन घाइते

भरतपुर/ मुग्लिन-नारायणगढ सडकखण्डमा नेपाली सेनाको ट्रक पल्टिँदा तीनजना घाइते भएका छन्। भैरवनाथ गण काठमाडौंको लु.१ग १० ९ नम्बरको ट्रक आफैं अनियन्त्रित भई आइतबार भरतपुर महानगरपालिका- २ ९ घुमाउनेमा पल्टिएको हो। ट्रकमा सवार १४ जनामध्ये कृष्ण प्याकुरेल, उत्तम कार्की र केआई सिंह घाइते भएको जिल्ला प्रहरी कार्यालय चितवनले जानकारी दिएको छ। उनीहरूलाई उपचारका लागि भरतपुरस्थित कलेज अफ मेडिकल साइन्सेज (पुरानो मेडिकल कलेज)मा लगिएको थियो।

संगठनको आन्तरिक शुद्धीकरण मूल प्राथमिकता : आइजिपी कुँवर

सहकर्मी अधिकृतलाई कुनै पनि पूर्वाग्रह र स्वार्थविना मिलेर अघि बढ्न आग्रह

काठमाडौं/ नवनियुक्त प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले प्रहरी संगठनको आन्तरिक शुद्धीकरण आफ्नो कार्यकालको पहिलो र मूल प्राथमिकता रहेको बताएका छन्। अहिले संगठनसामु समस्याका चाङ रहेको, संगठनको दुर्बल र सबल पक्षलाई सामूहिक रूपमा पहिचान गरी त्यसका निदानका उपाय अवलम्बन गर्नुको टड्कारो आवश्यकता रहेको उनको भनाइ छ।

आइतबार प्रहरी प्रधान कार्यालयका पदबहालीपछि निर्देशनमा दिँदै उनले नेतृत्वको एक प्रयासले मात्र समस्याको हल हुन नसक्ने र यसका लागि सामूहिक प्रयास एवं सामूहिक प्रतिबद्धता जरुरी रहेको बताए। कुँवरले प्रहरी संगठनको साख र स्वाभिमान गुम्न नदिने प्रतिबद्धतासमेत व्यक्त गरेका छन्। 'यो संगठनको स्वाभिमान र साख गुम्न नदिन यहाँहरू सबैसँग आ-आफ्नो क्षेत्रबाट रचनात्मक क्रियाशीलताको अपेक्षा गर्दछु। संगठनको हितप्रति केन्द्रित यहाँहरूको प्रयास र योजनाका लागि ढोका सदैव खुला रहने विश्वास दिलाउन चाहन्छु,' उनले भने, 'क्षमता गुमेपछि आत्मविश्वास गुम्छ, आत्मविश्वास गुमाएपछि त्यो संगठनमा आबद्ध व्यक्तिहरूको स्वाभिमान गुम्छ भन्ने कुरा सबैले मनन गर्नुपर्छ।'

नेपाल प्रहरी नागरिक प्रशासनको सबैभन्दा संवेदनशील संस्था भएको, संगठन सदैव जनमुखी, पारदर्शी र कानुनले निर्देशित गरेको मूल्य-मान्यताका आधारमा सञ्चालित हुनुको अर्को विकल्प नभएको उनको भनाइ थियो। गैरव्यावसायिक आचरण र व्यवहार कुनै हालतमा सह्य नहुने बताउँदै प्रहरी महानिरीक्षक कुँवरले भने, 'अपराधीलाई कानुनको दायरामा ल्याउनेलगायत जिम्मेवारी बहनको सिलसिलामा प्रहरी कर्मचारीबाट अकर्मण्यता, लापरबाही र उदासीनता भएमा त्यो कुनै पनि हालतमा क्षम्य हुने छैन।'

साथै, सहकर्मी अधिकृतलाई कुनै पनि पूर्वाग्रह र स्वार्थविना एकै साथ मिलेर, एकढिक्का भएर सांगठनिक दूरदृष्टि बनाएर सँगै हिँड्न कुँवरले अनुरोध गरे। संगठनमा रहेका मातहत दर्जाका प्रहरी कर्मचारीको भलाइका लागि गर्न सकिने सम्पूर्ण प्रयास गर्ने र जुनसुकै प्रहरी कर्मचारीले विनाहिच्किचाहट र व्यवधानका साथ आफ्नो वास्तविकता संगठन प्रमुखसमक्ष राख्न सक्ने मैत्रीपूर्ण व्यवहार र वातावरणको सुनिश्चितता हुने उनको प्रतिबद्धता छ। शुक्रबार महानिरीक्षकमा नियुक्त भएका कुँवरले आइतबार गृहसचिव विनोदप्रकाश सिंहबाट दर्जानी चिह्न लगाएका थिए।



ADMISSION NOTICE 2080

Galaxy Public School invites application for admission to classes Nursery to 6

Date & Time of Admission Tests
Saturdays, 18 Chaitra, 2079 (1 April, 2023)
25 Chaitra, 2079 (8 April, 2023)
Begins from 11:00am at Everest Hall, Galaxy Public School

Galaxy Public School

Please contact school information office for more details or visit us at:
www.galaxy.edu.np
www.facebook.com/OfficialPageGalaxy
admin@galaxy.edu.np
4510076, 4511362
4544325, 4511635
4516060, 4542447
Gyaneshwor, Kathmandu, Nepal

दाइको कुटपिटबाट भाइको ज्यान गयो

लहान/ दाइको कुटपिटबाट सिराहाको सुखीपुर नगरपालिका- ८ मा भाइको ज्यान गएको छ। सामान्य विवाद हुँदा सोही ठाउँका ४२ वर्षीय रामचन्द्र गोसाईंले गत ७ चैतमा ३५ वर्षीय श्यामसुन्दरलाई कुटपिट गरेका थिए। गम्भीर घाइते भएका श्यामसुन्दरको उपचारका क्रममा लहानस्थित प्रादेशिक अस्पतालमा मृत्यु भएको हो। घटनालगत्तै उपचारका लागि विराटनगर पुऱ्याइए पनि त्यहाँ राखेर उपचार गराउन आर्थिक अवस्था कमजोर रहेकाले परिवारले फर्काएर प्रादेशिक अस्पताल ल्याएका थिए।

भाइलाई निर्घात कुटपिट गरेपछि रामचन्द्र फरार भएका थिए। उनलाई प्रहरीले कञ्चनपुर जिल्लाको महेन्द्रनगरस्थित नेपाल-भारत सीमा क्षेत्रबाट पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो। सिराहा प्रहरीका निमित्त प्रवक्ता प्रहरी निरीक्षक शंकरप्रसाद चौधरीका अनुसार गोसाईंलाई कर्तव्य ज्यान मुद्दामा सिराहा जिल्ला अदालतबाट आइतबार सात दिनको म्याद लिई हिरासतमा राखेर अनुसन्धान अघि बढाइएको छ।

सहमतिपछि केएमसीका चिकित्सकले बिरामी हेर्न थाले

काठमाडौं/ अस्पताल प्रशासनसँगको सहमतिपछि केएमसीका चिकित्सकले बिरामी हेर्न थालेका छन्। ड्युटी समय परिवर्तन र कडाइ गरेको भन्दै दुई सातादेखि काठमाडौं मेडिकल कलेज (केएमसी)को इमर्जेन्सीमा कार्यरत आवासीय (रेसिडेन्ड) चिकित्सक आन्दोलित बनेका थिए। उनीहरूले ८ चैतदेखि पेन डाउनसमेत गरेका थिए। अस्पताल प्रशासनले इमर्जेन्सीमा कार्यरत चिकित्सकले माग सम्बोधन गर्ने भएपछि आइतबार सहमति भएको हो।

यसअघि अस्पताल प्रशासनले २४ घन्टा खट्नुपर्ने सूचना जारी गरेको थियो। त्यसलगत्तै एक सय २५ जना चिकित्सक आन्दोलनमा उत्रिएका हुन्। आफूहरूका माग सम्बोधन गर्ने र सेवा-सुविधा दिने सहमति भएपछि काममा फर्किएको एक चिकित्सकले जानकारी दिए। इमर्जेन्सीमा खटिएका चिकित्सक बिरामी नभए वा आवश्यक नपरे ड्युटीमा बस्नुपर्ने नियम अस्पताल प्रशासनले जारी गरेको थियो।

सामान्यतया बिरामीको आवश्यकताअनुसार चिकित्सकहरू ड्युटीमा प्रवेश गरे हुन्थ्यो। तर, २ चैतदेखि अस्पताल प्रशासनले सो दिन इमर्जेन्सीमा तोकिएका चिकित्सकले ड्युटी नसकिएसम्म छाड्न नपाइने बाध्यकारी नियम जारी गरेको थियो। तीन-तीन दिनको फरकमा आवासीय चिकित्सकको ड्युटी इमर्जेन्सीमा पर्छ। जुन दिन ड्युटी परेको छ सो दिन इमर्जेन्सी कक्ष छाड्न नमिल्ने अस्पताल प्रशासनले जारी गरेको नियममा उल्लेख छ। तर, त्यसको विरोध गर्दै चिकित्सकहरूले पुरानै समय-तालिकाअनुसार खटाउन माग गरेका थिए। अस्पताल प्रशासनले उक्त माग सुनुवाइ गर्ने प्रतिबद्धता जनाएको छ।

त्यस्तै, इमर्जेन्सीमा खट्ने चिकित्सकलाई छुट्टै बस्ने रुम पनि दिने सहमति भएको अस्पताल प्रशासनले जनाएको छ।

अस्पतालका निर्देशक केपी शर्माले उपचारमा अवरोध पुग्न थालेको भन्दै चिकित्सकहरूका माग सम्बोधन गर्ने प्रतिबद्धता गरेपछि आन्दोलनरत चिकित्सकहरूले आइतबारदेखि काम थालेका छन्। २ चैतमा ड्युटीमा रहेका आवासीय एक चिकित्सकलाई अस्पताल प्रशासनले निलम्बित गरेको थियो। सो निलम्बन पनि फुकुवा गर्ने सहमति भएको छ। निलम्बित चिकित्सकलाई यथाशीघ्र काममा फर्काउनुपर्ने, मूल्यांकनका आधारमा आवासीय चिकित्सकको पोस्टिङ हुनुपर्ने, आधारभूत सुविधा उपलब्ध गराउनुपर्नेलगायत माग राखिएको थियो।

जनमतले मधेसमा तोक्यो जिल्ला इन्चार्ज

काठमाडौं/ जनमत पार्टीले मधेसका ६ जिल्लामा आफ्नो पार्टीको इन्चार्ज तोकेको छ। जिल्लामा पार्टीको कामकारबाही अगाडि बढाउन र संगठन विस्तार गर्ने गरी जिल्ला समिति गठन गर्न इन्चार्जको जिम्मेवारी तोकिएको सो पार्टीले जनाएको छ।

पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा र सिराहाको इन्चार्ज तोकिएको अध्यक्ष सिके (चन्द्रकान्त) राउतले जानकारी दिए। उनका अनुसार पर्सामा माधवप्रसाद सिंह इन्चार्ज, ओमप्रकाश सर्राफ संयोजक र मुकेश द्विवेदी सहसंयोजक तोकिएका छन्। यसैगरी रौतहटमा वृजकिशोर यादव, सर्लाहीमा श्रीचन राय यादव, महोत्तरीमा सौरभ साह, धनुषामा सुरेन्द्र मण्डल र सिराहामा विनोद यादवलाई इन्चार्जको जिम्मेवारी दिइएको छ।

पृथ्वी राजमार्ग थप १९ दिन बन्द हुने

तनहुँ/ पृथ्वी राजमार्गअन्तर्गत तनहुँको विमलनगरदेखि घाँसीकुवा सडकखण्ड बन्द हुने समय थप गरिएको छ। सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी काशीराम गैरेले उक्त सडकखण्ड थप १९ दिन बन्द गरिने भएको जानकारी दिए। मुग्लिन-पोखरा सडक विस्तार आयोजनाको पूर्वी खण्डअन्तर्गत विमलनगरदेखि घाँसीकुवा खण्डमा मर्मतका लागि १२ देखि ३० चैतसम्म रातिको समयमा चार घन्टा राजमार्ग बन्द गरिने भएको छ। यस क्षेत्रमा भिर कटानको काम अझै बाँकी रहेकाले आइतबार सूचना जारी गरी समय थप गरिएको गैरेले जानकारी दिए। उनका अनुसार यसअघि दुईपटक समय थप गरिए पनि भिर कटान कार्य नसकिएकाले समय थपिएको हो।

लक्ष्मी बैंक लिमिटेडका ऋणी, धितो जमानीकर्ता, व्यक्तिगत जमानतकर्ता तथा ऋणीसँग सम्बन्धित सबैलाई ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीको लागि गोप्य सिलबन्दी वोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना।

(प्रकाशित मिति : २०७९/१२/१३)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको शर्त-सम्झौता बमोजिम समय-समयमा तिर्नु बुझाउनु पर्ने रकम (साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर आदि) चुक्ता भुक्तानी गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले मिति २०७९/०५/०५ गते आईतबारको हिमालय टाइम्स नेपाली राष्ट्रिय दैनिकमा ऋण कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेकोले यो ऋण कर्जा चुक्ता गर्ने तथा धितो लिलाम बिक्रीका लागि गोप्य सिलबन्दी बोलपत्र आव्हान गरेको १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त कर्जाको सम्पूर्ण साँवा व्याज तथा हर्जना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई सम्पुर्ण कर्जा चुक्ता फर्छ्यौट गरी लेखिदिएको धितो फुकुवा गरी लैजानु हुनका लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक लगायत सम्बद्ध सबैलाई बिना अन्य सूचना कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गराउने व्यहोरा जानकारी गराइन्छ। साथै तपसिलमा उल्लेखित धितो सम्पत्ति जे-जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम गोप्य सिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त धितो सम्पत्ति के-कति दर भाउ र मूल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य सिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा दाखिला गर्नु हुन इच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र)औं दिन अर्थात् मिति २०७९/१२/२८ (सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा दिनको ठीक ११.०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, धितो सुरक्षण धनी, जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालक, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम एक प्रतिको रु.१०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने गरी यस बैंकको शाखा कार्यालय भैरहवा, रुपन्देहीमा तथा केन्द्रिय कार्यालय, हात्तीसार, काठमाण्डौमा उपलव्ध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री हुन नसकेमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा जानकारी गराउदै उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणी लगायतका सम्बद्ध व्यक्तिहरुको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरी लिइने वा/तथा कानून बमोजिम कर्जा असुलीको लागि मुद्दा दायर गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ। साथै धितो जमानतकर्ता, व्यक्तिगत जमानतकर्ता, ऋणी फर्म/कम्पनीका शेयरधनी, संचालकले समेत यसै सूचना बमोजिम ऋणीलाई तोकिएको अवधी भित्रमा कर्जा चुक्ता गर्न लगाउनु हुन वा आ-आफ्नो दायित्व बमोजिम कर्जा चुक्ता गर्नुहुन समेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

तपसिल

ऋणीहरुको तथा धितो सुरक्षणको विवरण

१.ऋणीको नाम : प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्रा.फ.दर्ता.नं. ४४६०/०६२/०६३ मिति २०६२/१२/०१ मा दर्ता भई रुपन्देही जिल्ला, तिलोतमा न.पा. वडा नं. १३ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय, भैरहवामा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०१३४७७५० मिति २०६०/०१/०८ मा दर्ता भएको **न्यू लुम्बिनी फुड प्रोडक्ट।**

प्रोपाइटर/धितो जमानतकर्ता : सुरजलाल कसौधनको बुहारी गोवधर्न प्रसाद वैश्य कसौधनको छोरी रमेश चन्द्र कसौधनको पत्नी बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १० भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने श्रीमती जगदम्बीका वैश्य (ना.प्र.नं. ४०० जिल्ला प्रशासन कार्यालय बाँके जारी मिति २०५२/०९/०४)

धितोजमानतकर्ता : दुखीराम कसौधनको नाती सत्यनारायण कसौधनको छोरा रुपन्देही जिल्ला, भगवानपुर गा.पा/न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने सुरजलाल कसौधन (ना.प्र.नं. ३७३०४९/८४ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/०४)

व्यक्तिगत जमानतकर्ताहरु : क) सत्य नारायण कसौधनको नाति सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने बृजेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५७ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१) ख) सत्य नारायण कसौधनको नाती सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने रमेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५६ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१)

धितो सुरक्षणको विवरण : १. ऋणी फर्मका प्रोप्राइटर/धितो जमानतकर्ता जगदम्बीका वैश्यको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला टिकुलीगढ न.पा./गा.पा वडा नं. ९/ग स्थित कित्ता नं. ९६२ को क्षेत्रफल ०-१-२ जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. धितोजमानतकर्ता सुरजलाल कसौधनको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ७ स्थित कित्ता नं. ६१ को क्षेत्रफल १३५.३५ व.मी जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु प्लान्ट तथा मेसिनरी समेत र ऋणीले वजारवाट उठाउँन वाँकी रहेको उधारो लगायतको सम्पुर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

२.ऋणीको नाम : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.नं. ३६९४२/०७२, स्थानिय व्यापार, मिति २०७३/०१/०२ मा दर्ता भई रुपन्देही जिल्ला, ति.न.पा वडा नं. १७ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय भैरहवामा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३८०३७९९ मिति २०७३/०१/०२ मा दर्ता भएको ओम उत्सव भण्डार।
प्रोपाइटर : सत्य नारायण कसौधनको नाती सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने रमेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५६ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१)

धितो जमानतकर्ताहरु : क) दुखीराम कसौधनको नाति सत्यनारायण कसौधनको छोरा रुपन्देही जिल्ला, भगवानपुर गा.पा/न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने सुरजलाल कसौधन (ना.प्र.नं. ३७३०४९/८४ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/०४) ख) सुरजलाल कसौधनको बुहारी गोवधर्न प्रसाद वैश्य कसौधनको छोरी रमेश चन्द्र कसौधनको पत्नी बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १० भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने श्रीमती जगदम्बीका वैश्य (ना.प्र.नं. ४०० जिल्ला प्रशासन कार्यालय बाँके जारी मिति २०५२/०९/०४)

व्यक्तिगत जमानतकर्ता : सत्य नारायण कसौधनको नाति सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने बृजेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५७ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१)

धितो सुरक्षणको विवराण : १. धितो जमानतकर्ता सुरजलाल कसौधनको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ७ स्थित कित्ता नं. ६१ को क्षेत्रफल १३५.३५ व.मी जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. धितो जमानतकर्ता जगदम्बीका वैश्यको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला टिकुलीगढ न.पा./गा.पा वडा नं. ९/ग स्थित कित्ता नं. ९६२ को क्षेत्रफल ०-१-२ जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु प्लान्ट तथा मेसिनरी समेत र ऋणीले वजारवाट उठाउन वाँकी रहेको उधारो लगायतको सम्पुर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

३.ऋणीको नाम : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, रुपन्देहीमा दर्ता नं. प्रा.फ.र.नं. २७१४३/०६८, मिति २०६८/०६/०८ मा दर्ता भई रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ मा रजिष्टर्ड ठेगाना रही आन्तरिक राजश्व कार्यालय भैरहवामा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०५१४१९६७ मिति २०६८/०६/०८ मा दर्ता भएको सुरज हार्डवेयर।

प्रोपाइटर : सत्य नारायण कसौधनको नाती सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने बृजेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५७ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१)

धितो जमानतकर्ताहरु : क) दुखीराम कसौधनको नाती सत्यनारायण कसौधनको छोरा रुपन्देही जिल्ला, भगवानपुर गा.पा/न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने सुरजलाल कसौधन (ना.प्र.नं. ३७३०४९/८४ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/०४) ख) सुरजलाल कसौधनको बुहारी गोवधर्न प्रसाद वैश्य कसौधनको छोरी रमेश चन्द्र कसौधनको पत्नी बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १० भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने श्रीमती जगदम्बीका वैश्य (ना.प्र.नं. ४०० जिल्ला प्रशासन कार्यालय बाँके जारी मिति २०५२/०९/०४)

व्यक्तिगत जमानतकर्ताहरु : क) सुरजलाल कसौधनको बुहारी राम नारायण कसौधनको छोरी बृजेश चन्द्र कसौधनको पत्नी रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने कंचन कसौधन (ना.प्र.नं. ३७-०१-७३-०५५६५ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०७३/०५/२७) ख) सत्य नारायण कसौधनको नाती सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने रमेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५६ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१)

धितो सुरक्षणको विवरण : १. धितो जमानतकर्ता सुरजलाल कसौधनको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा./गा.वि.स वडा नं. ७ स्थित कित्ता नं. ६१ को क्षेत्रफल १३५.३५ व.मी जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. धितो जमानतकर्ता जगदम्बीका वैश्यको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला टिकुलीगढ न.पा./गा.पा वडा नं. ९/ग स्थित कित्ता नं. ९६२ को क्षेत्रफल ०-१-२ जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु प्लान्ट तथा मेसिनरी समेत र ऋणीले वजारवाट उठाउँन वाँकी रहेको उधारो लगायतको सम्पुर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

४.ऋणीको नाम : प्रदेश सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धार्थनगर, रुपन्देहीमा प्रा.फ.नं. २०१०५/०७७/०७८ मिति २०७७/०६/०१ मा दर्ता भई रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा./गा.पा. वडा नं. ६ मा फर्मको ठेगाना भई आन्तरिक राजश्व विभाग, भैरहवामा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०३८०३७९९ मिति २०७६/०१/०२ मा दर्ता भएको लुम्बिनी प्याकेजिङ इण्डस्ट्रीज।

प्रोपाइटर/धिता जमानतकर्ता : सत्य नारायण कसौधनको नाति सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने रमेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५६ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१)

व्यक्तिगत जमानतकर्ताहरु : क) सत्य नारायण कसौधनको नाति सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने बृजेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५७ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१) ख) सुरजलाल कसौधनको बुहारी गोवधर्न प्रसाद वैश्य कसौधनको छोरी रमेश चन्द्र कसौधनको पत्नी बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १० भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने श्रीमती जगदम्बीका वैश्य (ना.प्र.नं. ४०० जिल्ला प्रशासन कार्यालय बाँके जारी मिति २०५२/०९/०४) ग) सुरजलाल कसौधनको बुहारी राम नारायण कसौधनको छोरी बृजेश चन्द्र कसौधनको पत्नी रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने कंचन कसौधन (ना.प्र.नं. ३७-०१-७३-०५५६५ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०७३/०५/२७) घ) दुखीराम कसौधनको नाति सत्यनारायण कसौधनको छोरा रुपन्देही जिल्ला, भगवानपुर गा.पा/न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने सुरजलाल कसौधन (ना.प्र.नं. ३७३०४९/८४ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/०४)

धितोको सुरक्षणको विवरण : १.ऋणी लुम्बिनी प्याकेजिङ इण्डस्ट्रीजको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ०६ स्थित कित्ता नं. १८६, १८७ र ५४ को क्षेत्रफल क्रमशः १३०, २२०.४५ र १८९.७५ व.मी जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। २. प्रोपाईटर/धितो जमानतकर्ता रमेश चन्द कसौधनको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला धकधई न.पा./गा.वि.स वडा नं. ९ ख स्थित कित्ता नं. २२९ को क्षेत्रफल १०२८.६२ व.मी जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। ३. ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु प्लान्ट तथा मेसिनरी समेत र ऋणीले वजारवाट उठाउन वाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

५.ऋणीको नाम : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा सा.फ.र.नं. ८५३/०७६-०७७ समुन्द्रपार, भारत आयात, निर्यात मिति २०७६/१२/०५ मा दर्ता भई रुपन्देही जिल्ला, तिलोत्तमा न.पा.वडा नं. १३ मा फर्मको ठेगाना भई आन्तरिक राजश्व कार्यालय, भैरहवामा स्थायी लेखा नम्बर (पान) ६१३२४६२८६ मिति २०७६/१२/०५ मा दर्ता भएको **लुम्बिनी स्टोर्स।**

साझेदार/जमानतकर्ता : क) सत्य नारायण कसौधनको नाती सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने रमेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५६ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१) ख) सत्य नारायण कसौधनको नाती श्रीलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने दिनेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/७३९ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/१०/१२)

धितो जमानतकर्ताहरु : सत्य नारायण कसौधनको नाति सुरजलाल कसौधनको छोरा रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने बृजेश चन्द कसौधन (ना.प्र.नं. ३७३०२४/४५७ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/२१)

व्यक्तिगत जमानतकर्ताहरु : क) सुरजलाल कसौधनको बुहारी गोवधर्न प्रसाद वैश्य कसौधनको छोरी रमेश चन्द्र कसौधनको पत्नी बाँके जिल्ला, नेपालगन्ज न.पा. वडा नं. १० भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने श्रीमती जगदम्बीका वैश्य (ना.प्र.नं. ४०० जिल्ला प्रशासन कार्यालय बाँके जारी मिति २०५२/०९/०४) ख) सुरजलाल कसौधनको बुहारी राम नारायण कसौधनको छोरी बृजेश चन्द्र कसौधनको पत्नी रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०६ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ०७ बस्ने कंचन कसौधन (ना.प्र.नं. ३७-०१-७३-०५५६५ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०७३/०५/२७) ग) श्रीलाल कसौधनको बुहारी सुरेश चन्द्र कसौधनको छोरी दिनेश चन्द्र कसौधनको पत्नी रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ०२ भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने मन्जु कसौधन (ना.प्र.नं. ९५२६ ईलाका प्रशासन कार्यालय शाखा बुटवल जारी मिति २०५७/०२/३२) घ) दुखीराम कसौधनको नाति सत्यनारायण कसौधनको छोरा रुपन्देही जिल्ला, भगवानपुर गा.पा/न.पा. वडा नं. ०४ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०७ बस्ने सुरजलाल कसौधन (ना.प्र.नं. ३७३०४९/८४ जिल्ला प्रशासन कार्यालय रुपन्देही जारी मिति २०६३/११/०४)

धितो सुरक्षणको विवरण : १. धितो जमानतकर्ता बृजेश चन्द कसौधनको नाममा मालपोत कार्यालय रुपन्देहीका लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला धकधई न.पा./गा.वि.स वडा नं. ९ख स्थित कित्ता नं. २२७ को क्षेत्रफल ११५५.६१ व.मी जग्गा सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२.ऋणीले बैंकलाई लेखिदिएको सरसामानको मौज्दात/स्टकहरु प्लान्ट तथा मेसिनरी समेत र ऋणीले वजारवाट उठाउन वाँकी रहेको उधारो लगायतको सम्पूर्ण चालु तथा स्थिर सम्पत्ति धितोको लागि छुट्टा छुट्टै गरिदिएको हाइपोथिकेशन।

पुनश्च : अन्य जान

कात्तिकमा परदेशी २

नारायण रायमाझीले निर्देशन गरेको फिल्म 'परदेशी २' कात्तिक ३ गतेदेखि प्रदर्शनमा आउने भएको छ। फिल्ममा प्रकाश सपूत, दिलीप रायमाझी, प्रशान्त तामाङ, केकी अधिकारी, वर्षा शिवाकोटी, नीर शाह, सुशील पोखरेल, सविन बास्तोला, रमा थपलिया, भीमा मैनाली, देवेन्द्र बब्लु, रोशनी कार्कीलगायतको अभिनय छ।





हन्टरको प्रमोसन गर्दै सुनील

सुनील सेट्ठी अहिले आफ्नो नयाँ वेब सिरिज 'हन्टर'को प्रमोसनमा व्यस्त छन्। थ्रिलर वेब सिरिज हन्टर ओटिटी प्लेटफर्म अमेजन मिनी टिभीमार्फत रिलिज हुँदै छ। आठ भागको यस शृंखलामा ईशा देवल, राहुल देव, बर्खा विष्ट, स्मिता जयकरलगायतको अभिनय छ। सिरिजमा सुनीलले एक प्रहरी अधिकारीको भूमिका निर्वाह गरेका छन्।

अनियन्त्रित खानपानले निम्त्याउँछ मधुमेह



डा. खेमराज भुसाल
कन्सल्टेन्ट फिजिसियन
त्रिवि शिक्षण अस्पताल

रगतमा चिनीको मात्रा आवश्यकताभन्दा बढी भएको अवस्थालाई मधुमेह भनिन्छ। मधुमेह हाम्रो खराब जीवनशैली तथा खानपानले निम्त्याउने समस्या हो। अस्वस्थ जीवनशैली र शारीरिक व्यायामको अभावका कारण अहिले मधुमेहका रोगी बढिरहेका छन्। हामीले खानपानमा ध्यान दियौं भने मधुमेहबाट बच्न सकिन्छ। उच्च रक्तचाप, गर्भावस्था, मोटोपन तथा शारीरिक परिश्रम कम गर्नेमा मधुमेह देखिने जोखिम धेरै रहन्छ। सामान्यतया उमेर बढ्दै जाँदा रगतमा चिनीको मात्रा गडबड हुने भए पनि युवा अवस्थाका व्यक्तिहरूमा पनि मधुमेहको समस्या देखिएर स्वास्थ्य जटिलता बढिरहेको छ।

मधुमेहका लक्षण

- बारम्बार पिसाब लाग्नु
- निकै प्यास वा भोक लाग्नु
- शरीर धेरै मोटो देखिनु वा असामान्य रूपमा कम हुनु
- आँखाको कालो भागमा सेतो रिंकल देखिनु
- खुट्टाको गोलीगाँठा सुन्निन थाल्नु
- घाँटीमा कालो बस्ने र जति धोए पनि नजाने हुनु
- मुख सुक्खा हुनु

> मधुमेहले अन्य रोगको जोखिम पनि बढाउँछ। मिर्गौलामा समस्या, हृदयाघात, छाला र खुट्टामा संक्रमण, दृष्टिमा समस्या आदिजस्ता दीर्घरोगको मुख्य कारकसमेत मधुमेह बन्दै आएको छ।



खानपानमा ध्यान दिनुस्

खानाको नियमित तालिका नहुँदा वा कति खाने, कसरी खाने, कुन समयमा के खाने भन्ने कुराको ज्ञान नहुँदा ब्यालेन्स बिग्रन्छ। त्यस्तै, बिहान नास्ता नगर्ने बानीले शरीरमा इन्सुलिनको मात्रा नियन्त्रण हुँदैन र 'ब्लडसुगर लेभल'समेत नियन्त्रणमा रहँदैन। यसले पनि मधुमेहको जोखिम बढाउँछ।

त्यसैले कार्बोहाइड्रेट कम भएको खानेकुरा खानुपर्छ। ताजा सागपात, फलफूल खाने गर्नुपर्छ। खानामा रेसादार खाद्यवस्तु धेरै हुनुपर्छ। सलाद र सुप नियमित समावेश गर्नु राम्रो हुन्छ। करेला, जौ, गहुँ, बेसार, मरिच, लसुन, ब्लु बेरी, जामुनलगायत खानामा समावेश गर्नुपर्छ। वेलावेलामा माछा खानुपर्छ, प्रोटिनयुक्त खानेकुरा खानुपर्छ। तर, चिल्लो-पिरो खानुहुँदैन। मधुमेह भइसकेका व्यक्तिले ग्लुकोजजन्य फलफूल खानुहुँदैन। रातो र बोसो भएको मासु खानुहुँदैन। बट्टामा राखिएको अचार खानुहुँदैन। मैदाजन्य खानेकुरा, घ्यू, दहीलगायत खानुहुँदैन। चामल, आलु आदि कम खानुपर्छ। धूम्रपान तथा मद्यपान गर्नुहुँदैन।

दीर्घरोगको कारक

मधुमेहले अन्य दीर्घरोगको जोखिम पनि बढाउँछ। मिर्गौलामा समस्या, हृदयाघात, छाला र खुट्टामा संक्रमण, दृष्टिमा समस्या आदिजस्ता दीर्घरोगको मुख्य कारकसमेत मधुमेह बन्दै आएको छ। यो समस्या प्रत्येक वर्ष बढ्दै गएको विज्ञहरू बताउँछन्। त्यसैले मधुमेहलाई नियन्त्रणमा राख्नका लागि जीवनशैलीमा सुधार ल्याउनुपर्छ। वेलावेलामा रगतमा सुगरको परीक्षण गर्नुपर्छ। यसरी चेकजाँच गर्दा समयमै आफ्नो समस्या पहिचान हुन्छ र उपचार पनि सहज हुन्छ।

पर्याप्त निद्रा र व्यायाम

मधुमेहलाई रोक्नका लागि मोटोपन हुनबाट बच्नुपर्छ। यसका लागि शारीरिक व्यायाम नियमित गर्नुपर्छ। सातामा कम्तीमा पनि एक सय ५० मिनेट व्यायाम गर्नु राम्रो हुन्छ। एरोबिक्स, जिमन्यास्टिक, कार्डियोलगायत गर्न सकिन्छ। योगा गर्दा पनि हुन्छ। सुरुवातमा हल्का व्यायाम गरे पनि बिस्तारै यसको तिव्रतालाई बढाउन सकिन्छ। तर, इन्सुलिन लिइरहेका बिरामीले व्यायाम गर्नुभन्दा पहिले आफ्नो रगतमा ग्लुकोजको स्तर जाँच गर्न जरुरी हुन्छ। त्यसपछि चिकित्सकसँग परामर्श गरेर व्यायाम थाल्नु राम्रो हुन्छ। अत्यधिक निद्रा वा निद्राको कमी दुवैले मधुमेह बढाउन सक्छ। यसले तपाईंलाई अन्य स्वास्थ्य समस्या पनि निम्त्याउँछ। त्यसैले समयमै सुत्ने र समयमै उठ्ने गर्नुपर्छ। तनावले पनि मधुमेह बढाउँछ। त्यसैले अनावश्यक तनाव लिनुहुँदैन। खुसी रहने प्रयास गर्नुपर्छ।

गुलाफको स्याहार यसरी



गुलाफको फूललाई प्रेम, स्नेह र सौन्दर्यको प्रतीक मानिन्छ। त्यसैले प्रेम अभिव्यक्त गर्नका लागि मानिसहरू एकअर्कालाई गुलाफ दिन्छन्। अलग-अलग रङका गुलाफले अलग अर्थ दिन्छ। जस्तो, पहेँलो गुलाफले मित्रता, सेतो गुलाफले सम्बन्धको सुरुवात, रातो गुलाफले प्रगाढ प्रेमको संकेत गर्छन्। गुलाफलाई नर्सरीबाट निकाल्नासाथ तत्काले घरमा ल्याएर गमलामा सार्नुपर्छ। यसलाई साँझको समयमा गमलामा सार्नु राम्रो मानिन्छ। १५ देखि २८ डिग्री सेल्सियस तापक्रम गुलाफ हुर्कनका लागि उपयुक्त हो। यद्यपि, १५ डिग्री सेल्सियसभन्दा कम तापमानमा पनि केही किसिमका गुलाफ हुर्कन्छन्। गुलाफको बिरुवामा रासायनिक मल नभएर जैविक मल प्रयोग गर्नुपर्छ। उमालेको चियाको पत्ता गुलाफ रोपिएको गमलामा हाल्न सकिन्छ। यसले गुलाफलाई हुर्कन मद्दत गर्छ।

प्रयोग : गुलाफको प्रयोग सौन्दर्य सामग्रीमा अत्यधिक हुने गरेको छ। यसले छालासम्बन्धी धेरै रोगको निराकरण गर्छ, छालालाई चम्किलो र मुलायम राख्छ। विभिन्न पफ्युर्म बनाउन यसको प्रयोग हुन्छ। आयुर्वेदमा गुलाफको प्रयोगमार्फत धेरै रोगको उपचार गर्न सकिने उल्लेख छ। यसमा भिटामिन सीको मात्रा पर्याप्त हुन्छ। त्यसैले गुलाफको फूल खाँदा शरीरमा भिटामिन सीको कमी हुँदैन। जोर्नी र हड्डी दुखाइबाट राहत मिल्छ।

'च्छो रोल्पा' कसरी पुग्ने ?



दोलखा जिल्लास्थित 'च्छो रोल्पा ताल' विदेशी तथा स्वदेशी पर्यटकको रोजाइमा पर्ने गन्तव्य हो। हिमाली क्षेत्र भएकाले यहाँ ट्रेकिङ गर्नुको मज्जा बेग्लै छ। गौरीशंकरसहितका मनमोहक हिमशृंखला, विभिन्न हिमाली वन्यजन्तु, चरा तथा वनस्पतिहरू यात्राका क्रममा नियाल्न पाइन्छ। यहाँ काठमाडौंबाट पाँच दिनमा पुग्न सकिन्छ, आठ दिनभित्र फर्केर काठमाडौं नै आइपुग्न सकिन्छ। यद्यपि, हामीले यस स्थानमा जाँदा गतिलो पूर्वतयारी गर्न जरुरी छ। यहाँ कतिपयलाई लेक लाग्ने (अल्टिच्युड सिकनेस)लगायत अन्य विभिन्न स्वास्थ्य समस्या पनि देखिन सक्छन्। त्यसैले हामी सतर्क हुन जरुरी छ। यात्रामा जाँदा औषधि, आवश्यक खानेकुरा तथा कपडा बोक्नुपर्ने हुन्छ।



सञ्जीव गुरुङ
पथप्रदर्शक, ट्रिप हिमालय
ट्रेक्स एन्ड एक्सपिडिसन

पहिलो दिन : काठमाडौं-चरिकोट (दोलखाको सदरमुकाम) हुँदै सिमीगाउँ पुगिन्छ। कतिपयले चरिकोटमै वास बस्ने गरेका छन्। तर, धेरैजसो पर्यटक काठमाडौंबाट हिँडेकै दिन सिमिगाउँ पुग्छन्। र, त्यस दिन सिमीगाउँमै रात बिताउने गर्छन्।

दोस्रो दिन : दोस्रो दिन सिमीगाउँदेखि ग्याल्चे गाउँ पुग्न सकिन्छ। सुमुर्चेबाट करिब दुई घन्टा हिँडेपछि ग्याल्चेमा पुगिन्छ। उकालो र तेर्सो बाटो हुँदै सुमुर्चे पुगिन्छ। यहाँ खाना, खाजा र वासको राम्रो व्यवस्था छ। खुला ठाउँमा भएकाले चारैतिर दृश्यावलोकन गर्न सकिन्छ। छ्योतछ्योत छाँगोपछि झोलुंगे पुल तरेर सिमीगाउँ आउँछ। सिमीगाउँसम्म फराकिलो र व्यवस्थित पैदल मार्ग छ। सिमीगाउँ पुग्नलाई ठाडै उकालो हिँड्नुपर्छ।

तेस्रो दिन : तेस्रो दिन ग्याल्चेबाट खाना खाएपछि यात्रा सुरु हुन्छ। यस दिन चिम्मु गाउँमा पुगेर वास बस्न सकिन्छ। चिम्मुको उचाइ तीन हजार ६ सय ७२ मिटर छ।

चौथो दिन : चिम्मुबाट वेदिङ हुँदै ना गाउँ पुग्न सकिन्छ। ना गाउँ चार हजार एक सय १४ मिटर उचाइमा छ।

पाँचौं दिन : पाँचौं दिन हामी ना गाउँबाट हिँड्दै च्छो रोल्पा ताल पुग्न सक्छौं। यसका लागि हामीले बिहान सबैरै यात्रा थाल्नुपर्ने हुन्छ। चार हजार पाँच सय ५१ मिटर उचाइमा रहेको च्छो रोल्पा ताल पुग्न ना गाउँबाट निरन्तर उकालो लाग्नुपर्छ। बाटोमा फोटो कैद गर्दै हिँड्यो भने च्छो रोल्पा पुग्न ढिला पनि हुन सक्छ। च्छो रोल्पा निकै मनमोहक छ। यहाँको सुन्दरता अवलोकन गर्नेहरू फेरि-फेरि यही ठाउँ घुम्न रुचाउँछन्। दिउँसो च्छो रोल्पा घुमे पनि राति वास बस्नलाई फेरि ना गाउँ नै फर्कनुपर्ने हुन्छ।

छैटौं दिन : यसपछि प्रायः पर्यटक ना गाउँबाट ग्याल्चे फर्कने गर्छन्।

सातौं दिन : सातौं दिन हिँड्दै चेट् चेट् फर्कन सकिन्छ र यही दिन त्यहाँबाट गाडीमा चरिकोट आउन सकिन्छ।

आठौं दिन : चरिकोटबाट गाडीमा तपाईं सहजै आठौं दिन काठमाडौं आइपुग्न सक्नुहुन्छ। तपाईंको हिँडाइको गतिका आधारमा यो यात्रा सोचेभन्दा छोटो वा लामो पनि हुन सक्छ।

यसरी गरौं चस्माको जतन

- चस्माको लेन्स सानो ठक्करबाट पनि चर्किने तथा फुट्ने खतरा रहन्छ। तसर्थ, लगाउँदा र फुकाल्दा विशेष ध्यान दिनुहोस्।
- चस्माको लेन्स कडा टेबल या भुइँमा राख्नुहुँदैन, जसले लेन्स धमिलो हुन्छ।
- चस्मा सफा गर्ने कपडा सधैं सफा हुनुपर्दछ। फोहोर कपडा प्रयोग गर्दा कोरिने सम्भावना हुन्छ।



- फेसनको नाममा टाउको वा निधारमा चस्मा लगाउने गर्नाले फ्रेम खुकुलो हुन्छ।
- चस्माको लेन्स या फ्रेम अत्यधिक तापक्रममा खुइलिने तथा बिग्रिने हुन्छ। तसर्थ, ८० डिग्री फरेनहाइटभन्दा बढी तापक्रमबाट जोगाउनुपर्छ।
- चस्मा सफा गर्दा नरम साबुन र हल्का तातो पानीको प्रयोग गर्न सकिन्छ।

सवारी साधन बिक्री बारेको सूचना

साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि.को नाममा दर्ता रहेको तपसिलमा उल्लेखित सवारी साधनहरु तथा जेनेरेटर हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा बिक्री गरिने भएको हुँदा उक्त सवारी साधन खरिद गर्न इच्छुक महानुभावहरुलाई निम्नलिखित शर्तहरु पुरा गरी मिति २०७९ चैत्र २४ गते (कथम्कदाचित उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) सम्म कार्यालय समय भित्र यस बैंकको प्रधान कार्यालय दरबारमार्ग, स्थित सामान्य प्रशासन विभागमा सिलबन्दी बोलपत्र बुझाउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु

१. उक्त सवारी साधनहरु तथा जेनेरेटर के कति रकममा किन्ने हो अंक र अक्षरमा प्रष्ट खुलाई सिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ।
२. व्यक्तिगत बोलपत्रदाताले नेपाल सरकारबाट जारी भएको आधिकारीक परिचयपत्रको फोटोकपी तथा संस्थागत् बोलपत्रदाताले संस्था दर्ता प्रमाणपत्रको फोटोकपी बोलपत्र साथ पेश गर्नु पर्नेछ।
३. बोलपत्र साथ रु.२५,०००।०० (अक्षरेपी पच्चीस हजार मात्र) धरौटी स्वरुप यस बैंकको खाता नं.००१०९३७०१००१ मा जम्मा गरी सो को सक्कल रसिद राखी पेश गर्नुपर्ने छ।
४. पर्न आएका बोलपत्रहरु मिति २०७९ चैत्र २६ गते (कथम्कदाचित उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) बोलपत्रवालाहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा यस बैंकको प्रधान कार्यालय दरबारमार्गमा बिहान ११:०० बजे खोलिने छ। तथापि बोलपत्र दाता वा निजको कुनै प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न यस बैंकलाई कुनै बाधा पर्ने छैन।
५. स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र बाँकी रकम बुझाई आफ्नो नाममा स्वीकृत भएको सवारी साधन आफ्नो नाममा नामसारी गरी लिनु पर्ने छ। तोकिएको समयभित्र बाँकी रकम नबुझाएमा धरौटी स्वरुप रहेको रकम जफत हुनेछ। साथै, स्वीकृत नभएका बोलपत्रहरुको धरौटी रकम बोलपत्र सम्बन्धि निर्णय भए पश्चात् बिना ब्याज फिर्ता हुने छ।
६. उल्लेखित सवारी साधनको सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी कर, राजस्व लगायत सवारी साधन नामसारी बापत तिर्नु पर्ने सम्पर्ण दस्तुर एवं खर्च बोलपत्रदाताले नै व्यहोर्नु पर्ने छ।
७. कुनै पनि बोलपत्र कुनै कारण नदिई स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।
८. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वा सवारी साधन निरीक्षण गर्न चाहेमा यस बैंकको प्रधान कार्यालय दरबारमार्गस्थित सामान्य सेवा विभागमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

तपसिल

सवारी साधन

क्र.सं.	सवारीको किसिम	बनेको साल	दर्ता नं.	हर्ष पावर/सि सि	इन्जिनको प्रकार	रङ्ग
१.	हुण्डाई सेन्ट्रो GL Plus	२०१३	बा १० च ५५३७	१०८६	पेट्रोल	Ember Grey
२.	हुण्डाई सेन्ट्रो GL Plus	२०१३	बा १० च ५३८४	१०८६	पेट्रोल	Sleek Silver
३.	हुण्डाई आई १० Magna	२०१२	बा १० च ३४२०	११९७	पेट्रोल	Garnet Red
४.	किया पिकान्टो	२०११	बा १० च ५२९९	१२४८	पेट्रोल	Titanium Silver
५.	किया पिकान्टो	२०११	बा १० च ५३०२	१२४८	पेट्रोल	Milky Beige
६.	मारुती Omni Van	२००९	बा ७ च ५७०७	७९६	पेट्रोल	Silky Silver
७.	मारुती Omni Van	२००९	बा ७ च १५७८	७९६	पेट्रोल	Blue
८.	टाटा मोबाईल DI -Crew Cab	२०१०	बा ८ च ४४३	२९५६	डिजेल	Arctic White
९.	टाटा इन्डीका	२००८	बा ६ च ४७३०	१४०५	डिजेल	Dark Blue
१०.	हुण्डाई सेन्ट्रो GLS	२००९	बा ७ च १०७१	१०८६	पेट्रोल	Dark Grey
११.	Fiat Punto	२०१३	बा १५ च १२५५	११७२	पेट्रोल	Minimal Grey
१२.	टाटा सुमो Gold EX	२०१४	बा १० च ५८५६	२९५६	डिजेल	Arctic Silver
१३.	महिन्द्रा बोलेरो LX	२०१६	बा १४ च ७६९३	२५२३	डिजेल	White
१४.	हिरो होण्डा Splendor	२००९	बा ३७ प ७६६७	९७.२	पेट्रोल	Black
१५.	हिरो होण्डा Splendor	२००९	बा ३७ प ७६४७	९७.२	पेट्रोल	Black
१६.	हिरो होण्डा Splendor Pro	२०१२	बा ५४ प ८०००	९७.२	पेट्रोल	Blue
१७.	हिरो होण्डा Splendor	२००९	ज ३ प ८३९	९७.२	पेट्रोल	Black
१८.	हिरो होण्डा Glamour	२००६	ल ३ प ८७३८	१२४.७	पेट्रोल	Black
१९.	हिरो होण्डा Super Splendor	२०१३	ना २५ प ८९१५	१२४.७	पेट्रोल	Black

जेनेरेटर

क्र.सं.	विवरण	जेनेरेटर रहेको स्थान
१.	Kirloskar 125 KVA	चण्डोल, शंखपार्क

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

Head Office, Durbarmarg, Kathmandu
Tel No: 4-242530, 4-228229
Fax: 4-226349
E-mail: info@nimb.com.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय सुनवल, नवलपरासीको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/१२/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी बैंक लि.) शाखा कार्यालय सुनवल, नवलपरासीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

१. ऋणीको विवरण:

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७६ बमोजिम प्रदेश सरकार घरेलु तथा साना उद्योग कार्यालय, पाल्पा (तानसेन)मा मिति २०७७/०८/२५ मा दर्ता नं. ४७४३/०७७/०७८ दर्ता कायम भई पाल्पा जिल्ला, निस्दी गा.पा. वडा नं. ०७ स्थित रजिष्टर्ड कार्यालय रहेको **राज सप्लायर्स**का प्रोप्राईटर प्रेम बहादुर वि.क.को नाति, नैन बहादुर वि.क.को छोरा, पाल्पा जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ०३ बस्ने **देवराज वि.क.** (ना.प्र.नं. ३९/०१/७२/०५९७५, जारी मिति २०७२/०७/१७, जिल्ला प्रशासन कार्यालय पाल्पा)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. प्रेम बहादुर वि.क.को नाति, नैन बहादुर वि.क.को छोरा, पाल्पा जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ०३ बस्ने **देवराज वि.क.** (ना.प्र.नं. ३९/०१/७२/०५९७५, जारी मिति २०७२/०७/१७, जिल्ला प्रशासन कार्यालय पाल्पा)।
२. प्रेम बहादुर वि.क.को नाति, नैन बहादुर वि.क.को छोरा, पाल्पा जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ०३ बस्ने **तोयनाथ वि.क.** (ना.प्र.नं. ३९१०२२/२९०, जारी मिति २०६७/०८/२६, जिल्ला प्रशासन कार्यालय पाल्पा)।
३. प्रेम बहादुर वि.क.को नाति, नैन बहादुर वि.क.को छोरा, पाल्पा जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ०३ बस्ने **गिरीजा प्रसाद वि.क.** (ना.प्र.नं. ३९१०२२/१६२, जारी मिति २०६६/०७/१५, जिल्ला प्रशासन कार्यालय पाल्पा)।
४. प्रेम बहादुर वि.क.को नाति, नैन बहादुर वि.क.को छोरा, पाल्पा जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ०३ बस्ने **राम बहादुर वि.क.** (ना.प्र.नं. ३९३०२२/६९, जारी मिति २०६३/१०/१७, जिल्ला प्रशासन कार्यालय पाल्पा)।
५. तुल बहादुर वि.क.को नाति, प्रेम बहादुर वि.क.को छोरा, पाल्पा जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ०३ बस्ने **नैन बहादुर वि.क.** (ना.प्र.नं. ७५२, जारी मिति २०४५/०२/२०, जिल्ला प्रशासन कार्यालय पाल्पा)।
६. थानसुर वि.क.को छोरी, प्रेम बहादुर वि.क.को बुहारी, नैन बहादुर वि.क.को पत्नी पाल्पा जिल्ला, ज्यामिरे गा.वि.स. वडा नं. ०३ बस्ने **अनिसरा वि.क** (ना.प्र.नं. ७३६, जारी मिति २०४५/०२/२०, जिल्ला प्रशासन कार्यालय पाल्पा)।

धितो सुरक्षणको विवरण:

१. **गिरीजा प्रसाद वि.क.**को नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) दर्ता कायम रहेको नवलपरासी जिल्ला, दाउन्ने देवी गा.वि.स. वडा नं. ४/ख स्थित कित्ता नं. ३३० र ३३१ को क्षेत्रफल क्रमशः ०-५-०-० र ०-५-०-० (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
२. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **राज सप्लायर्स**को नाममा कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगञ्ज, पर्सामा दर्ता कायम रहेको चे.नं. MEC2411BAMP100239, ई.नं. 400950D0102316, सवारी नं. प्रदेश-२-०३-००१-ख-२७३३ को TIPPER थान १।
३. धनि कुमारी बैंक लि.(साबिक एन.सी.सी. बैंक लि.) र ऋणी **राज सप्लायर्स**को नाममा कायम भई नारायणी अञ्चल यातायात व्यवस्था कार्यालय, विरगंज, पर्सामा दर्ता कायम रहेको चे.नं.MEC2411BAMP100018, ई.नं.400950D0102083, सवारी नं. प्रदेश-२-०३-००१-ख-२७४० को TIPPER थान १।

२. ऋणीको विवरण:

प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०७६ बमोजिम प्रदेश सरकार घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी (ब.सु.प)मा मिति २०७७/१०/२२ मा दर्ता नं. १२४०/०७७/७८ दर्ता कायम भई नवलपरासी जिल्ला सुनवल न.पा. वडा नं. ०४ स्थित रजिष्टर्ड कार्यालय रहेको **मारुती ढुवानी सेवा**का प्रोप्राईटर भक्तिराम ज्ञवालीको नाति, गिरीराज ज्ञवालीको छोरा, नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४ बस्ने **जीवन ज्ञवाली** (ना.प्र.नं. ५८७९२, जारी मिति २०५८/०३/०३, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. भक्तिराम ज्ञवालीको नाति, गिरीराज ज्ञवालीको छोरा, नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४ बस्ने **जीवन ज्ञवाली** (ना.प्र.नं. ५८७९२, जारी मिति २०५८/०३/०३, जिल्ला प्रशासन कार्यालय नवलपरासी)।
२. रुकुम प्रसाद गौतमको छोरी, गिरीराज ज्ञवालीको बुहारी, जीवन ज्ञवालीको पत्नी, रुपन्देही जिल्ला, देवदह न.पा. वडा नं. ०१ बस्ने **लक्ष्मी गौतम** (ना.प्र.नं. २४३६५, जारी मिति २०६०/११/०५, जिल्ला प्रशासन कार्यालय रुपन्देही)

धितो सुरक्षणको विवरण:

१. **लक्ष्मी गौतम**को नाममा मालपोत कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) दर्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स. वडा नं. ७/क स्थित कित्ता नं. ८६८, ८६९, ८७०, ८७१, ८७२, ९८५, ८५६ र ८५९को क्रमशः ०-०-९-३, ०-०-८-३, ०-०-१३-२, ०-०-७-२, ०-०-९-१,०-०-११-०, ०-०-७-० र ०-०-११-१ (बि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय सुनवल, नवलपरासी फोन नं. ०७८-५७०५०१/४१२

भूमण्डलीकरणको प्रभावमा नेपाली समाज

भूमण्डलीकरणमा धनी, विकसित र शक्तिशाली राष्ट्रहरू आफ्नो बजार अरू देशका लागि नखोले पनि अन्य देशको बजारचाहिँ आफ्ना लागि खुला गराउन चाहन्छन्



● डा. गणेश मण्डल

अग्रलेख

सोभियत संघको विघटनपश्चात् १९औँ शताब्दीको उत्तरार्धदेखि विश्वमा भूमण्डलीकरणको प्रभाव तीव्रगतिले अगाडि बढेको छ। यसबाट खासगरी अविकसित र विकासशील राष्ट्रहरू अझ बढी प्रभावित भएका छन्। सन् १९९० को दशकको प्रारम्भमा बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि नेपालले उदारीकरण, निजीकरण र विश्वव्यापीकरणको नीति अपनायो। सन् २००४ मा नेपालले विश्व व्यापार संगठनको सदस्यता पाएपछि नेपालमा विश्वव्यापीकरणले तीव्रता पाएको छ। नेपालले अपनाएको उदार आर्थिक नीति, प्रत्यक्ष वैदेशिक लगानी, पर्यटन र रेमिट्यान्समा भएको वृद्धिले केही हदसम्म नागरिकको जीवनस्तर माथि उठाउन र निरपेक्ष गरिबी घटाउन मद्दत गरेको छ।

हरेक सिक्काको दुई पाटो भएजस्तै भूमण्डलीकरणबारे पनि दुईथरी दृस्टीकोण छन्। कतिपय मानिस यसको पक्षमा छन् भने कतिपय विपक्षमा देखिन्छन्। यस अवधारणाको पक्षमा रहेका मानिस भूमण्डलीकरणका कारण नागरिकको जीवनस्तरमा सुधार, विभिन्न वस्तु र सेवामा पहुँच वृद्धि, रोजगारीका अवसरमा वृद्धि, वैदेशिक प्रत्यक्ष लगानीमा वृद्धि, घरेलु व्यवसायलाई अन्तर्राष्ट्रिय बजारमा पहुँच, सामाजिक-सांस्कृतिक रुपान्तरण, सूचना र प्रविधिको स्वतन्त्र प्रवाहजस्ता सकारात्मक परिवर्तन आएको तर्क गर्छन्। यस अवधारणाको विपक्षमा रहेका मानिसचाहिँ यसले गर्दा गरिब र धनी देशबीच खाडल बढेको, श्रमिकको शोषण भएको, वातावरणीय ह्रास भएको, बहुराष्ट्रिय कम्पनीहरूको मात्र सशक्तीकरण भएको, सांस्कृतिक महत्त्वको लोप भएको, राजनीतिक प्रभाव बढेको, 'ब्रेन ड्रेन'को समस्या बढेको, रोगहरूको छिटो परिसंचरण भएको जस्तो नकारात्मक तर्क गर्छन्।

भूमण्डलीकरणले गर्दा गरिब र विकासशीलभन्दा धनी र विकसित रास्ट्रहरू बढी लाभान्वित भएका छन्। धनी, विकसित र शक्तिशाली राष्ट्रहरू आफ्नो बजार अरू देशका लागि नखोले पनि अरू देशको बजार आफ्ना लागि खुला गर्न चाहन्छन्, जसले गर्दा उनीहरूको निर्यात निर्बाध भइरहोस् र अरू देशबाट हुने आयात नियन्त्रित रहोस्। नेपालजस्ता अतिकम विकसित देशका स्वदेशी उत्पादन तथा सेवाले विकसित मुलुकका उत्पादन तथा सेवासँग प्रतिस्पर्धा गर्न नसक्दा स्वदेशी उद्योगधन्दा टिक्न नसकेर बिस्तारै बन्द हुन्छन् र अन्ततः हाम्रा आन्तरिक बजार विकसित मुलुकको बजारमा रुपान्तरित हुन्छन्। साथै, बहुराष्ट्रिय कम्पनीहरूको ठूलो पुँजी र लगानीका कारण नेपाली व्यवसायी र उद्यमीलाई उनीहरूसँग प्रतिस्पर्धा गर्न कठिन हुन्छ।

भूमण्डलीकरणले गर्दा संसार नै एउटा विश्वव्यापी गाउँ (विश्व-ग्राम) भएको छ भन्ने गरिन्छ। यद्यपि, पुँजीको निर्बाध प्रवाह भए पनि अदक्ष तथा अर्धदक्ष श्रमिकका हकमा भने सहज छैन। विकसित राष्ट्रले डाक्टर, इन्जिनियर, कम्प्युटर-विशेषज्ञजस्ता दक्ष जनशक्तिलाई अवसर प्रदान गरेर आकर्षित गरिरहेका हुन्छन्, जसलाई तयार गर्न मुलुकले ठूलो लगानी गरेको हुन्छ। जसले गर्दा नेपालले ब्रेन ड्रेनको ठूलो समस्या सामना गर्नुपरेको छ र देशमा दक्ष जनशक्तिको अभाव भएको छ। तर, अदक्ष जनशक्तिका निम्ति ती मुलुकका ढोका जहिल्यै बन्द हुन्छन्। केही धनी मुलुकजस्तै खाडी मुलुक र मलेसियाले जनशक्ति अभावका कारण अदक्ष कामदार अथवा श्रमिकलाई रोजगारीको अवसर प्रदान गरेका छन्।

भूमण्डलीकरणको प्रभाव नेपालमा पनि अत्यधिक परेको छ र खासगरी युवा वर्ग त्यसबाट बढी नै प्रभावित भएका छन्। पछिल्लो समय नेपालबाट पनि उच्च शिक्षा अध्ययन, रोजगारी, श्रम र व्यापारका लागि धेरै ठूलो संख्यामा युवा अर्को देशमा गइरहेका छन्। वैदेशिक रोजगारमा जाने बहुसंख्यक नेपाली २५ देखि ३५ वर्ष उमेर समूहका छन्। नेपालको कुल जनसंख्याको २०.८ प्रतिशत १६ देखि २५ वर्ष उमेर समूहका छन् भने, ४०.६८ प्रतिशत १६ देखि ४० वर्ष उमेर समूहका छन्। युवामा आफ्नै देशमा केही गर्न सकिन्छ भन्ने आत्मविश्वासको अभाव देखिन्छ। उनीहरूमा सहरीकरण, आधुनिकीकरण र भौतिकीकरणको अत्यधिक प्रभाव परेको छ। धेरैजसो युवालाई राष्ट्र, राष्ट्रियता र देशभक्तिसँग कुनै भावनात्मक लगाव र सरोकार छैन। उनीहरूका लागि भौतिक सुख-सुविधा नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो र उनीहरू यसमा सम्झौताका निम्ति तयार छैनन्। यसबाट व्यक्तिगत तथा क्षणिक रूपमा तत्काल केही फाइदा देखिए तापनि दीर्घकालीन फाइदा भने विकसित र धनी राष्ट्रलाई नै भइरहेको हुन्छ।

कुनै पनि मुलुकको विकासका लागि त्यहाँको आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, शैक्षिक, भौतिक, नैतिक र पर्यावरणीयलगायत पक्षको उत्थान अनिवार्य हुन्छ। राजनीतिक रूपले अस्थिर, सामाजिकसांस्कृतिक रूपले विचलित, नैतिक रूपले स्खलित, पर्यावरणीय हिसाबले प्रदूषित राष्ट्र आर्थिक रूपले जति नै समृद्ध भए पनि विकसित हुन सक्दैन। नेपालको आर्थिक, सामाजिक, शैक्षिक, सांस्कृतिक, राजनीतिक र पर्यावरणीय क्षेत्रमा वैदेशिक रोजगारीको गम्भीर प्रभाव परेको छ।

वैदेशिक रोजगारीले हाम्रो देशभित्र फैलिएको बेरोजगारीको समस्यालाई केही हदसम्म भए पनि कम गरेको छ। यसका माध्यमबाट भित्रिने रेमिट्यान्सले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याएको पनि छ। तर, यति हुँदाहुँदै पनि अन्य क्षेत्रको अवस्था भने निराशाजनक छ। वैदेशिक रोजगारबाट नेपालमा ठूलो परिणाममा प्राप्त रेमिट्यान्सको उचित प्रयोग हुन सकेको छैन र त्यो रकमको ठूलो हिस्सा उत्पादनशील क्षेत्रमा नभई अनुत्पादक क्षेत्र तथा विलासिताका सामग्री खरिद गर्नमा लगानी भइरहेको छ। घरहरू अभिभावकविहीन र गाउँघर युवाविहीन भएका छन्। अभिभावकको निगरानीको अभावमा युवाहरू कुलतमा फस्ने क्रम बढ्दो छ। अनुशासनहीनता बढेको छ। सामाजिक सद्भाव खलबलिएको छ। समाजमा विकृति व्याप्त छन्। सामाजिक संरचना ध्वस्त भएको छ। विवाहेत्तर सम्बन्ध र अन्ततः सम्बन्धविच्छेदजस्ता सामाजिक रूपले अपाच्य र अस्वीकार्य घटना बढ्दै गएका छन्। शिक्षाको अवस्था खस्कँदो छ। विद्यालय तथा कलेज 'ड्रप-आउट'को संख्या बढ्दो छ। गाउँघरमा महिला र बूढापाका मात्र भेटिन्छन्। युवापुस्ता वैदेशिक रोजगारतर्फ उन्मुख भएकाले गाउँघरमा खेतीपाती गर्ने जनशक्तिको अभाव छ। फलस्वरूप उर्वर जमिनको सही सदुपयोग हुन सकेको छैन। मानिसले विलासी जीवनशैली अपनाउन थालेका छन्। सहरप्रतिको बढ्दो आकर्षणका कारण अनियन्त्रित बसाइँसराइको क्रम बढेको छ। अव्यवस्थित सहरीकरणले गर्दा गाउँघर खाली हुँदै गएका छन् र वातावरणीय तथा सामाजिक सन्तुलनमा नकारात्मक प्रभाव परिरहेको छ।



> नेपालजस्ता अतिकम विकसित देशका स्वदेशी उत्पादन तथा सेवाले विकसित मुलुकका उत्पादन तथा सेवासँग प्रतिस्पर्धा गर्न नसक्दा स्वदेशी उद्योगधन्दा टिक्न नसकेर बिस्तारै बन्द हुन्छन् र अन्ततः हाम्रा आन्तरिक बजार विकसित मुलुकको बजारमा रुपान्तरित हुन्छन्

कृषिको विकास कुनै पनि देशको विकासका निम्ति पहिलो पाइला हो। विगतमा कृषि उत्पादनबाटै आफ्ना आधारभूत अवश्यकताजस्तै लुगा-कपडा, दैनिक उपभोग्य सामग्री, औषधोपचार, विद्यार्थीको पढाइ-लेखाइ इत्यादी पूरा गर्न सक्षम नेपाली समाज आज आएर आफ्नो आम्दानीको ठूलो हिस्सा नेपाली उत्पादनभन्दा बाहिरका दैनिक उपभोग्य वस्तुको खरिदमा खर्च गर्नुपर्ने परिस्थिति निर्माण हुनु विडम्बनापूर्ण छ। कुनै बेला हाम्रो देशमा मुख्य बालीसँगसँगै दलहन, तेलहन र नगदेबालीको राम्रो उत्पादन हुन्थ्यो। कृषिजन्य उत्पादन र दूग्धजन्य वस्तुमा परनिर्भरता नेपाली समाजमा राम्रो मानिँदैनथ्यो। तर, अहिले समाजमा सम्पन्नताको मानक बदलिएको छ। कृषिकर्म र पशुपालनमा संलग्नलाई कमजोर र बजारबाट खरिद गरेर खानेलाई सबल मान्न थालिएको छ। अपार प्राकृतिक र मानवीय संसाधन भएर पनि हाम्रो देशको विकास किन भएन ? कृषिप्रधान देश भएर पनि कृषिक्षेत्र निरन्तर खस्किँदै गएको अवस्था छ र हामी अन्नलगायत अन्य कृषिजन्य वस्तुमा परनिर्भर हुँदै गएका छौं। कृषिजन्य उत्पादन पनि नेपालमा आयात गर्नुपर्ने अवस्था सिर्जना हुनु चिन्ताको विषय हो। पछिल्ला दिनमा कृषि पेसाप्रति आकर्षण घटिरहेको देखिन्छ। किसानहरू निकै मर्कामा परेका छन् र उनीहरू निराश छन्। मलखाद, बिउबिजन, सिँचाइ इत्यादिको सहज उपलब्धता एवं उचित व्यवस्थापन हुन सकेको छैन। कृषि उत्पादनले बजारको सुनिश्चितता अनि उचित बजारभाउ पाएका छैनन्। सबैतिर बिचौलियाको बिगबिगी छ। दिनप्रतिदिन हाम्रो परनिर्भरता बढ्दै गएको छ। हामी उत्पादनमुखी होइन, दिनप्रतिदिन उपभोक्तामुखी बन्दै गएका छौं।

हामी औद्योगीकरण, सहरीकरण र आधुनिकीकरणको समयदेखि गलत जीवनशैलीमा छौं। महामारीले हामीलाई हाम्रो उत्पादन प्रणाली र जीवनशैलीमा परिवर्तनका निम्ति सचेत गराएको छ। सहरसँगसँगै गाउँको महत्त्वलाई समेत उजागर गरेको छ। आफूलाई चाहिनेजति खाद्यान्न सुरक्षित राख्नु भन्ने सन्देश दिएको छ। आफ्नो अर्थतन्त्र मजबुत राख्नुपर्छ, अरूमाथि निर्भर भएर हुँदैन। हाम्रो अर्थतन्त्रको प्राथमिक आधार कृषिलाई नै बनाउनुपर्छ। हाम्रोजस्तो गरिब र कृषिमा आधारित अर्थतन्त्र भएका देशले त झन् वेलैमा आफ्नो स्वतन्त्र अर्थनीति तर्जुमा गरी अगाडि बढ्नु जरुरी छ। कृषिको वैज्ञानिकीकरण र प्रविधीकरण गर्न ढिला गर्नुहुँदैन। कृषिप्रधान अर्थतन्त्र, रोजगारीप्रधान र आत्मनिर्भर अर्थनीति र गाउँमुखी नीति पनि आजको महत्त्वपूर्ण आवश्यकता हो।

हामीले आफ्नो उत्पादन क्षमता बढाउन सक्नुपर्छ। आगामी दिनमा हामीले पनि आफ्नो उत्पादन उपभोग गरी केही बचाएर त्यसलाई विश्वबजारमा समेत बेचेर धन आर्जन गर्ने क्षमता हासिल गर्न सक्नुपर्छ। हामीले आफ्नो विषयगत ज्ञान, प्राविधिक क्षमता र सीपको विकासबाट स्वदेशी उद्योगलाई सबलीकरण गरी रोजगारी सिर्जना गर्नुपर्छ र विश्वबजारमा आफ्नो गुणस्तरीय उत्पादनलाई लगेर जतिसक्यो महँगो मूल्यमा बिक्री गर्न सक्नुपर्छ।

बेरोजगारी समस्या विश्व अर्थतन्त्रकै निम्ति पनि चुनौतीपूर्ण विषय हो। रोजगारीका निम्ति स्थानान्तरण अथवा देशान्तरण हुनुको मुख्य कारण असमान विकास हो। विकसित र अविकसित राष्ट्रबीचको भेदभावको अन्त आवश्यक छ। निजीकरण, उदारीकरण, भूमण्डलीकरणले यसलाई घटाउनुको सट्टा बढाउने काम गर्छ। पूँजीको साथसाथै श्रमको सहज र न्यायोचित भूमण्डलीकरणले मात्र यस समस्याको उचित सम्बोधन गर्न सक्छ। वैदेशिक रोजगारका माध्यमबाट प्राप्त हुने रेमिट्यान्समा मात्र केन्द्रित भएर यसको प्रवर्द्धन गर्नु राष्ट्रको दीर्घकालीन हित र दिगो विकासका लागि कदापि उपयुक्त हुँदैन। यसतर्फ सम्पूर्ण सरोकारवालाले समयमै ध्यान पुऱ्याउनु र दीर्घकालीन समाधानका उपायहरू अवलम्बन गरी अगाडि बढ्नु आवश्यक छ।

(काग्रेस महासमिति सदस्य डा. मण्डल संविधानसभा सदस्य हुन्)
gmandalnc@gmail.com

३ प्रश्न

विशेष अदालतका पूर्वसदस्य **चण्डीराज ढकाल**लाई



अख्तियारको निष्पक्षतामाथि नै प्रश्न उठ्ने अवस्था किन आउँछ ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपालमा भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धान र तहकिकात गर्ने अख्तियारी छ। अख्तियारले उस्तै खालका सबुत, प्रमाण भएको अवस्थामा केहीलाई मुद्दा चलाउने, केहीलाई नचलाउने गरेको सञ्चारमाध्यमबाट थाहा पाएँ। केही व्यक्तिका हकमा उस्तै 'नेचर' भए पनि सरकारी साक्षीका रूपमा पेस गरेकाले विशेष अदातलबाट प्रश्न उठेको थाहा पाएँ। यसरी एउटै प्रकृतिको मुद्दामा केहीलाई मुद्दा चलाएको र केहीलाई नचलाएको कारण प्रश्न उठेको हो। एउटै प्रकृतिका मुद्दामा केहीलाई चलाउने केहीलाई छाड्ने गर्दा अदालतलाई सजाय गर्न वा सफाइ दिन अप्ठ्यारो हुन्छ।

अख्तियारमाथि नै प्रश्न उठ्न थाल्यो भने यो संस्थालाई कसरी विश्वास गर्ने ?

संवैधानिक आयोगबाट हुने काम कारवाही निष्पक्ष होस्, दोषीले सजाय र निर्दोषले सफाइ पाऊन् भन्ने अपेक्षा जनमानसमा हुन्छ। तर, यस्तो महत्त्वपूर्ण निकायको निष्पक्षतामा प्रश्न उठ्नु, विश्वसनीयतामा शंका उब्जिनु राम्रो होइन। अख्तियारले चलाएका हरेक मुद्दामा सबुत प्रमाण नभई चलाएको हो कि, निष्पक्ष छानबिन नभएको हो कि, भन्ने आशंका हुन्छ।

आफ्ना कामकारबाहीमा प्रश्न उठ्न नदिन अख्तियारले के गर्नुपर्छ ?

भ्रष्टाचारका हरेक मुद्दामा सबुत प्रमाणको राम्रो विश्लेषण र मूल्यांकन गरेर मात्र अघि बढ्नुपर्छ। विशेषज्ञ कर्मचारीलाई आधुनिक स्रोत, साधन प्रयोग गरी अनुसन्धान गर्न लगाउनुपर्छ। अनि मात्र अख्तियारप्रतिको जनविश्वास बढ्छ। भ्रष्टाचार नियन्त्रण हुने वातावरण सिर्जना हुन्छ।

प्रेरक प्रसंग

मनको शान्ति

एक किसानको एउटा पुरानो घडी हरायो। घडी महँगो नभए पनि पत्नीले जन्मदिनमा उपहार दिएको हुनाले उनका लागि त्यो निकै प्रिय थियो। त्यसैले उनले यताउता गरेर सबैतिर खोजे। चोटाकोठादेखि आफू पुगेको खेतबारीसम्म सबैतिर खोज्दा पनि नभेटिएपछि उनी निराश भए। तैपनि, उनले घडी भेटाउने आशाले टोलभरिका बालबालिकालाई बोलाएर खोज्न लगाए। उनले घडी भेट्टाउनेलाई सय रुपैयाँ इनाम दिने घोषणा पनि गरे।



किसानको अनुमति पाएपछि बालबालिकाहरू हल्लीखल्ली गर्दै सबतिर छरिएर खोज्न थाले। तर, लाख कोसिस गर्दा पनि उनीहरूले घडी भेट्टाउन सकेनन्। घरभित्रदेखि बाहिरसम्म सर्वत्र छापा मारिसक्दा पनि घडी नभेटिएपछि उनीहरूले पनि हार माने। उनीहरूले भने- माफ गर्नुहोला काका, हामीले तपाईंको घडी भेट्न सकेनौं। सायद अब त्यो कहिल्यै भेटिनेछैन। त्यति नै वेला भिडबाट एक बालकले भने- काका, एकपटक थप मौका दिनुभयो भने म त्यो घडी भेट्टाउन सक्छु कि भन्ने विश्वास छ। तर, यसपटक म एक्लै घडी खोज्नेछु। किसानले ती बालकलाई अनुमति दिए। बालक घरभित्र प्रवेश गरे। उनी एकएक चोटाकोठा गर्दै खोज्न थाले। उनी कुनै पनि कोठामा पस्थे र चुपचाप शान्त भई एकछिन बस्थे र एकछिनपछि अर्को कोठामा पस्थे।

अन्तिममा बालक किसान सुत्ने कोठामा पसे। त्यहाँ पसेको केहीबेरमै उनले हातमा किसानको घडी लिएर बाहिर निस्किए। आफ्नो घडी भेटिँदा किसान दंग परे। उनले वाचाअनुसार बालकलाई सय रुपैयाँ इनाम दिए। किसानले बालकलाई उनले घडी कसरी फेला पारे भनेर प्रश्न गरे।

बालकले भने- म हरेक कोठामा गएर शान्त भएर बसैं र घडीको टिकटिक सुन्न थालैं। सुन्दै जाँदा मैले तपाईं सुत्ने कोठाको दराजपछाडिबाट आवाज आइरहेको पत्ता लगाएँ। र, त्यहाँ खोज्दा घडी भेटियो। आखिर मनको शान्तिबाट हामीले भेट्टाउन नसक्ने के नै छ र, काका ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

यस्तो महँगी झेल्ने कसरी ?

दैनिक उपभोग्य वस्तुहरू दिनदिनै महँगिँदै जाँदा उभोक्ताहरू चर्को मारमा पर्दै गएका छन्। बजारमा हरेक वस्तुको भाउ आजभन्दा भोलि र भोलिभन्दा पर्सि झन्झन् महँगो भइरहेको छ। सीमित व्यापारीले मनोमानी ढंगमा मूल्य बढाइरहेका छन्। तर, जिम्मेवार सरकारले जनताको पीडामा मलम लगाउन महँगी नियन्त्रण गर्नुको साटो उल्टै व्यापारीलाई साथ दिइरहेको छ। पछिल्लो समय सरकारले किसानको हितमा निर्णय गर्दै दूधको भाउ बढाएको छ। तर, यसबाट आमउपभोक्तालाई कति मार पर्छ भन्नेतर्फ भने राज्यको ध्यान गएको देखिन्न। साथै, मूल्यवृद्धिसँगै दूधको गुणस्तर कायम गर्ने विषयमा भने राज्यले चासो दिएको छैन। उपभोक्ताले यस्तो महँगी कसरी झेल्ने हो सरकार ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
nikhilcomwizard@gmail.com

निष्पक्षतामाथि प्रश्न उठ्न नदेऊ

'अख्तियारको निष्पक्षतामाथि विशेष अदालतको प्रश्न' शीर्षकको समाचार पढ्दा चिन्ता लाग्यो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्तो निकायले गर्ने अनुसन्धान र अभियोजनमै अदालतले प्रश्न उठाउनुपर्ने अवस्था आउँछ भने यो देशमा जनताले न्यायको अनुभूति कसरी गर्लान् ? अख्तियारले त कुनै पनि मुद्दामा तेरो र मेरो भनेर कुनै पनपच्छे नगरी निर्णय गर्नुपर्ने हो। यसरी अख्तियारको निष्पक्षतामाथि प्रश्न उठ्नु चिन्ताको विषय होइन र ?

● **गौरव विश्वकर्मा**
सामाखुसी, काठमाडौं

सरकारमा किन आलोपालो ?

नयाँ गठबन्धन बनेसँगै संघदेखि प्रदेश सरकार ढल्ने र बन्ने क्रम सुरु भएको छ। तर, नयाँ सरकार बन्दै गर्दा संघीय सरकारको नेतृत्वमा तीन दलबीच आलोपालो गर्ने र प्रदेशमा पनि त्यसैअनुरूप आलोपालो गर्ने विषय चर्चामा आइरहेको छ। संघदेखि प्रदेशसम्म आलोपालो गर्नुको साटो भाग लगाउँदैमा जसले नेतृत्व गरे पनि उसले आगामी दिनमा पूर्ण पाँचवर्षे कार्यकाल पूरा गर्ने गरी भाग लगाउन मिल्दैन र ?

● **सुगम स्याङ्तान**
रानीपौवा, पोखरा

बौद्धिक जमातको प्रतिनिधित्वको प्रश्न

काग्रेस पूर्ववरिष्ठ नेता रामचन्द्र पौडेल राष्ट्रपति बन्नुभएकामा हार्दिक बधाई छ। राष्ट्रपति पौडेलबाट नेपालको संविधानको परिपालना हुनेछ भन्ने विश्वास छ। पौडेलपछि रामसहायप्रसाद यादव उपराष्ट्रपतिमा निर्वाचित हुनुभएको छ। उहाँलाई हार्दिक बधाई छ। गणतन्त्रका नायक पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री, समाजवादी विचारका अनुयायी पौडेल राष्ट्रपति र असल बानीव्यहोराका यादव उपराष्ट्रपति हुनुभएकाले नेपालको शासनमा केही परिवर्तन हुन सक्ने अपेक्षा बढाएको छ। राष्ट्रपति र उपराष्ट्रपतिमा पहाड र मधेसलाई जोडेकामा सांसदहरूको पनि प्रशंसा नै गर्नुपर्छ।

नेपाल सबैको हो, कुनै जात विशेषको होइन। अब राष्ट्रसामु रहेका जल्दाबल्दा समस्यालाई पनि यसरी नै एक भएर समाधान गर्नु राम्रो हुनेछ। महँगी, शोषण, अन्याय, सामाजिक विभेदलगायतलाई निर्मूल गर्नु नै छ। राष्ट्रियस्तरका मुद्दामा द्वन्द्वकालीन मुद्दाको हल गर्नु छ भने अन्तर्राष्ट्रिय तहमा नेपाललाई असंलग्न तथा शान्ति र सद्भावको वाहकका रूपमा कायम राख्नु छ। यससँगै देशको आर्थिक, सामाजिक, सांस्कृतिक उन्नति पनि अनिवार्य छ। कमसेकम हामी बुद्धको देशका नागरिक हौं भन्ने चिनारी गुम्न दिनुहुँदैन। जसरी राष्ट्रपति र उपराष्ट्रपतिमा पहाड र मधेसको प्रतिनिधित्व हुन सक्यो, अब त्यसैगरी राजनीतिक नियुक्ति हुने राज्यका विभिन्न संघ, संस्था, प्रतिष्ठानलगायतमा पनि यस्तै प्रतिनिधित्वको खाँचो छ। राजनीतिक नेता तथा कार्यकर्ताको त धेरैतिर प्रतिनिधित्व हुन सक्छ। तर, बौद्धिक जमातको भने अवसर सीमित हुन्छ। त्यसैले, यसतर्फ राज्यको ध्यान जान जरुरी छ।

● **ज्यो. रत्ननिधि रेग्मी** 'शुक्राचार्य',
महाकवि देवकोटा आश्रम, भक्तपुर
shukracharya@yahoo.com.au

जीवाश्म इन्धनको प्रयोग त्याग्नु अपरिहार्य

जलवायु परिवर्तनका मामिलामा आफ्नै अकर्मण्यताका कारण हामीले असंख्य मानिस गुमाएका छौं र ठूलो आर्थिक क्षति व्यहोरेका छौं



देश/विदेश

● सबेर चौधरी ● एड मार्के

यही २० मार्चमा राष्ट्रसंघका जलवायु विज्ञानका शीर्ष विशेषज्ञले जलवायु परिवर्तनबारे एक संश्लेषण प्रतिवेदन जारी गरेका छन्। प्रतिवेदनमा विश्वको प्रमुख जलवायु विज्ञान निकाय जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी मञ्च (आईपिसिसी)ले हरितगृह ग्यास उत्सर्जन घट्नुको साटो बढ्दै गएकाले जलवायु परिवर्तनलाई नियन्त्रण गर्ने प्रयासमा हामी खतरनाक रूपमा पछाडि परिसकेका छौं भनेर उल्लेख गरेको छ। प्रतिवेदनका लेखकले 'अहिलेसम्म भएका कामको गति एवं मापन र विद्यमान योजना जलवायु परिवर्तनसँग लड्नका लागि अपर्याप्त छन्' भन्दै चेतावनी दिएका छन्। यी र पुराना वैज्ञानिक चेतावनीका बाबजुद विश्वले ग्रहको औसत तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसमा रोक्न सकिरहेको छैन। स्मरण रहोस्, तापक्रम वृद्धिको १.५ डिग्री सेल्सियसको बिन्दु पार हुँदा जलवायु परिवर्तनले मानवतामा सबैभन्दा विनाशकारी प्रभाव पार्नेछ।

जलवायु अराजकताले हाम्रो सभ्यतालाई केसम्म गर्न सक्छ भन्ने हामीले देख्न थालिसकेका छौं। हाम्रा मुलुक अमेरिका र बंगलादेशले जलवायु परिवर्तनको कहर व्यहोर्न थालिसकेका छन्। लाखौं अमेरिकी र बंगलादेशी बाढी, खडेरी र जलवायु परिवर्तनले निम्त्याएका अन्य प्रतिकूलताबाट प्रताडित छन्। हाम्रो अकर्मण्यताका कारण हामीले असंख्य मानिस गुमाएका छौं र ठूलो आर्थिक क्षति व्यहोरेका छौं। आफ्नो समुदायलाई माया गर्ने हामी अमेरिका र बंगलादेशका व्यवस्थापिकाका निर्वाचित प्रतिनिधिका हैसियतले जलवायु परिवर्तनका मामिलामा तुरुन्तै पहलकदमी लिइयोस् भन्ने चाहन्छौं।

कार्बन उत्सर्जनलाई उल्लेख्य मात्रामा कटौती नगरूञ्जेल विश्वव्यापी औसत तापमान वृद्धिलाई हामी १.५ डिग्री सेल्सियसमा रोक्न सक्दैनौं। यसकारण हामी सबैले जीवाश्म इन्धनको प्रयोगलाई आजकै मितिबाट रोक्नुपर्छ। आइपिसिसी प्रतिवेदनले जीवाश्म इन्धनमाथिको हाम्रो निर्भरतालाई तीव्र रूपमा घटाउन आवश्यक छ भन्दै दिएको चेतावनी सबैभन्दा पछिल्लो र गम्भीर चेतावनी हो। औद्योगिक क्रान्तियता कोइला, तेल र ग्यासको खपतले ६४ प्रतिशत कार्बन-डाइअक्साइड उत्सर्जन गराउँदै आएको थियो र पछिल्लो १० वर्षयता यो आँकडा ८६ प्रतिशतमा पुगेको छ। कार्बन-डाइअक्साइड र अन्य हरितगृह ग्यासले पृथ्वीको तापक्रम बढाउँछ, जसले प्रतिकूल मौसम, बढ्दो समुद्री सतह, रोग, जैविक विविधताको क्षति, पानीको हाहाकार र गरिबीको चक्रीय संकट सिर्जना गर्छ। दशकौंदेखि यो समस्याबारे सचेत भए पनि जीवाश्म इन्धन उद्योगले नाफालाई नै प्राथमिकतामा राखेका छन् र वैज्ञानिकको चेतावनीलाई बेवास्ता गर्दै आएका छन्। यसकारण हामीलाई जनतालाई प्राथमिकतामा राख्ने नेतृत्व आवश्यक छ।

हामीलाई जीवाश्म इन्धनको लगानीलाई दोब्बर पार्ने नभई जलवायु परिवर्तनलाई सम्बोधन गर्ने र जोखिमयुक्त मुलुकलाई थप प्रभावकारी ढंगले सहयोग गर्ने गरी विश्व बैंकजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थामा सहयोगी नेतृत्वको खाँचो छ। पेरिस सम्झौतामा हस्ताक्षरपछि पनि विश्व बैंकले जीवाश्म इन्धन परियोजनामा अर्बौं डलर लगानी गर्न छोडेको छैन। बैंक पहिले नै न्यूनतम जलवायु प्रतिबद्धतामा पछाडि परेको छ जुन अन्य विकास बैंकले तोकेका आधारभूत लक्ष्यभन्दा कम महत्त्वाकांक्षी छन्। विश्व बैंक र अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाले १.५ डिग्री सेल्सियसको लक्ष्य पूरा गर्न जीवाश्म इन्धनको प्रयोगमा पूर्णतः रोक लगाउने प्रतिबद्धताका लागि अहिले नै कदम चाल्नुपर्छ।

यो विश्वव्यापी संकटको सम्बोधन गर्न विश्वभरका निर्वाचित जनप्रतिनिधि मिलेर काम गर्न आवश्यक छ। हामीलाई जीवाश्म इन्धनको प्रयोगलाई समाप्त गर्ने वार्ता र पहलकदमीमा तीव्रताका साथ काम गर्ने राज्य प्रमुखको पनि खाँचो छ। टुभालु, भानुआटु र युरोपेली



तस्बिर : लुकास ज्याक्सन/रोयटर्स

संसद्ले जीवाश्म इन्धन अप्रसार सन्धिलाई अनुमोदन गरेका छन्। कोलम्बियाले नयाँ तेल र ग्यासको खोजमा रोक लगाउने बताएको छ। ग्यास र तेलको प्रयोगमा रोक लगाउन कोस्टारिका र डेनमार्कले बियन्ड ओइल एन्ड ग्यास एलाइन्स गठन गरेका छन्। यस्ता पहलकदमी लिने मुलुक बढ्दो क्रममा छन् र बढ्नु आवश्यक पनि छ।

अमेरिकाजस्ता विकसित राष्ट्रले बंगलादेशजस्ता जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित राष्ट्रको तुलनामा धेरै जिम्मेवारी बहन गर्नुपर्छ। तथापि बंगलादेशजस्ता मुलुकले समुद्री किनारमा हुने वातावरणीय प्रकोपको भार आफैंले व्यहोर्नुपरिरहेको छ। हामी विकसित राष्ट्रलाई तिनका कारण निम्तिएको प्रदूषणको क्षतिबाट जिम्मेवारीमुक्त हुने अनुमति दिन सक्दैनौं।

जलवायु परिवर्तनसँग अग्रपंक्तिमा रहेर लडिरहेका देशलाई सहयोग उपलब्ध गराउन र कोप २७ मा बनाइएको अन्तर्राष्ट्रिय क्षति कोषमा अर्थपूर्ण रूपमा योगदान गर्न विश्व नेताले आफ्नो प्रतिबद्धता पूरा गर्न आवश्यक छ। जवाफदेहिता र समयसीमाका कारण अन्तर्राष्ट्रिय सहयोग, प्रतिबद्धता र सन्धिले काम गर्छन्। बंगलादेशको दूरदर्शी मुजिब जलवायु समृद्धि योजनादेखि अमेरिकाको मुद्रास्फीति न्यूनीकरण ऐनसम्म हामीले घरेलु प्रयासमा एकैसाथ काम गरिरहँदा विश्वव्यापी समुदायका रूपमा हामीले जीवाश्म इन्धनलाई हटाउन प्रतिबद्धता जाहेर गर्नुपर्छ।

जीवाश्म इन्धनको प्रयोग अन्त्य गर्ने विश्वव्यापी प्रतिबद्धताले समय धर्किनुभन्दा पहिल्यै तात्कालिकता एवं समाधानको बहस गराउनेछ। यसकारण हामी विश्वभरका सयौं जनप्रतिनिधि एक ठाउँ आएर जीवाश्म इन्धनको अन्त्यका लागि शक्तिशाली अन्तर्राष्ट्रिय साझेदारीको माग गरिरहेका छौं। यस वर्ष हामीसँग यो साझेदारी पूरा हुन सक्ने राजनीतिक अवसर छ। मुलुक र अन्य सरोकारवालाले पेरिस सम्झौतामा उल्लिखित उद्देश्य हासिल गर्न कत्तिको काम गरिरहेका छन् भनेर मूल्यांकन गर्न राष्ट्रसंघद्वारा आयोजित पहिलो 'ग्लोबल स्टक टेक' हाम्रा लागि यथार्थ अवस्था जान्न पाउने मौका हो। यो जान्न पाउने मौका मात्रै नभई भएका गल्ती सुधार्ने र जलवायु परिवर्तनले निम्त्याउने विनाशकारी परिणाम रोक्ने अवसर पनि हो। यो समय सभ्यताको संहारको कारण अन्त


तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न उत्सर्जनमा कटौती : प्रतिवेदन

विश्वव्यापी तापमान वृद्धिलाई औद्योगीकरणअघिको स्तरबाट १.५ डिग्री सेल्सियसमा सीमित गर्ने जलवायु लक्ष्य विश्वले पूरा नगर्ने सम्भावना उच्च देखिएको

राष्ट्रसंघले जनाएको छ। जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय समिति (आइपिसिसी)ले एक प्रतिवेदन सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो। तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न सन् २०३० सम्ममा उत्सर्जन आधाले घटाउनुपर्ने सुझाव पनि प्रतिवेदनमा दिइएको छ।

यो संश्लेषण प्रतिवेदन आइपिसिसीले एन्थ्रोपोजेनिक (मानव गतिविधिबाट भएका) उत्सर्जनका कारण सिर्जित विश्वव्यापी तापमान वृद्धिका कारण र दुष्परिणामबारे सन् २०१५ यता निकालेका सम्पूर्ण प्रतिवेदनको सारांश प्रतिवेदन हो। प्रतिवेदन जारी गर्दै विश्वका प्रमुख जलवायु वैज्ञानिकको यस निकायले औद्योगिक युगपूर्वको स्तरदेखि १.५ डिग्री सेल्सियसको दायरामा तापक्रमलाई कायम राख्न सबै क्षेत्रमा हरितगृह ग्यास उत्सर्जनमा गहन, द्रुत र दिगो रूपले कमी ल्याउनु आवश्यक रहेको जनाएको छ।

'एक लचिलो, बाँच्नयोग्य भविष्य अझै पनि उपलब्ध हुन सक्छ। तर, यसका लागि गहन, द्रुत र दिगो उत्सर्जन कटौती आवश्यक छ। यो दशकमा चालिने कदमहरूले तापक्रमलाई १.५ डिग्री सेल्सियसभन्दा मुनि वा यही सीमाभित्र सीमित राख्न सक्नुपर्छ। हामीले पहल लिन ढिलाइ गर्‍यौं भने नोक्सानी र क्षति बढ्दै जानेछ, र थप मानव एवं प्राकृतिक प्रणालीहरू अनुकूलनको चरम सीमामा पुग्नेछन्,' प्रतिवेदनमा भनिएको छ।



'मानवलाई जोगाउने बरफको परत पातलो हुँदै गएको छ र त्यो पातलो परत पनि एकदमै छिटो पग्लिरहेको छ। जलवायु टाइम-बमको चेतावनी घडी बजिसकेको छ। आइपिसिसी यो प्रतिवेदन जलवायुको टाइम-बम निष्क्रिय कसरी पार्ने भन्ने दिशानिर्देश हो। यो मानवलाई बचाउने गाइड हो। १.५ डिग्रीको सीमा हासिलयोग्य छ। तर, यसले जलवायु कार्यमा छलांगको माग गर्छ,' राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले एक भिडियो सन्देशमा भनेका छन्, 'यो प्रतिवेदन हरेक देश र हरेक क्षेत्रलाई समयसीमामा पूरा हुने गरी व्यापक रूपमा फास्टट्र्याकबाट जलवायु प्रयास गर्न एक स्पष्ट आह्वान हो। विश्वलाई अहिले सबै मोर्चामा जलवायु कार्यको आवश्यकता परेको छ।'

गुटेरेसले धनी देशहरूलाई सन् २०४० सम्ममा शून्य उत्सर्जनमा पुग्न र विकासोन्मुख राष्ट्रहरूलाई सन् २०५० को लक्ष्य राख्न आग्रह गरेका छन्। उनले ओइसिडी देशहरूलाई सन् २०३० सम्ममा र अन्यलाई सन् २०४० सम्ममा कोइलाको प्रयोग रोक्न पनि आह्वान गरे।

> जलवायु परिवर्तनको सबैभन्दा ठूलो असर मानिस र जैविक विविधतामा पर्नेछ

प्रतिवेदनले महत्त्वाकांक्षी कदम चाल्न सुझाएको आइपिसिसी अध्यक्ष होसुङ लीले बताए। 'संश्लेषण प्रतिवेदनले थप महत्त्वाकांक्षी कदम चाल्नुपर्ने आवश्यकतामा जोड दिन्छ र अहिले नै काम गर्‍यौं भने हामीले अझै पनि सबैका लागि बाँच्न योग्य दिगो भविष्य सुरक्षित गर्न सक्छौं भन्ने पनि यो प्रतिवेदनले देखाउँछ,' लीले भने।

सम्पूर्ण घरपरिवारले गर्ने उत्सर्जनमा उच्च उत्सर्जनकर्ता १० प्रतिशत परिवारको हिस्सेदारी ३४-४५ प्रतिशत रहेको र तल्ला ५० प्रतिशतको हिस्सेदारी केवल १३-१५ प्रतिशत मात्रै रहेको पनि प्रतिवेदनले उजागर गरेको छ। जीवाश्म इन्धनको प्रयोगले तीव्र गतिमा विश्वव्यापी उष्णतालाई निम्त्याइरहेकोतर्फ प्रतिवेदनले विशेष जोड दिएको छ। प्रतिवेदनका अनुसार सन् २०१९ मा विश्वव्यापी हरितगृह ग्यास (जिएचजी) उत्सर्जनको लगभग ७९ प्रतिशत ऊर्जा, उद्योग, यातायात र निर्माण क्षेत्रबाट र २२ प्रतिशत कृषि, वन र भूमिको अन्य प्रयोगबाट भएको थियो।

हामीले पहिलेदेखि नै सामना गर्दै आएका र भविष्यमा भोग्ने हानि, नोक्सानीमा पनि यो केन्द्रित छ। 'जलवायु परिवर्तनको सबैभन्दा ठूलो मार सबैभन्दा कमजोर मानिस एवं पर्याप्रणालीहरूमा पर्नेछ,' आइपिसिसीको विज्ञप्तिमा भनिएको छ। अहिले सही कदम चाल्दा यो प्रतिवेदनले भनेजस्तो दिगो र समतामूलक विश्वका लागि अपरिहार्य रुपान्तरणकारी परिवर्तन हुन सक्ने आइपिसिसीको भनाइ छ।

'तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्ने हो भने २०३० सम्ममा उत्सर्जनलाई करिब आधाले घटाउनुपर्छ,' आइपिसिसीले भनेको छ।

अहिले करिब तीन अर्ब तीस करोडदेखि तीन अर्ब ६० करोड मानिस जलवायु परिवर्तनको उच्च जोखिममा छन्। उनीहरू बाढी, खडेरी र आँधीबाट मर्ने खतरा १५ गुणाले बढेको छ। जलवायु परिवर्तनले खाद्य असुरक्षालाई पनि बढाएको छ। पानीको सुरक्षालाई असर गरेको छ। अत्यधिक गर्मीका कारण रोग र मृत्युदर दुवै बढिरहेको छ। बढ्दो तापक्रम, जलवायु प्रकोपका घटना र जीविकोपार्जन तथा संस्कृतिमा भइरहेको हानि-नोक्सानीले मानसिक स्वास्थ्यका चुनौतीहरूलाई निम्त्याइरहेको आइपिसिसीको ठहर छ।

-एजेन्सी

इतिहासमा आज

मार्च २७



सन् १९९८ : भिएग्रालाई अमेरिकी खाद्य तथा औषधि प्रशासनद्वारा अनुमति। फाइजरको चक्की अमेरिकामास्वीकृत पुरुष नपुंसकताविरुद्धको पहिलो औषधि थियो। सन् २०१२ मा कम्पनीले भिएग्राबाट मात्र दुई अर्ब अमेरिकी डलर कमाएको थियो।

सन् १९९४- इटालीमा सिल्भियो ब्रुलेस्कोनीको उदय। इटालीको राजनीतिमा आफ्नो २० वर्षे राजनीतिमा बर्लुस्कोनी आफ्नो नीतिभन्दा काण्डका कारण समाचारको शीर्षक बने। सन् २०१३ मा करछलीको आरोपमा उनलाई चार वर्षको जेल सजाय सुनाइएको थियो।

सन् १९७७- स्पेनको टेनिराइफमा भयानक विमान दुर्घटना। बोइङ ७४७ विमान धावनमार्गमा दुर्घटना हुँदा पाँच सय ८३ जनाको मृत्यु भएको थियो।

सन् १९५८- निकोले बुल्गानिनलाई विस्थापित गर्दै निकिता खुस्चेभ सोभियत संघको प्रधानमन्त्री।

Annapurna Rural Municipality

Office of Rural Municipal Executive

Machhapokhari, Kaski

Invitation for Electronic Bids

Date of first Publication: March 27, 2023 (2079/12/13)

1. Annapurna Rural Municipality, Office of Rural Municipal Executive invites Electronic Bids from eligible bidders for following projects.

Name of Project &Contract ID.	Price Of Bid Document	Estimated Amount Including VAT &PS (Nrs.)	Last Date, Time of bid Submission and Opening	Bid Security Amount & Bid Security Validity Period	Bank A/C Details (For cost of bid Document &Bid Security Amount)
Nagdada Simpali Rural Water Supply Project, ARM-01 & ARM/W/NCB/Ws/ 2079/80-11	NRs.3000	83,65,219.48	2023-04-26 at or before 12:00 hrs and 13:00 hrs Respectively	NRs.2,10,000/- & 120 days	Bank :Nic Asia Bank Ltd Naundada Account No: 1812050028919002 Account name: Annapurna Rural Municipality, & Bid security A/c number I-1-CA-051-227-85-2405

2. Eligible Bidders may obtain further information from the (website: https://annapurnamunkaski.gov.np) Annapurna Rural Municipality, Office of Rural Municipal Executive, Machhapokhari Kaski or may download bidding document from PPMO's e-GP system **www.bolpatra.gov.np/egp** under name of Annapurna Rural Municipality, Office of Rural Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** system before above mentioned Date & time.

Chief Administrative Officer

कुमारी बैंक लिमिटेड शाखा कार्यालय, बेलौरी, कञ्चनपुरको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/१२/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय बेलौरी, कञ्चनपुरबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

तपसिल

ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग भीमदत्तनगर, कञ्चनपुरमा मिति २०७५/१०/१२ मा प्रा.फ.र.नं. ७८३/२०७५/७६, स्थानीय व्यापार कायम भई दर्ता रहेको कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १० स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यू एम के ग्याँस ट्रेडर्स**का प्रोप्राईटर मैतु चौधरीको नातिनी, तुलाराम डगौरा/राधी चौधरीको छोरी, भक्ति राम चौधरी/मुन्या डगौराको बुहारी, शिव शंकर चौधरीको पत्नी, कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १०, सडकघाट (साबिक रामपुर विलासीपुर गा.वि.स. वडा नं. ०३) बस्ने **लक्ष्मी चौधरी** (ना.प्र.नं. ७५३०१३/७३०, जारी मिति २०६३/१०/२७, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मैतु चौधरीको नातिनी, तुलाराम डगौरा/राधी चौधरीको छोरी, भक्ति राम चौधरी/मुन्या डगौराको बुहारी, शिव शंकर चौधरीको पत्नी कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १०, सडकघाट(साबिक रामपुर विलासीपुर गा.वि.स. वडा नं. ०३) बस्ने **लक्ष्मी चौधरी** (ना.प्र.नं. ७५३०१३/७३०, जारी मिति २०६३/१०/२७, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)
२. सुन्दर लाल चौधरी/बेलौरी चौधरीको नाति, भक्ति राम चौधरी/मुन्या डगौराको छोरा, लक्ष्मी चौधरीको पति, कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १०, सडकघाट (साबिक रामपुर विलासीपुर गा.वि.स. वडा नं ०२) बस्ने **शिव शंकर चौधरी** (ना.प्र.नं. ७५३०१३/१७७०, जारी मिति २०६३/११/०६, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)।
३. पच्चोराम डगौराको नातिनी, बचुराम डगौरा/चुलीया डगौराको छोरी, सुन्दर लाल चौधरी/बेलौरी चौधरीको बुहारी, भक्ति राम चौधरीको पत्नी कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १० (साबिक रामपुर विलासीपुर गा.वि.स. वडा नं. ०१) बस्ने **मुन्या डगौरा** (ना.प्र.नं. ७७५४१३०८, जारी मिति २०३७/०२/२९, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)।
४. जुगराम डगौराको नाति, सुन्दर लाल चौधरी/बेलौरी चौधरीको छोरा, मुन्या डगौराको पति, कञ्चनपुर जिल्ला, बेलौरी न.पा. वडा नं. १० (साबिक रामपुर विलासीपुर गा.वि.स. वडा नं. ०१) बस्ने **भक्ति राम चौधरी** (ना.प्र.नं. ७७५४१४९६, जारी मिति २०३५/०२/१८, जिल्ला प्रशासन कार्यालय कञ्चनपुर)

धितो सुरक्षणको विवरण:

१. **भक्ति राम चौधरी**को नाममा मालपोत कार्यालय, कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, रामपुर विलासीपुर गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १९५ को क्षेत्रफल ३२३० (व.मी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय बेलौरी, कञ्चनपुर फोन नं. ०९९-५८००९९/३१७

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातायात पूर्वाधार निर्देशनालय

पूर्वाधार विकास कार्यालय, झापा

कोशी प्रदेश

भद्रपुर, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७९/१२/१३

यस कार्यालयबाट मिति २०७९/१०/११ गते अन्नपुर्ण पोष्ट र मिति २०७९/१०/१३ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल बमोजिमको निर्माण कार्यको लागि विद्युतीय खरिद प्रणाली (E-Bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये देहाय बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्विकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ दिने आशयको सूचना प्रकाशित गरिएको छ।

ठेक्का नं	आयोजनाको नाम र ठेगाना	छनौट गरिएको फर्मको नाम र ठेगाना	कबोल अङ्क (पी.एस. र भ्याट सहित)
IDO-JHP/W/NCB /MR-12/079-80)	Upgrading of Various Roads within Rong Rural Municipality, Ilam	Jaleshwor Nirman Sewa	31,40,036.48
IDO-JHP/W/NCB /MR-13/079-80)	Upgrading of Various Roads within Mechinagar Municipality (package 2), Jhapa	Kummakarna Construction, phidim	43,14,915.04
IDO-JHP/W/NCB /MR-14/079-80)	Upgrading of Various Roads within Chulachuli and Mangsebung Rural Municipality, Ilam	Aarsha Construction Pvt. Ltd., Biratnagar	1,22,82,361.19
IDO-JHP/W/NCB /MR-15/079-80)	Upgrading of Various Roads within Maijogmai Rural Municipality and Suryodaya Municipality, Ilam	Jaleshwor Nirman Sewa	49,25,207.10
IDO-JHP/W/NCB /MR-16/079-80)	Upgrading of Birtamod-4 Roadkill Hotel Uttar Hudai Yatayat Office Road	Maa Pathivara Nirman Sewa, Kankai 3, Jhapa	1895435.46
IDO-JHP/W/NCB /MR-17/079-80)	Upgrading of Bhutane chowk Sallaghari Khanibhanjyang Sadak, Suryodaya-13, Ilam	Jaleshwor Nirman Sewa	20,07,793.80
IDO-JHP/W/NCB /MR-18/079-80)	Upgrading of Various Roads Within deumai Municipality & Fakkothum Rural Municipality Ilam	Meriska Mallika Nirman Sewa, ilam 8	42,64,508.65
IDO-JHP/W/NCB /MR-20/079-80)	Upgrading of Various Roads within Ilam Municipality, Ilam	B.B. Nirman Sewa, Ilam	22,91,182.69
IDO-JHP/W/NCB /MR-21/079-80)	Upgrading of Ilam Jilla Su.Na.Pa.11 Kalapani Maghe Jogmai Namsaling Jodne Sadak, Ilam	B.B. Nirman Sewa, Ilam	18,56,503.75

कार्यालय प्रमुख

अहिलेको आर्थिक संकटको समाधान

बैंकको कर्जा नतिर्न विभिन्न प्रतिकार समितिहरू गठन हुनु र सरकारले टुलुटुलु हेरेर बस्नु राम्रो होइन



अर्थ संवाद

• डा. शेखर कोइराला
प्रतिनिधिसभा सदस्य

नेपालको अर्थतन्त्र पछिल्लो दुई वर्षदेखि संकटमा छ। हालसम्म अर्थतन्त्रको बाह्य क्षेत्रमा व्यापक सुधार आएको छ। तर, आन्तरिक अर्थतन्त्र भने संकटमै छ। सोही अवस्थालाई दृष्टिगत गर्दै मैले गत केही महिनादेखि देशका मूर्धन्य अर्थविद्, उद्योगपति, व्यवसायी, व्यापारी र उत्पादनका क्षेत्रमा लागेका साना-ठूला अनेक समूहसँग अन्तरक्रिया गर्दै आएको छु। छलफलका क्रममा उहाँहरूको समस्याका बारेमा सक्दो बुझ्ने प्रयास गरें। त्यसपछि जोखिम मोलेर मिहिनेत गर्दै आफ्नो उद्यमशीलताको बलमा स्वपुँजी परिचालन गर्ने, रोजगारी सिर्जना गर्ने र सरकारलाई कर तिर्ने वर्ग अर्थात् व्यवसायी अहिले निराश भएको पाएँ। गरिखाने युवा वर्ग सबै विदेश पलायन हुन खोज्नु र यहीँ उद्यम गरेर टिक्न खोजेका व्यवसायी हतास मनस्थितिमा रहनु भनेको हाम्रो राष्ट्र सिकिस्त बिरामी हुनु हो।

पछिल्लो समय देखिएको आर्थिक संकटका कारण सबैको व्यापार घटेको छ। व्यापार घटेपछि उद्योगका उत्पादन घट्नु स्वाभाविकै हो। सधैँ व्यापारमा व्यस्त रहने देशका प्रमुख बजारहरू अहिले उजाड छन्, बेरोजगारी बढ्दो छ। भर्खरै सरकारले प्रकाशित गरेको जनगणना २०७८ को प्रतिवेदनले पनि काम गर्ने उमेरका झन्डै एकतिहाइ (३४.३ प्रतिशत) नेपाली कुनै पनि आर्थिक उपार्जनमा संलग्न छैनन्। योभन्दा भयावह स्थिति अरू के हुन सक्छ ?

विश्वव्यापी कोरोना महामारी, फरक शैलीमा उदाएको नयाँ शीतयुद्ध, हाम्रो अर्थतन्त्रमा गरिनुपर्ने समयसापेक्ष सुधारको कमीजस्ता अनेकन् कारणले देशको अर्थतन्त्रले गति लिएको छैन। त्यसमाथि साधारण खर्चको वृद्धि, विकास खर्चको ढिलाइ र अधिक फजुल खर्चले हाम्रो अर्थतन्त्र थला परेको बुझिएको छ। हामी सबैलाई थाहा छ, अहिले हाम्रो अर्थतन्त्रको मेरुदण्ड भनेको विप्रेषण (रेमिट्यान्स)बाट प्राप्त विदेशी मुद्रा भएको छ।

चालू आर्थिक वर्षको माघ मसान्तसम्म विप्रेषण आप्रवाह २७.१ प्रतिशतले वृद्धि भई ६ खर्ब ८९ अर्ब ८८ करोड पुगेको छ। यही अवधिमा कुल विदेशी विनिमय सञ्चिति १३ खर्ब ८३ अर्ब ३३ करोड पुगेको छ। यसले हाम्रो अर्थतन्त्रलाई जोगाएको मात्र छैन, नेपाललाई श्रीलंका र पाकिस्तानको जस्तो संकटतर्फ जान पनि रोकेको छ। यद्यपि, देशको अर्थतन्त्रलाई दीर्घकालसम्म विप्रेषणका माध्यमबाट चलाउन र जोगाउन सम्भव छैन। त्यो शिक्षा लिएर वैकल्पिक आय र राजस्वका क्षेत्रहरूलाई खोज्नु नै उत्तम हुन्छ। संसार जुन ढंगले तनाव, गुटबन्दी र सामरिक द्वन्द्वको चपेटामा पर्दै छ, त्यसले हाम्रो विप्रेषणको प्रवाहलाई ढिलोचाँडो असर निश्चित गर्नेछ। तसर्थ, यस (रेमिट्यान्स)को विकल्पमा जानुपर्नेछ।

यसरी वर्तमान सरकारका सामु चुनौतीको चाङ छ। तर, नागरिकलाई भरोसा र विश्वास लिएर अगाडि बढ्दा अवसरका अपार सम्भावना पनि उत्तिकै छन्। संसद्भित्रका धेरै राजनीतिक दलहरूको समर्थन वर्तमान सरकारलाई छ। समर्थन लिन जति सजिलो छ, त्यसलाई जोगाउन त्यत्ति नै गाह्रो पनि छ, जुन कुरा हामीले सरकार बनेको दुई महिनामा दुईपटक विश्वासको मत दिनुपर्दा राम्रोसँग बुझेका छौं। कुनै पनि सरकार टिकाउन जति महत्त्व संसद्भित्रको गणितको हुन्छ, त्योभन्दा बढी महत्त्व आमनागरिकबीच सरकारको विश्वासले निर्धारण गर्दछ।

चालू आर्थिक वर्षको यही चैत ११ गतेसम्मको राजस्व संकलन र हाम्रो खर्चमा खर्बौं रुपैयाँको खाडल छ। चैत ११ गतेसम्म सरकारको कुल आम्दानी ६ खर्ब ४० अर्ब २८ करोड ८९ लाख रुपैयाँ रहेको छ। तर, खर्च भने त्योभन्दा १ खर्ब ६५ अर्ब ५८ करोड ५५ लाख रुपैयाँ बढी अर्थात् ८ खर्ब ३ अर्ब ८७ करोड ४४ लाख रुपैयाँ रहेको छ।

पुँजीगत खर्चलाई मात्र होइन, चालू खर्च धान्न पनि ऋण नलिईकन गाह्रो हुँदै छ। त्यसैले सबै राजनीतिक दल र सरकारलाई मेरो विनम्र अनुरोध छ, देशको सबल अर्थतन्त्रका लागि समय-समयमा फजुल खर्च घटाउन लागौं। विभिन्न कार्यदलले बुझाएका प्रतिवेदनलाई आधार मानेर अनुत्पादक फजुल खर्च कम गर्ने दिशातिर राजनीतिक सहमति कायम गरेर अघि बढ्न आवश्यक छ।


नागरिकको विश्वास र संसद्को समर्थनबाट देशमा देखा परेको अर्थतन्त्रको संकट सम्बोधन गरेर समृद्धिको यात्रा तय गर्न सकिन्छ। यसका लागि प्रधानमन्त्रीले इच्छाशक्तिको मात्र प्रदर्शन गरेर पुग्दैन। सम्पूर्ण मन्त्रिमण्डललाई नैतिक रूपमा तलमाथि गर्न नदिने प्रण गर्नुपर्छ। समाजवाद भ्रष्टाचारको जगबाट आउँदैन, समन्यायिक समाज बनाउन सम्यक विचार, व्यवहार र दृष्टिकोण चाहिन्छ। साझा संकल्प र प्रयत्नबाट अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रको विश्वास जित्न सकिन्छ। विश्वबाट लगानीको अवसरहरू नेपाल भित्र्याएर बेरोजगारीलाई सम्बोधन गर्न सम्भव हुन्छ। यस्तै, पछिल्लो समय विश्वव्यापी रूपमा बैंकिङ क्षेत्रको विश्वसनीयतामाथि प्रश्न उठिरहेको छ। हाम्रो देशमा पनि युरोप र अमेरिकामा देखिएको जस्तो बैंकिङ संकट आउन नदिन मौद्रिक नीतिलाई वेलैमा विज्ञ विशेषज्ञको सल्लाहबाट अगाडि बढ्न आवश्यक छ।

कर्जालाई अंग्रेजी भाषामा क्रेडिट भनिन्छ, जसको मौलिक ल्याटिन अर्थ हो- विश्वास। राजनीतिक नेतृत्वमा पनि आमजनताको विश्वास घटेपछि सबल अर्थतन्त्र धराशायी बन्न समय लाग्दैन। त्यसैले अहिलेको असहजताको सम्बोधन परम्परागत टालटुले विधिबाट होइन, दीर्घकालीन रूपमै निकास निस्कने गरी सरकारले काम गर्नुपर्छ।

एकातिर कर्जाको मागमा कमी आएको छ भने अर्कोतिर बैंकहरूको खराब कर्जाको अनुपात बढ्दै छ। त्यति मात्र नभई बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा नतिर्न विभिन्न प्रतिकार समितिहरू गठन हुनु र सरकार टुलुटुलु हेरेर बस्नु कदापि राम्रो संकेत हैन। त्यस्तो आपराधिक प्रवृत्तिको तुरुन्त उपचार गरिहाल्नुपर्छ।

यस्तै, साना मझौला उद्योग व्यवसाय, ग्रामीण किसान तथा कृषि, उद्योग र व्यवसायीलाई आर्थिक गतिविधि बढाउन सहयोग गरिराखेको र अर्थतन्त्रलाई चलायमान बनाउने धेरै सहकारीहरू ठूला जोखिममा छन्।

बैंक र सहकारीले गतिविधि कम गर्दा आर्थिक क्षेत्रमा संकुचन आएको छ। सरकारले नेपाल राष्ट्र बैंकमार्फत बैंकहरूको अनुगमन गर्ने र सहकारी अनुगमन गर्न छुट्टै संयन्त्रको निर्माण



> विदेशी लगानीमार्फत बेरोजगारी समस्या समाधान गर्न सकिन्छ। सूचना प्रविधिमा आधारित बोर्डरलेस गिग इकोनोमी विकास गर्न ढिलाइ गर्नुहुँदैन भने उद्योगका लागि छुट्टै 'कमर्सियल कोर्ट' पनि स्थापना गर्नुपर्छ।

गर्नुपर्छ। साथै, आर्थिक तथा मौद्रिक नीतिमार्फत सहकारीका समस्या समाधानमा सहजीकरण गर्ने विश्वसनीय आधार तुरुन्तै दिन आवश्यक छ। साथै, सहकारीमा जस्तै समस्या लघुवित्तमा समेत देखिन थालेको छ। संख्याभन्दा गुण र कारोबारको सीमा तोक्नु नै लघुवित बचाउने आजको आवश्यकता हो। यसैगरी, हरेक सेवा र वस्तु उत्पादनको लागत कम गरी प्रतिस्पर्धी कसरी बन्ने भन्ने कुरामा पनि हाम्रो ध्यान जान आवश्यक छ। यसका लागि सरकारी निकायहरूले उद्योग व्यवसायमाथि झन्झट थोपर्ने, दोहन गर्ने र हैरान पार्ने काम बन्द गर्नुपर्छ। साथै, निजी क्षेत्रका संगठनहरू नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सलगायतले लगानी र रोजगारी बढाउन ऐन, कानुन र प्रक्रियामा सुधारका लागि दिएका सुझावको निरपेक्ष अध्ययन गरेर आवश्यकताअनुसार सुधार गर्दै जानुपर्छ।

संविधानविपरीतका कानुन अनि कानुनविपरीतका नियमावलीहरू तत्काल सुधार्नुपर्छ। साँच्चै भन्ने हो भने ०४८ मा हामीले ल्याएको सुधारको शृंखलालाई निरन्तरता दिन नसक्दा नै हामी अहिले समस्या नै समस्याको थुप्रोमा रुमलिएका छौं।

अर्थ मन्त्रालयले उद्योग व्यवसाय ऐन मान्दैन र आर्थिक ऐनले सबै ऐनलाई काटिदिन्छ भन्ने निजी क्षेत्रको गुनासो छ। उद्योगहरूको अनुगमन उद्योग मन्त्रालयका संरचनाबाट हुनुपर्छ। तर, हामीले संसदीय समितिलगायत विभिन्न निकायबाट अनावश्यक अनुगमनको नाममा व्यवसायीलाई दुःख दिने काम गरेका छौं। न्यायालयको निर्णय ढिलो हुँदा उद्योग व्यवसायको लगानीलाई समस्या हुने भइरहेकाले उद्योगहरूका लागि छुट्टै 'कमर्सियल कोर्ट' (वाणिज्य अदालत) आवश्यक देखिएको छ।

त्यसैगरी, परम्परागत उद्योगको परिपूरकका रूपमा नयाँ प्रकृतिका उद्योगको जन्म हुन थालेको छ। सूचना प्रविधि क्षेत्रमा अहिलेको सम्भावना र आवश्यकतालाई ध्यान दिएर सूचना प्रविधिमा आधारित (बोर्डरलेस गिग इकोनोमी) बारे पनि हामीले नवीन प्रयत्न गर्नुपर्ने देखिएको छ। रेमिट्यान्सबाट मात्र उल्लेख्य विदेशी मुद्रा आइरहेको मुलुकमा यो नयाँ स्रोत बन्ने सम्भावना रहेको तथ्य युवाहरूसँग मैले गरेको अन्तरक्रियामा पाएको छु।

मलाई लाग्छ, देशमा राजनीतिलाई स्थिर नराखी समुन्नतिको यात्रा तय गर्न सकिँदैन। जनतामा आशा र भरोसा नजगाई लोकतन्त्रको संरक्षण गर्न पनि सकिँदैन। तसर्थ, सम्भव भएसम्म अब हामी सर्वाङ्गीण आर्थिक सुधारका कामहरू अगाडि बढाउन आवश्यक छ। लोकतान्त्रिक राजनीतिक प्रणालीलाई अक्सिजन दिएर बचाउने, बढाउने र जोगाउने काम आर्थिक विकासबाट मात्र सम्भव हुन्छ। नेपालका प्रत्येक नागरिकको जीवनमा देखिने गरी आउने दिगो सुधारले मात्र यो सम्भव हुन्छ।

(सांसद डा. कोइरालाले आइतबार प्रतिनिधिसभा बैठकमा राखेको मन्तव्यको सम्पादित अंश)

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय
तुलसीपुर, दाङ

बक्यौता कर रकम दाखिला गर्ने बारेको अत्यन्त जरूरी सूचना

प्रकाशन मितिः २०७९/१२/१३

यस कार्यालय अन्तर्गतका तपसिलमा उल्लेखित करदाताहरुलाई कर बक्यौता दाखिला गर्न विभिन्न मितिमा मैत्रीपूर्ण अनुरोध, पत्राचार, फोन सम्पर्क गरी जानकारी गराइएको, कतिपय करदातालाई फोन सम्पर्क गर्दा सम्पर्क हुन नसकेको, करदाताको ठेगानामा पत्राचार गर्दा हुलाक मार्फत पत्र तामेल हुन नसकेको र हालसम्म पनि बक्यौता रकम दाखिला गरेको नदेखिएकोले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कर बक्यौता रकम दाखिला गर्नुहुन वा दाखिला गरिसकेको भए सोको प्रमाण पेश गरी कर बक्यौता फर्छ्यौट गर्नुहुन जानकारी गराईन्छ। अन्यथा, आयकर ऐन, २०५८ को दफा १०४ देखि १११ सम्मको कुनै प्रक्रिया अपनाई तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१(१) बमोजिमको प्रक्रिया अपनाई असुल उपर गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल :

सि.नं.	स्थायी लेखा नं.	फर्मको नाम	फर्मको ठेगाना	बक्यौताको किसिम
१	६०६९०४२१४	माइलस्टोन बिल्डर्स	घोराही, १५ दाङ	आयकर/मू.अ.कर
२	३०५४७११८७	जनविश्वास कंक्रिट उद्योग	तुल्सीपुर, १९ दाङ	आयकर
३	३०५२८०४६४	पुन कन्स्ट्रक्सन प्रा.लि.	तुल्सीपुर, ६ दाङ	आयकर/मू.अ.कर
४	३००२२३३८३	श्री राम इन्टरप्राइजेज	तुल्सीपुर, ५ दाङ	मू.अ.कर
५	३०३९१२८०८	श्री माता अम्बिकेश्वरी मार्वल टायल चिप्स पसल	घोराही, १५ दाङ	आयकर/मू.अ.कर
६	६०२४१७९२३	सेज इन्जिनियर्स	घोराही, १५ दाङ	आयकर/मू.अ.कर
७	३०३९११८४७	लामा/ए.डि./धर्मेन्द्र जे.भि.	प्युठान, ८	आयकर/मू.अ.कर
८	३००५२२२३१	ललित इन्टरप्राईजेज	घोराही, ८ दाङ	आयकर/मू.अ.कर
९	३०५२७५४९५	उषा इन्टरप्राइजेज	तुलसीपुर, ५ दाङ	आयकर/मू.अ.कर
१०	३०३७१४६५७	लोकविर एण्ड वेताली र कमल कन्स्ट्रक्सन सेवा जे.भी.	सिस्ने, ५	मू.अ.कर
११	६०४३००२३४	दाजु भाई कन्स्ट्रक्सन	त्रिवेणी, १	मू.अ.कर
१२	३०५२७९२९१	शिवशक्ति सप्लायर्स	घोराही, १५ दाङ	मू.अ.कर
१३	३०५८४२५६९	गजुरमुखी–सफल बिल्डर्स जे.भी.	काठमाडौं, ३२	मू.अ.कर
१४	३०४१९००७२	बुढाथोकी कन्स्ट्रकसन	दँगीशरण, ७ दाङ	आयकर/मू.अ.कर
१५	६०३३०६६१५	विपिन ट्रेडर्स एण्ड अर्डर एण्ड सप्लायर्स	प्युठान, ४	आयकर/मू.अ.कर
१६	६०६१४३२९३	जनप्रिय बालुवा प्रशोधन उद्योग	गढवा, १ दाङ	मू.अ.कर
१७	३०४४३७४४७	ज्ञान ज्योति एकेडेमी सल्यान	बनगाड कुर्पिण्डे, १	आयकर
१८	३००२२३५३४	भैरव कन्स्ट्रक्सन कम्पनी/धर्मेन्द्र निर्माण सेवा जे.भी.	प्युठान, ८	मू.अ.कर
१९	६१६४५०५५६	मालीका मेकानिकल वर्कशप	तुल्सीपुर, १८ दाङ	मू.अ.कर
२०	३०३९१००३७	दाङ भ्याली ह्युम पाईप एण्ड कंक्रिट इण्डष्ट्रिज प्रा.लि.	लमही, १ दाङ	मू.अ.कर
२१	६०९६३४३६१	अज् इन्फ्रास्ट्रक्चर इन्जिनियरीङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.ली.	घोराही, ३ दाङ	मू.अ.कर
२२	६०९३१९५३८	पि.जि. ढुवानी सेवा	रुन्टीगढी, ६	मू.अ.कर
२३	३०१००८८१३	स्वर्गद्वारी अटो डिष्टिव्यूटर्स	घोराही, ८ दाङ	आयकर
२४	६०६८९६९६०	प्रोलिफिक कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग	स्वर्गद्वारी, ४ प्युठान	मू.अ.कर
२५	३००८०६९४०	अटो मार्ट	घोराही, १५ दाङ	आयकर/मू.अ.कर
२६	६०७२०९१४७	कृष्ण फिक्स चिम्नी इट्टा उद्योग	गढवा, १ दाङ	मू.अ.कर
२७	६०४२६४९५८	लोहारपानी निर्माण सेवा	घोराही, १५ दाङ	मू.अ.कर
२८	३०३७१७१९३	ओ.पि.पि. कन्स्ट्रक्सन प्रा.लि.	तुल्सीपुर, ५ दाङ	मू.अ.कर
२९	३०५२८३५७९	जेसिका ट्रेडर्स	घोराही, १४ दाङ	मू.अ.कर
३०	६०२३४१६२२	गोरक्ष ढुवानी सेवा,	घोराही, ३ दाङ	मू.अ.कर
३१	३०२४७१००१	ब्राहा सप्लायर्स	घोराही, १५ दाङ	आयकर/मू.अ.कर
३२	६०५९८२७९८	एस.एम.वि.ड्रिङ्किड वाटर एण्ड बेभरेज	लमही, ३ दाङ	मू.अ.कर
३३	३०२१९६२१२	रोशन बिल्डर्स प्रा.ली.	तुल्सीपुर, ६ दाङ	आयकर/मू.अ.कर
३४	३०२८२१५२९	राप्ती भेरी ट्रेडर्स	तुल्सीपुर, ५ दाङ	आयकर
३५	६०३३९४६३२	आई डु निर्माण सेवा	त्रिवेणी, ३	मू.अ.कर
३६	३०५७९२१३०	न्यू रोल्पाली दुर्गा स्टोर	तुल्सीपुर, ५ दाङ	आयकर
३७	६०२४२२२९१	राजिब ईट्टा उद्योग	घोराही, ८ दाङ	मू.अ.कर
३८	३०५७३१९६२	माता अम्बीकेश्वरी फिक्स चिम्नी ईट्टा उद्योग	घोराही, १० दाङ	मू.अ.कर
३९	६०४९१८९६९	डि.एल.एस. ट्रान्सपोर्ट	घोराही, ३ दाङ	आयकर/मू.अ.कर
४०	३०१५४०१६०	जिवनदान सप्लायर्स	झिमरुक, ६प्यूठान	आयकर/मू.अ.कर
४१	६०१५५५९५८	न्यू जे.टी. कम्प्यूटर सप्लार्यस	मुसिकोट, १	मू.अ.कर
४२	३०२८२१६१९	पशुपति इटा उद्योग	तुल्सीपुर, ११ दाङ	मू.अ.कर
४३	३०५४७०४२५	न्यू राप्ती क्रसर उद्योग प्रा.लि.	तुल्सीपुर, ०४ दाङ	मू.अ.कर
४४	६०३२२६६९२	रविन श्री ढुवानी सेवा	घोराही, ४ दाङ	मू.अ.कर
४५	६०५०७९७८६	पूर्ण पोल्ट्री सप्लायर्स	घोराही, १० दाङ	आयकर
४६	३०५७३७६३२	गणेश फिक्स चिम्नी इट्टा उद्योग	तुल्सीपुर, १७ दाङ	मू.अ.कर
४७	३००००३००८	गौरीकुण्ड सप्लायर्स	तुल्सीपुर, ७ दाङ	आयकर
४८	३००८६५४५३	भुमा निर्माण सेवा	तुल्सीपुर, १८ दाङ	मू.अ.कर
४९	३०५७९६८७५	सांग्रिला ड्रिङ्कङ्ग वाटर एण्ड बेभरेज इण्डष्ट्रिज प्रा.लि.	लमही, ५ दाङ	मू.अ.कर
५०	३०५४७२०१६	जलजला निर्माण सेवा प्रा.लि./आशु निर्माण सेवा जे.भी.	प्युठान, ४	मू.अ.कर
५१	६०७६५६६९५	पाण्डव बालुवा प्रशोधन उद्योग	लमही, ८ दाङ	मू.अ.कर
५२	३०५७३४५९८	रिदिपा कन्स्ट्रक्सन	सुवर्णवती, ७	मू.अ.कर
५३	६०५४६६९११	शिवशक्ति ढुवानी सेवा	घोराही, १५ दाङ	मू.अ.कर
५४	६०५५९८२४७	फ्रेण्डस सुपरमार्केट	घोराही, १५ दाङ	मू.अ.कर
५५	६०७०९४३९४	ग्रीन जलजला कन्स्ट्रक्सन	थवाङ, ३ रोल्पा	मू.अ.कर
५६	६०८९२२०८५	सुर्य एग्रीगेट वासिङ्ग उद्योग	गढवा, १ दाङ	मू.अ.कर
५७	३००५२२७३६	श्री सुनिल स्टेशनरी	तुल्सीपुर, ५ दाङ	मू.अ.कर
५८	३०२६४३७३४	पि.के.ट्रेडर्स	घोराही, ९ दाङ	आयकर
५९	३०४१९१०३३	प्राकृतिक, उच्च हिमालय, भानु जे.भी.	सिद्धार्थनगर, ९	मू.अ.कर
६०	६०६७८१४४८	चन्द्रमान इन्जीनियरिङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.	घोराही, १५ दाङ	मू.अ.कर
६१	६०६८८२६२४	सेती भेरी निर्माण सेवा	सानीभेरी, २	मू.अ.कर
६२	३००२२३५५०	डि.के.एण्ड सन्स आयल सेन्टर	घोराही, ८ दाङ	आयकर/मू.अ.कर
६३	३०४९३३२३१	शिव इट्टा उद्योग	तुल्सीपुर, १९ दाङ	मू.अ.कर
६४	३०५२७७५४९	सुरताराम व्यापार एण्ड हिमशिखर सप्लायर्स जे.भी.	मुसिकोट, १	मू.अ.कर
६५	३०४१९४१४८	कालिका सप्लायर्स	घोराही, १५ दाङ	आयकर/मू.अ.कर
६६	६०३५४७५२६	मिड वेष्टर्न लाइभस्टक एण्ड पोल्ट्री फार्म प्रा.लि.	घोराही, ७ दाङ	आयकर
६७	३०५६२५७६२	न्यू एलायन्स हार्डवयर	घोराही, १३ दाङ	मू.अ.कर
६८	६०९९३३४२८	पाण्डवेश्वर ढुवानी सेवा प्रा.लि.	घोराही, १४ दाङ	मू.अ.कर
६९	३०४४३५३८०	खड्का निर्माण सेवा	लुइग्री, ४ रोल्पा	मू.अ.कर
७०	६०४३०४३७१	टि.डि.एस. कन्स्ट्रक्सन प्रा.लि.	शान्तिनगर, १ दाङ	मू.अ.कर
७१	३०३९१०१३०	प्रकृति इलेक्ट्रिकल्स	तुल्सीपुर, १८ दाङ	मू.अ.कर
७२	६०७४०९४६८	समावेशी निर्माण सेवा	छत्रेश्वरी, २	मू.अ.कर
७३	६०६६८९६२९	सरस्वती गार्मेन्ट प्रा.लि.	घोराही, १५ दाङ	मू.अ.कर
७४	६०६९०६९३७	हिमाल एण्ड पुष्पा कन्स्ट्रक्सन	कालीमाटी, १ सल्यान	मू.अ.कर
७५	६०६८२१४५६	शिध्द कुमाख निर्माण सेवा प्रा.लि.	कुमाख, ३ सल्यान	मू.अ.कर
७६	३०५७९२०२४	गौरव ट्रेडर्स	घोराही, १५ दाङ	मू.अ.कर
७७	३०४४३८६५९	वगेश्वरी ट्रेडर्स	घोराही, १५ दाङ	मू.अ.कर
७८	३०३९१३७११	आसिका ट्रेडर्स	घोराही, १६ दाङ	मू.अ.कर
७९	६०६८६३०३६	नमस्ते नेपाल निर्माण सेवा दाङ	घोराही, १८ दाङ	मू.अ.कर
८०	३०२४७१९४०	बन्जाडे किराना स्टोर्स	घोराही, ८ दाङ	मू.अ.कर
८१	३०३९१३४१२	जोशी फर्निचर ग्यालरी	घोराही, १५ दाङ	मू.अ.कर
८२	३०१९८११७०	जयन्ती डिष्ट्रिव्यूटर्स	घोराही, ८ दाङ	मू.अ.कर
८३	३००५१८६७०	निखिल डिजल्स	तुल्सीपुर, ७ दाङ	मू.अ.कर
८४	३०५७९२७१२	श्री बगेश्वरी ढुवानी सेवा	तुल्सीपुर, १८ दाङ	मू.अ.कर
८५	६०५५९३४९३	गुगल ट्रेडर्स	घोराही, १५ दाङ	मू.अ.कर
८६	६१२७०८६४२	दाजु भाई ढुवानी सेवा	घोराही, ३ दाङ	मू.अ.कर
८७	६०४३०७६११	मौराखारा निर्माण कम्पनी	मुसिकोट, १	मू.अ.कर
८८	६०७८०८०५२	श्री लक्ष्मी सप्लायर्स	घोराही, १४ दाङ	मू.अ.कर
८९	६०६८७३७७२	कुर्पिन्डेदह कन्सट्रक्सन प्रा.लि.	कुमाख, ५ सल्यान	मू.अ.कर
९०	६०६७६९३१४	रारा टि.टि.एच. कन्स्ट्रक्सन प्रा.लि.	त्रिवेणी, २	मू.अ.कर
९१	३०५४७३२०२	श्री खानी।धुलीखेला।डायगन जे.भी.	मुसिकोट, १३	मू.अ.कर
९२	६०८८३८३२४	एम.सि. निर्माण सेवा	सरुमारानी, ४ प्यूठान	मू.अ.कर
९३	६०९६२७१४५	मिसवाह कन्स्ट्रक्सन प्रा.लि.	लमही, ५ दाङ	मू.अ.कर
९४	३००८०२८५८	धनाजय गल्ला पसल (स्टोर)	त्रिवेणी, ३	आयकर
९५	६०४१२८२२५	सुनिधी ट्रेडर्स	घोराही, १४ दाङ	मू.अ.कर
९६	३००४२४८४५	शाह निर्माण सेवा	कुमाखमालिका, ५ सल्यान	मू.अ.कर
९७	६०६००६८०८	थुर्पा कन्स्ट्रक्सन प्रा.ली	माडौ, ६ रोल्पा	मू.अ.कर
९८	३०२४७३३५१	जयगुरु निमार्ण सेवा, पिएम. कन्स्ट्रक्सन जे.भी.	त्रिवेणी, १	मू.अ.कर
९९	११२९३९६६१	स्मार्ट डिजिटल इलेक्ट्रोनिक सप्लायर्स	तुल्सीपुर, ५ दाङ	मू.अ.कर
१००	३०१५४३२५९	शिवशक्ती मार्केटिङ	घोराही, १४ दाङ	मू.अ.कर

अर्थ पत्रिका
नयाँ पत्रिका
सोमबार १३ चैत ०७९

अर्थ मन्त्रालय बजेट निर्माणमा व्यस्त, १६ खर्ब ८८ अर्बको सिलिङ

आगामी आवको बजेटमा लिनुपर्ने राजस्व नीतिबारे २० चैतभित्र सुझाव दिन सरोकारवालालाई आह्वान, नौवटा उपसमितिले प्रतिवेदन तयार गर्दै

पवन तिमिल्सिना/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८०/८१ को बजेट निर्माणमा अर्थ मन्त्रालयका अधिकारीहरू व्यस्त हुन थालेका छन् ।

अर्थ मन्त्रालयका राजस्व सचिव रामप्रसाद घिमिरेको नेतृत्वमा आगामी आवको बजेटमा लिनुपर्ने राजस्व नीतिबारे सुझाव लिन नौवटा विभिन्न उपसमिति नै गठन भएका छन् । राष्ट्रिय योजना आयोगले भने आगामी आव ०८०/८१ का लागि १६ खर्ब ८८ अर्ब रुपैयाँको बजेट सिलिङ तोकिसकेको छ ।

आयोगले तोकेको सिलिङ चालू आव ०७९/८० का लागि जारी बजेटभन्दा कम हो । चालू आवमा १७ खर्ब ९३ अर्ब रुपैयाँको बजेट सार्वजनिक भएकोमा मध्यावधि समीक्षामार्फत १४ प्रतिशत घटाएर १५ खर्ब ४९ अर्ब बजेट कार्यान्वयन गर्ने नीति लिइएको छ ।

राष्ट्रपति र उपराष्ट्रपति चुनावलगत्तै सत्ता समीकरण परिवर्तन भएको र नयाँ आउन ढिलाइ हुँदा बजेट निर्माणका लागि गरिने मन्त्रालयगत छलफलमा भने केही ढिलाइ भएको छ । १५ जेठमा बजेट ल्याउनैपर्ने संविधानमा व्यवस्था भएकाले आगामी दिनमा छलफललाई तीव्रता दिइने मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बताए ।

२१ मन्त्रालयसँग दुई चरण गरेर छलफल गर्दा मात्रै कम्तीमा एक महिना बित्छ । त्यसपछि विषयतगत विज्ञहरू, पूर्वसचिव तथा पूर्वमन्त्रीहरूको रायसमेत लिनुपर्ने भए पनि आगामी आवको बजेट निर्माणका खासै ढिलाइ नभएको राष्ट्रिय योजना आयोगका सदस्य डा. रामकुमार फुँयालले बताए ।

'राजनीतिक घटनाक्रममा फेरबदल भए पनि बजेटको पूर्वतयारीमा खासै असर परेको छैन,' उनले भने, 'अब अलि हतार गरेर भए पनि चैतभरिमा विस्तृत छलफल गरेर मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा बजेटका अंकहरू प्रविष्ट गर्ने काम सक्नुपर्ने हुन्छ ।' उनले योजना आयोगतर्फ गर्नुपर्ने छलफल र कार्यसम्पादन भने नियमित रूपमा अधि बढिरहेको बताए ।

आगामी आवको बजेटमा उत्पादन बढाउने ठाउँमा खर्च गर्न, तुरुन्तै रोजगारी सिर्जना हुने कार्यक्रम लागू गर्ने, तरलताको तत्काल समस्या समाधान गर्न, नतिजामुखी निर्यात कार्यक्रम लागू गर्नुपर्नेलगायतका कार्यक्रमलाई प्राथमिकता दिन सुझाव दिएको उनले जानकारी दिए ।

अर्थ मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले बजेटको मस्यौदा लेखन समिति बन्ने क्रममै रहेको बताए । 'सबै सम्बन्धित मन्त्रालयहरूले योजना आयोगले दिएको सिलिङ (सीमा)भित्र बसेर बजेट तथा कार्यक्रमको तयारी गरिरहेका छन्,' उनले भने, 'मन्त्रालयहरूबाट कार्यक्रम प्रस्ताव आउनुपूर्व अर्थ मन्त्रालयले आफ्नो आन्तरिक तयारीको काम गरिरहेको छ । बजेटको मस्यौदा लेख्ने समिति पनि बन्ने क्रममा छ ।'

आगामी आवको बजेटमा राजस्वसम्बन्धी नीतिका लागि सुझाव दिन गठित उपसमितिहरू

क्र सं.	समिति	संयोजक
१	आन्तरिक राजस्व उपसमिति	दीर्घराज मैनाली, महानिर्देशक, आन्तरिक राजस्व विभाग
२	भन्सार उपसमिति	चक्रबहादुर बुढा, महानिर्देशक, भन्सार विभाग
३	उद्योग, वाणिज्य, लगानी तथा निर्यात प्रवर्द्धन उपसमिति	बाबुराम गौतम, सहसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
४	राजस्व चुहावट नियन्त्रण तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान उपसमिति	नारायणप्रसाद सापकोटा, महानिर्देशक, राजस्व अनुसन्धान विभाग
५	कृषि, ऊर्जा तथा पर्यटन उपसमिति	राजेन्द्र पौडेल, सहसचिव, राष्ट्रिय योजना आयोग
६	बैंक, वित्तीय संस्था, बिमा, सहकारी तथा पुँजी बजार उपसमिति	झक्कप्रसाद आचार्य, सहसचिव, अर्थ मन्त्रालय
७	गैरकर उपसमिति	आनन्द काफ्ले, सहसचिव, अर्थ मन्त्रालय
८	अन्तरसरकारी राजस्व व्यवस्थापन उपसमिति	ईश्वरीप्रसाद अर्याल, सहसचिव, अर्थ मन्त्रालय
९	राजस्वसम्बन्धी ऐन-नियम, प्रशासनिक सुधार उपसमिति	अर्जुन खड्का, सहसचिव, अर्थ मन्त्रालय

स्रोत : अर्थ मन्त्रालय

बजेटको सिलिङ तोकिएको छ, उत्पादनमुखी कार्यक्रम समेट्नुपर्छ

● **डा. रामकुमार फुँयाल**, सदस्य, राष्ट्रिय योजना आयोग



बजेट निर्माण प्रक्रियामा गइसकेको छ । आउँदा दिनमा बजेटको छलफलचाहिँ अलि हतार गरेर भए पनि चैतभरिमा सक्नुपर्ने हुन्छ । चैतभित्र छलफल सकेर मन्त्रालयगत बजेट सूचना प्रणाली (एलएमबिआइएस)मा इन्ट्री गर्नुपर्ने हो । हामी बजेट निर्माणको तालिका पनि बनाउँदै छौं । उत्पादनमुखी र रोजगारमुखी कार्यक्रम समेटेर बजेट बनाउन हामीले सुझाव दिएका छौं ।

राजस्व परामर्श समितिको काम भइरहेको छ

● **रामप्रसाद घिमिरे**, राजस्व सचिव, अर्थ मन्त्रालय



आगामी आवको आर्थिक ऐन बनाउँदा अवलम्बन गर्नुपर्ने राजस्व नीतिसहित समग्र राजस्वबारे काम गर्न नौ उपसमिति बनाइएको छ । यी उपसमितिले अहिले सरोकारवालाबाट सुझाव संकलनको काम गरिरहेका छन् । यो समितिले सुझावमूलक प्रतिवेदन तयार पारी अर्थ मन्त्रालयमा पेस गर्छ । भन्सार महसुल, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क, गैरकर र राजस्व चुहावट नियन्त्रणका विषयमा समितिले काम गरिरहेको छ ।

■ विकासे मन्त्रालयको सिलिङ घट्यो

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको संयोजकत्वमा रहेको राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्षका लागि १६ खर्ब ८८ अर्बको सिलिङ पठाइसकेको छ । आयोगले दोस्रोपटक सिलिङ संशोधन गरेर पठाएको एक कर्मचारीले बताए । उनका अनुसार आन्तरिक ऋण भुक्तानीका लागि एक खर्ब रुपैयाँको स्रोत जोहो गर्नुपर्ने भएकाले केही विकासे मन्त्रालयको सिलिङमा कटौती गरिएको छ । 'योजना आयोगले भौतिक पूर्वाधार, सहरी विकास, ऊर्जाजस्ता प्रमुख विकासे मन्त्रालयको बजेट सिलिङ घटाएर पठाएको छ । यद्यपि, १६ खर्ब ८८ अर्बको सिलिङलाई भने यथावत् नै राखिएको छ,' ती कर्मचारीले भने ।


■ राजस्व नीतिबारे प्रतिवेदन बनाइँदै

राजस्वको नीति तथा कार्यक्रम तर्जुमाको काम गर्दै आएको राजस्व परामर्श विकास समिति खारेज गरिएको छ । त्यसको सट्टा राजस्व सचिवको अध्यक्षतामा राजस्व परामर्श समिति गठन भएको छ । जसअन्तर्गत नौ उपसमिति गठन भई आगामी आवको बजेटमा लिइने राजस्व नीतिबारे समूहगत रूपमा सुझाव संकलन भइरहेको अर्थ मन्त्रालयका राजस्व सचिव रामप्रसाद घिमिरेले जानकारी दिए । समितिले २० चैतसम्म सुझाव संकलनका लागि आह्वान गरेको छ ।

'आगामी आवको आर्थिक ऐन बनाउँदा अवलम्बन गर्नुपर्ने राजस्व नीतिसहित समग्र राजस्वबारे काम गर्न नौवटा फरक-फरक उपसमिति बनाइएको छ । यी उपसमितिले अहिले सरोकारवालाबाट सुझाव संकलनको काम गरिरहेका छन् । मन्त्रालयले राजस्व परामर्श समिति गठन गरी नीति-निर्माणको काम थालेको हो,' सचिव घिमिरेले भने । यो समितिले प्रतिवेदन तयार गरेर मन्त्रीकहाँ सुझाव पेस गर्नेछ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

१८ सयमा ओर्लियो नेप्से
लगानीकर्ताले गुमाए १८ अर्ब



भोजराज भण्डारी/नयाँ पत्रिका

नेप्से परिसूचक साढे तीन महिनाअघिकै विन्दुमा आइपुगेको छ । आइतबार नेप्से २६ दशमलव ५ अंकले घटेर १८ सय ८८ दशमलव २९ विन्दुमा आएको हो । यसअघि २५ मंसिरमा नेप्से परिसूचक एक हजार आठ सय ८५ दशमलव ३१ विन्दुमा थियो ।

गत बिहीबार नेप्से सूचक एक हजार नौ सय १५ दशमलव १४ विन्दुमा पुगेर थामिए पनि आइतबार आएको उत्तारचढावबीच बजार घटेर १८ सय ८८ दशमलव २९ अंकमा बन्द हुन पुगेको हो ।

बजार १९ सयको मनोवैज्ञानिक विन्दुबाट तल झरेसँगै लगानीकर्ता आत्तिएका छन् । आइतबार ३७ लाख कित्ता सेयर खरिद-बिक्री हुँदा एक अर्ब २८ करोड रुपैयाँको कारोबार भएको छ ।

२५ मंसियता नेप्से सूचक दुई हजार दुई सय ११ दशमलव ७६ को उच्चसम्म पुगेको थियो । त्यसयता बजारमा पुनः गिरावट आइरहेको छ । एमाले-माओवादीको गठबन्धन सरकार निर्माण हुँदा राजनीतिक स्थिरताको अपेक्षामा लगानीकर्ताको मनोबल बढेर नेप्से केही बढेको थियो । तर, मुलुक पुनः राजनीतिक अस्थिरतामा जान थालेपछि लगानीकर्ता हतोत्साहित भएका हुन् ।

बजार घट्न थालेपछि लगानीकर्ताले नियामक निकायले सेयर बजारलाई उपेक्षा गरेको बताउन थालेका छन् । लगानीकर्ता तथा सेयर बजार दबाब समूहका महासचिव नयन बाँस्तोलाले सरकारले अर्थतन्त्रलाई प्राथमिकता दिएर काम गर्न नसक्दा सेयर बजारमा प्रभाव परेको बताए । उनले भने, 'राजनीतिक अस्थिरता छ, बैंकको ब्याजदरमा सुधार आउन सकेको छैन । महँगी पनि बढेको छ, यिनै कारण सेयर बजार घट्न पुगेको हो ।'

निरन्तर बजार घट्दा सेयरभाउ भने निकै सस्तो भइरहेको छ । विशेष गरी लघु वित्तका अधिकांश कम्पनीहरूको अहिले एक हजारभन्दा कम मूल्यमा पुगेका छन् ।



'लगातार १९ महिनादेखि ओरालो लागेको सेयर बजारमा लगानीकर्ताले १४ खर्ब लगानी गुमाइसकेका छन् । लगानीकर्ताले अब कति लगानी गुमाउनुपर्ने हो ?'

● **हरि ढकाल**, सांसद, रास्वपा

अर्को लगानीकर्ता छोटेलाल रौनियारले बजार घट्नुको मुख्य दोषी वर्तमान सरकार रहेको बताए । अर्थतन्त्र धराशायी भइरहेको र व्यापार घाटा बढेको अवस्थामा हालसम्म अर्थतन्त्रको नेतृत्व लिने सही व्यक्ति नियुक्त हुन नसक्दा त्यसको प्रभाव पनि बजारमा देखिएको उनको आरोप छ । रौनियारले भने, 'राजनीतिक अस्थिरतालाई कारण देखाउँदै सीमित व्यक्तिहरूले सेयर किनिरहेका छन् भने अधिकांश लगानीकर्ता 'पर्ख र हेर'को अवस्थामा देखिएका छन् । राजनीतिक रूपमा नयाँ अर्थमन्त्रीले पुँजीबारे लिने धारणाले अबको बजारलाई निर्धारण गर्नेछ ।'

लगानीकर्ताले गुमाए १८ अर्ब

चार महिनाको बीचमा सेयर लगानीकर्ताले १८ अर्ब १९ करोड रुपैयाँ गुमाएका छन् । सेयर बजारमा आएको गिरावटसँगै लगानीकर्ताले आफ्नो हिस्सा गुमाएका हुन् । साढे तीन महिनाअघि २५ मंसिरमा बजार पुँजीकरण २७ खर्ब १४ अर्ब ९६ करोड रुपैयाँ रहेकोमा आइतबारसम्म आइपुग्दा बजार पुँजीकरण २७ खर्ब ३३ अर्ब १६ करोड ४८ लाख रुपैयाँमा आइपुगेको छ ।

सांसदको प्रश्न : लगानीकर्ताले १४ खर्ब गुमाइसके, थप कति गुमाउनुपर्ने हो ?

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले प्रतिनिधिसभा बैठकमा सेयर बजारबारे प्रश्न उठाएका छन् । सेयर बजार निरन्तर घट्दा सरकार गम्भीर नभएको भन्दै उनले सरकारको ध्यानाकर्षण गराएका छन् ।

सांसद ढकालले शून्य समयमा बोल्दै लगानीकर्ताले १४ खर्ब रुपैयाँ गुमाइसकेको बताउँदै अब कति रकम गुमाएपछि सरकारको ध्यान जाने हो ? भन्दै प्रश्न गरेका हुन् । सांसद ढकालले भने, 'लागातर १९ महिनादेखि ओरालो लागेको सेयर बजारमा लगानीकर्ताले १४ खर्ब लगानी गुमाइसकेका छन् । अब कति खर्ब गुमाएपछि सरकारले ध्यान पुऱ्याउने हो, लगानीकर्ताले अब कति लगानी गुमाउनुपर्ने हो ?'

नयाँ खिम्ती-बाह्रबिसे प्रसारण लाइन साउनभित्रै निर्माण सम्पन्न गर्न ताकेता

काठमाडौं/ नेपाल विद्युत् प्राधिकरणले तामाकोसी-काठमाडौं २२०/४०० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत नयाँ खिम्ती-बाह्रबिसे खण्ड निर्माण समयमै सम्पन्न गर्न ताकेता गरेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रसारण निर्देशनालय उपकार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ, आयोजना व्यवस्थापन निर्देशनालयका उपकार्यकारी निर्देशक ताराप्रसाद प्रधान सम्मिलित उच्चस्तरीय टोलीले शनिबार स्थलगत अनुगमन भ्रमण गरी प्रसारण लाइन र सबस्टेसन निर्माण प्रगतिबारे छलफल गरेको छ । सोही क्रममा प्राधिकरणको उक्त टोलीले आगामी साउनभित्र नै प्रसारण लाइनको निर्माण सम्पन्न गर्न ठेकदार कम्पनीलाई निर्देशन दिएको हो ।

टोलीले प्रसारण लाइन निर्माणमा रूख कटान, जग्गा अधिग्रहण, निर्माण सामग्री तथा उपकरणहरूको आपूर्ति, स्थानीयको अवरोध, निर्माण सम्पन्न हुने तालिकालगायत विषयमा विस्तृत रूपमा छलफल गरेको थियो । त्यसपछि टोलीले नयाँ खिम्ती-बाह्रबिसे खण्ड प्रसारण लाइन र सबस्टेसनको काम आगामी साउनभित्र सम्पन्न गर्न आयोजना व्यवस्थापन र निर्माणमा संलग्न व्यवसायीहरूलाई निर्देशन दिएको छ ।



यो आयोजना सम्पन्न भएमा मध्य-भोटेकोसीको विद्युत् सीधै जोड्न सकिने विकल्प देखिएको छ, त्यसैले आगामी साउनभित्र निर्माण सम्पन्न गरी काम गर्नैं ।

● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

'यो आयोजना सम्पन्न भएमा मध्य-भोटेकोसीको विद्युत् सीधै जोड्न सकिने विकल्प देखिएको छ, निर्माण छिटो सम्पन्न गर्न आयोजनाको दातृ निकायबाट पनि बारम्बार ताकेता आइरहेको छ, वर्षायाम सुरु हुनुभन्दा अघि नै जनशक्ति तथा उपकरणहरू थप गरी निर्माणमा तीव्रता दिनुहोस्, स्थानीय समस्या समाधान गरी आगामी साउनभित्र निर्माण सम्पन्न गरी काम गर्नैं,' घिसिङले बताए । भारतीय कम्पनी केइसी इन्टरनेसनलले यो प्रसारण लाइन निर्माण गरिरहेको छ ।

उक्त प्रसारण लाइन नबनेमा चिलिमे जलविद्युत् कम्पनीले सिन्धुपाल्चोकमा बनाइरहेको एक सय दुई मेगावाटको मध्य-भोटेकोसी जलविद्युत् आयोजनाको विद्युत् खेर जाने सम्भावना छ ।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि
७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०७९/१२/१३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय डडेल्धुराबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जाहरु सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण बापत बैंकलाई धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०७९ **चैत २० गते सोमबार**का दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय डडेल्धुरामा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

तपसिल

१. ऋणीको विवरण:

तारा दत्त पन्त/गंगा देवी पन्तको नाति, निलकण्ठ पन्त/चन्द्रा देवी पन्तको छोरा, डम्बरु देवी पन्तको पति, डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स. वडा नं. ०७ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ बस्ने **बाशु देव पन्त** (ना.प्र.नं. १३६८२/२२४६, जारी मिति २०५४/०४/०१, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. राम दत्त जोशी/पार्वती देवी जोशीको नातिनी, गंगादत्त जोशी/कलावती देवी जोशीको छोरी, निलकण्ठ पन्त/चन्द्रा देवी पन्तको बुहारी, वाशु देव पन्तको पत्नी, डडेल्धुरा जिल्ला, बगरकोट गा.वि.स. वडा नं.०७ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं.०५ बस्ने **डम्बरु देवी पन्त** (ना.प्र.नं.७/२७/३१७, जारी मिति २०६१/०१/१५ जिल्ला प्रशासन कार्यालय डडेल्धुरा) ।

लिलाम हुने सम्पत्तीको विवरण:

१. **वाशुदेव पन्त**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, भुमिराज गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं. १३१७ को क्षेत्रफल ७-०-०-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

२. ऋणीको विवरण:

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति, डडेल्धुरामा मिति २०६८/०४/०६ मा प्रा.फ.र.नं. बा.प्र. ४/४०९/०६८/०६९ कायम भई दर्ता रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **ब्रर्दश पोल्ट्री एण्ड फिड्स**का प्रोप्राईटर दामोदर भाट/कलावती भाटको नाति, करुणाकर भाट/कलु देवी भाटको छोरा, सरस्वती देवी भाटको पति, डडेल्धुरा जिल्ला, समैजी गा.वि.स. वडा नं. ०१ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं ०५ बस्ने **उद्धव राज भाट** (ना.प्र.नं. ५७७, जारी मिति २०५९/०७/२४, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा) ।

व्यक्तिगत जमानीकर्ताको विवरण:

१. दिवाकर अवस्थी/बेलु देवी अवस्थीको नातिनी, उद्धव देव अवस्थी/नन्दा देवी अवस्थीको छोरी, करुणाकर भाट/कलु देवी भाटको बुहारी, उद्धव राज भाटको पत्नी, डडेल्धुरा जिल्ला, समैजी गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल डडेल्धुरा जिल्ला, अमरगढी न.पा., वडा नं. ०५ बस्ने **सरस्वती देवी भाट** (ना.प्र.नं. ९५६, जारी मिति २०६०/०८/२६, जिल्ला प्रशासन कार्यालय डडेल्धुरा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **सरस्वती देवी भाट**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डढेल्धुरा जिल्ला, खलंगा गा.वि.स. वडा नं. ६ स्थित कित्ता नं. ६२७ को क्षेत्रफल २-५-१-२ (रोपनी) जग्गा र ऐ.ऐ गा.वि.स., वडा नं. ०१ स्थित कित्ता नं. ५५१ को क्षेत्रफल ०-११-१-० (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

३. ऋणीको विवरण:

गोरे सिंह भाटको नाति, खडक सिंह भाटको छोरा, लक्ष्मी कुमारी पाण्डेय (भाट)को पति, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **भुवन सिंह भाट** (ना.प्र.नं. ७४/०१/६९/००१९९, जारी मिति २०६९/०३/०४, जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण:

१. मदन राज पाण्डेयको छोरी, खडक सिंह भाटको बुहारी, भुवन सिंह भाटको पत्नी, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **लक्ष्मी कुमारी भाट (पाण्डेय)** (ना.प्र.नं. ७४/०१/७४/०५१७९, जारी मिति २०७४/०५/०५ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

२. गोरे सिंह भाटको नाति, खडक सिंह भाटको छोरा, चित्रा कुमारी ऐडीको पति, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **मिलन सिंह भाट** (ना.प्र.नं. ७४/०१/७०/०१३०४, जारी मिति २०७०/०८/०९ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

३. दान सिंह ऐडीको छोरी, खडक सिंह भाटको बुहारी, मिलन सिंह भाटको पत्नी, डडेल्धुरा जिल्ला, भागेश्वर गा.पा. वडा नं. ०३ बस्ने **चित्रा कुमारी ऐडी** (ना.प्र.नं. ७४१०१५/३७१, जारी मिति २०७०/०१/१३ जिल्ला प्रशासन कार्यालय, डडेल्धुरा) ।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **चित्रा कुमारी ऐडी**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, खलङ्गा गा.वि.स. वडा नं. ७/क स्थित कित्ता नं. १०१० को क्षेत्रफल ०-८-३-२ (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

शर्तबन्देजहरु

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात **२०७९ चैत १९ गते** भित्र बैंकको शाखा कार्यालय डडेल्धुरामा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय डडेल्धुराबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।

४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात **२०७९ चैत २० गते सोमबार ३:०० (तिन)** बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय डडेल्धुरामा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय डडेल्धुरामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

बोलपत्र खोलिने मिति २०७९ चैत्र २० गते सोमबार अपरान्ह ३:०० (तिन) बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैंका लागि

शाखा कार्यालय डडेल्धुरा फोन नं. ०९६-४२०४२३/२४

लक्ष्मी इन्टरकन्टिनेन्टलको 'हुन्डाईसँग नयाँ वर्ष २०८०' योजना

नयाँ पत्रिका
काठमाडौं, १२ चैत

हुन्डाई अटोमोबाइल्सको आधिकारिक विक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलले नयाँ वर्षको अवसर पारेर 'हुन्डाईसँग नयाँ वर्ष २०८०' नामक योजना ल्याएको छ। कम्पनीले विभिन्न छुट तथा बोनससहितको योजना ल्याएको हो।

यो ग्राहकमुखी योजना सोमबारबाट सुरु भएको जनाइएको छ। योजनाअन्तर्गत ग्राहकले पाँच लाख रुपैयाँसम्मको नगद छुटका साथै गाडीको निर्माण वर्षका आधारमा दुई लाख रुपैयाँसम्मको छुट, ८० हजार रुपैयाँ नयाँ वर्ष बोनस र ८० हजार रुपैयाँसम्मको एक्सचेन्ज बोनस प्रदान गर्ने योजना ल्याएको कम्पनीले जनाएको छ। यो योजनामा ग्राहकले गाडी खरिद गर्दा थप एक वर्षसम्मको निःशुल्क बिमा तथा सवारी करका साथै तुरुन्तै मूल्यांकन तथा एक्सचेन्ज सुविधा पाउने जनाइएको छ। सबै हुन्डाई गाडीहरू तीन वर्ष वारेन्टी, ६ वर्षको फ्री सर्भिसिङका साथै निःशुल्क सडक कर भुक्तानीसहित उपलब्ध हुने कम्पनीले उल्लेख गरेको छ।

हुन्डाईले गएको महिना भेन्यु र नियोस फेसलिफ्ट भर्जन लन्च गरेको थियो। यस योजनाबाट हुन्डाईको कुनै पनि ह्याचब्याक, कम्प्याक्ट एसयुभी, एसयुभी तथा विद्युतीय गाडी खरिद गरी फाइदा लिन सक्ने जनाइएको छ। हाल कम्पनीले देशभरमा १७ सोरुम तथा १९ सर्भिस सेन्टरमार्फत बिक्री तथा बिक्रीपछिको सेवा प्रदान गरिरहेको जनाएको छ।

नेपाल लाइफले ल्यायो दुईवटा फाइदा रहेको एउटै बिमा योजना

नयाँ पत्रिका
काठमाडौं, १२ चैत



नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले सुरक्षा, बचत र पेन्सनसहितको नयाँ बिमा योजना सार्वजनिक गरेको छ। कम्पनीले ल्याएको 'नेपाल लाइफ सुनौलो भविष्य जीवन बिमा' योजना कम्पनीका नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयालले सार्वजनिक गरेका हुन्।

आफू तथा आफ्नो परिवारलाई आर्थिक संकटको सामना कहिल्यै पनि गर्नुनपरोस् र आफ्नो वृद्ध अवस्थासम्म पनि आफू आर्थिक रूपमा कसैको भर पर्नुनपरोस् भन्ने सामाजिक मनोविज्ञानलाई सम्मान गर्दै एकै बिमा योजनाबाट दुई किसिमको सुविधा उपयोग गर्न पाउने योजना ल्याएको कम्पनीले जनाएको छ। यो योजना 'सुरक्षा, बचत र पेन्सनको साथ, सुनौलो भविष्यको सुरुवात' भन्ने नाराका साथ ल्याएको जनाइएको छ।

यसमा एउटै बिमा योजनाबाट दुई किसिमको सुविधा प्राप्त गर्न सकिने कम्पनीको भनाइ छ। यसमा सावधिक अग्रिम भुक्तानी तथा मुनाफामा सरिक हुने आजीवन बिमा योजना रहेको जनाइएको छ। १८ वर्षदेखि ६५ वर्ष उमेरसम्मकाले गर्न मिल्ने यो योजनाको न्यूनतम बिमा शुल्क भुक्तानी अवधि पाँच वर्षदेखि अधिकतम ३५ वर्षसम्म हुने जनाइएको छ। योजनाको न्यूनतम बिमांक रकम २५ हजार रुपैयाँ तथा अधिकतम बिमांक रकम आयस्रोतका आधारमा निर्धारण गर्न सकिने कम्पनीले उल्लेख गरेको छ।

योजनाले न्यून बिमा शुल्कमा बचत र सुरक्षा एकैसाथ प्रदान गर्ने कम्पनीको दाबी छ। जोखिम वहनको अतिरिक्त बिमितलाई बिमालेख अवधिभर बचत गर्न प्रोत्साहन गर्नुका साथै अवकाशपछिको आर्थिक आवश्यकतालाई समेत समेट्ने कम्पनीले जनाएको छ। योजनामा दुईवटा विकल्प प्रदान गरिएको कम्पनीको भनाइ छ।

जसअनुसार पहिलो विकल्पमा बिमालेख परिपक्व भएमा बिमा अवधि समाप्तिमा बिमांक रकम र आर्जित बोनस एकमुष्ट दिइने तथा दोस्रो विकल्पमा बिमा भुक्तानी अवधि समाप्तिमा बिमालेखमा उल्लेख भएको बिमांक रकम दिइने तथा भुक्तानी अवधि समाप्तिपछि प्रत्येक वर्ष बिमांकको ५ प्रतिशत रकम बिमितको उमेर ७९ वर्ष नपुगुन्जेलसम्म बिमितलाई प्रदान गर्ने कम्पनीले जनाएको छ। बिमित ८० वर्ष पूरा भएपछि बिमा शुल्क भुक्तानी अवधिसम्म आर्जित बोनस बिमितलाई प्रदान गरिने उल्लेख छ।

बिमालेख चालू रही बिमा भुक्तानी अवधिभित्र बिमालेखअन्तर्गत नपर्ने जोखिमबाहेक जुनसुकै कारणबाट बिमितको मृत्यु भएमा विकल्प-१ अन्तर्गत बिमांक रकम र आर्जित बोनस एकमुष्ट दिइने जनाइएको छ। त्यस्तै, विकल्प-२ अन्तर्गत बिमितको मृत्यु भएमा बिमांक रकम र आर्जित बोनस एकमुष्ट दिनुका साथै भुक्तानी अवधि समाप्तिपछि मृत्यु भएमा बिमांकको ५० प्रतिशत रकम र बिमाशुल्क भुक्तानी अवधिसम्म आर्जित बोनस रकम एकमुष्ट भुक्तानी दिइने कम्पनीको भनाइ छ।

मुक्तिनाथ विकासका चार सामाजिक कार्यक्रम

काठमाडौं/ मुक्तिनाथ विकास बैंक लिमिटेडले चार ठाउँमा सामाजिक उत्तरदायित्वअन्तर्गतका कार्यक्रम सञ्चालन गरेको छ। बैंकले चैत महिनाभित्रमै चार ठाउँमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतका कार्यक्रमहरू गरेको हो।

बैंकले पोखरा महानगरपालिकाको ढलेपीपलमा रहेको भूतपूर्व सैनिक कृषि समूहलाई फोहोरमैलाको अल्पकालीन व्यवस्थापनका लागि आवश्यक पर्ने डस्टबिन हस्तान्तरण गरेको जनाएको छ।

त्यस्तै, ट्राफिक कार्यालय कास्कीलाई विभिन्न ट्राफिक नियम पालना गर्नुपर्नेसम्बन्धी जनचेतनामूलक सन्देशमूलक बोर्डहरू हस्तान्तरण गरेको जनाइएको छ। साथै, घोराही उपमहानगरपालिकाको तेरोटे मारहेको ज्येष्ठ नागरिक सरोकार केन्द्रलाई सिसिटिभी क्यामरा जडानका लागि सहयोग गरेको तथा विदुर नगरपालिकाको पीपलटारमा खानेपानीको समस्या समाधान गर्न पीपलटार खानेपानी आयोजना उपभोक्ता समितिलाई आर्थिक सहयोग गरेको जनाएको छ।

यस प्रकारका सामाजिक क्षेत्रमा गरिएको सहयोगबाट सेवा प्राप्त क्षेत्रका नागरिक र व्यक्तिहरूको हितमा काम हुने बैंकले विश्वास व्यक्त गरेको छ।

समृद्धि फाइनान्सको वित्तीय चेतनामूलक कार्यक्रम



काठमाडौं/ समृद्धि फाइनान्सले हेटौंडा र बनेपामा वित्तीय चेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ। फाइनान्सको हेटौंडा शाखाले स्थानीय युवाहरूमाझ बनेपा शाखाले मिलेनियम कलेजमा विद्यार्थीमाझ युवावर्ग लक्षित वित्तीय चेतनामूलक कार्यक्रम गरेको हो।

ग्लोबल मनी विकको सन्दर्भमा 'प्लान योर मनी, प्लान योर फ्युचर' भन्ने नारालाई आत्मसात् गर्दै कार्यक्रम आयोजना गरेको जनाइएको छ। भविष्यमा थप शाखाहरूबाट नियमित रूपमा विभिन्न वर्गहरू लक्षित वित्तीय चेतनामूलक कार्यक्रम आयोजना गरिने तालिका रहेको संस्थाले जनाएको छ।

हाल आठवटा शाखामार्फत वित्तीय सेवा प्रदान गर्दै आएको संस्थाले आरटिजिएस, आइपिएस, कनेक्ट आइपिएस, रेमिट्यान्स, क्लियरिङलगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबिट कार्ड, क्युआर कोडजस्ता डिजिटल सुविधाका साथै बचत खातामा १० प्रतिशतसम्मको ब्याजदर प्रदान गरिरहेको संस्थाले जनाएको छ।

PRIME COMMERCIAL BANK LTD. प्राइम कमर्सियल बैंक लिमिटेड

को

तपसिलका शाखा कार्यालयहरूको तपसिलमा उल्लेखित ऋणीहरूलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०७९/१२/१३ गते)

तपसिलमा उल्लेखित ऋणीहरूले यस बैंकको तपसिलका शाखा कार्यालयहरूबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरू र जमानतकर्ताहरू समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरू, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरूलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरूप बैंकलाई दिएको चल-अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरू र जमानतकर्ताहरूको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने व्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

शाखा कार्यालयः मंगलबजार, ललितपुर

ऋणीको विवरण		व्यक्तिगत जमानतकर्ताहरू	
नाम	: विपी सिंह ठकुरी	नाम	: पुरण सिङ्ह ठकुरी
बाबु	: पुरण सिंह ठकुरी	बाबु	: श्याम सिङ्ह ठकुरी
बाजे	: श्याम सिंह ठकुरी	बाजे	: बहादुर सिंह ठकुरी
ठेगाना	: दुहवि - ६, सुनसरी	ठेगाना	: दुहवी न.पा. वडा नं. ६, सुनसरी
ना.प्र.प.नं.	: ६८९४८/६९९४८, सुनसरी	ना.प्र.प.नं.	: ३९१९/१८९क, सुनसरी

शाखा कार्यालयः असन, काठमाण्डौ

ऋणीको विवरण	व्यक्तिगत जमानतकर्ताहरू	
नाम : सुरेश मान खड्गी	नाम : मिरा खडगी	नाम : सिमोन खड्गी
बाबु : सुर्य लाल खड्गी	पति : सुरेश मान खड्गी	बाबु : सुरेश मान खड्गी
बाजे : मोहन लाल खड्गी	ससुरा : सुर्य लाल खड्गी	बाजे : सुर्य लाल खड्गी
ठेगाना : का.म.न.पा.-१९, काठमाण्डौ	ठेगाना : का.म.न.पा.-१५, काठमाण्डौ	ठेगाना : का.म.न.पा.-१९, काठमाण्डौ
ना.प्र.प.नं. : ३९४, काठमाण्डौ	ना.प्र.प.नं. : १९६०५, काठमाण्डौ	ना.प्र.प.नं. : २७-०१-७६-०१०३४, काठमाण्डौ

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति : २०७९/१२/१३

तपसिलमा उल्लेखित ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय कुलेश्वर, काठमाडौंबाट सिटिजन्स उपकरण कर्जा लिई उपभोग गरेको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले यथाशीघ्र बैंकमा सम्पर्क गरी आफूले उपभोग गरेको ऋण कर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको तपसिलमा उल्लेख भएको **"धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको सूचना"** प्रकाशित गरी लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ ।

साथै तपसिलमा उल्लेखित जमानीकर्ताहरुले स्वयम् बैंकमा उपस्थित भई जमानत दिने कागज गरिदिनु भएको हुँदा यहाँ जमानीकर्ताहरुले पनि उपरोक्त व्यहोरा अवगत गरी सूचनाको म्याद भित्र बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । अन्यथा बैंकको लेना रकम असुल उपर गर्नुका साथै तहाँलाई समेत कर्जा सूचना केन्द्र लिमिटेडमा नियमानुसार कालोसूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

तपसिल

कर्जा शिर्षक	**: सिटिजन्स उपकरण कर्जा**
ऋणीको नाम	**: मामा भान्जा एस.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.**
रजिष्टर्ड ठेगाना	: मध्यपुर थिमी न.पा., वडा नं.-१, भक्तपुर
रजिष्ट्रेसन नं.	: २६६०४०/०७८/०७९ (नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, विपुरेश्वर, काठमाडौं)
पान नं.	: ६१००३७१०४

कम्पनी संचालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	: केशव कुमार माझी	२. नाम	: सविन कुमार माझी
बाबु	: पदम बहादुर माझी	बाबु	: गाईने माझी
बाजे	: रत्न बहादुर माझी	बाजे	: सिरे माझी
ठेगाना	: महेन्द्रभ्याडी गा.वि.स.-१, सिन्धुली	ठेगाना	: मरिण गा.पा.-६, सिन्धुली
हाल	: हरिहरपुरगढी गा.पा. -५, सिन्धुली	हाल	: मरिण गा.पा.-६, सिन्धुली
ना.प्र.नं.	: २०-०१-७०-००३८९	ना.प्र.नं.	: २०-०१-६९-०३४१७
जारी मिति	: २०७०/०१/३०	जारी मिति	: २०६९/१०/२४
जि.प्र.का.	: सिन्धुली	जि.प्र.का.	: सिन्धुली

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम	: गाइने माझी	२.नाम	: कुसमाया माझी	३. नाम	: तुलसा माझी
बाबु	: सिरे माझी	पति	: गाईने माझी	पति	: सविन कुमार माझी
बाजे	: घैटे माझी	ससुरा	: सिरे माझी	ससुरा	: गाईने माझी
ठेगाना	: कपिलाकोट गा.वि.स.-१, सिन्धुली	ठेगाना	: रातमार गा.वि.स.-६, सिन्धुली	ठेगाना	: मरिण गा.पा.-६, सिन्धुली
हाल	: मरिण गा.पा.-६, सिन्धुली	हाल	: मरिण गा.पा.-६, सिन्धुली	हाल	: मरिण गा.पा.-६, सिन्धुली
ना.प्र.नं.	: ३०१४/५२७६	ना.प्र.नं.	: ४३९७/४०८०	ना.प्र.नं.	: २०-०१-७५-०३६६६
जारी मितिः	२०४६/०३/०७	जारी मितिः	२०४४/११/२८	जारी मिति	: २०७५/०६/१०
जि.प्र.का.	: सिन्धुली	जि.प्र.का.	: सिन्धुली	जि.प्र.का.	: सिन्धुली

धितो राखिएको सम्पत्तिको विवरणः

१. धितो सुरक्षण धनीको नाम : सिटिजन्स बैंक इन्टरनेश्नल लिमिटेड धनी कायम भई ऋणी मामा भान्जा एस.के.कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.

क्र.स	सवारीको किसिम	च्यासिस नं.	ईन्जिन नं.	दर्ता नं.	बनेको साल
1.	Volvo Excavator EC200D	VCEC200DH00250116	12618046	प्रदेश ३-०१-००३ क ७७९८	2020

२. धितो सुरक्षण धनीको नाम : गाइने माझी

जिल्ला	न.पा./गा.पा.	वडा नं/नक्सा सिट नं.	कि.नं.	क्षेत्रफल (बिगाहा/ब.मि.)	कैफियत
सिन्धुली	कपिलाकोट	१	१३३	०-१५-७-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
		१ न		५१९८.१२	

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४४२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको २१ दिने सूचना

प्रकाशित मिति : २०७९/१२/१३ गते

यस माछापुच्छे बैंक लि. कन्चनरुप शाखा कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीले आफ्नो उद्योग/व्यापार, व्यवसाय सञ्चालन गर्न लिनु भएको ऋण कर्जाको यस बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गरिएको एवं मिति २०७९/०८/०१ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी बैंक नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाईसौं) दिनका दिन सोही स्थानमा खोलिने हुँदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी/संचालक/प्रोप्राइटर तथा जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ। तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन। साथै कर्जा असुलीको कारबाही अन्तर्गत ऋणी/संचालक/प्रोप्राइटर तथा जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पतिको विवरण
प्रकाश कुमार साह ना.प्र.नं. ४४१८४८७८, जि.प्र.का सप्तरी जारि मिति : २०४९/०५/२१ बाबु : बहुरी भन्ने राधेश्याम स्वर्णकार बाजे : बुधु साहु ठेगाना : सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स. वडा नं. १	बुधु साहुको नाति, बहुरी भन्ने राधेश्याम स्वर्णकारको छोरा, सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स. वडा नं. १ बस्ने प्रकाश कुमार साहको नाममा मालपोत कार्यालय कंचनपुरमा दर्ता कायम भएको सप्तरी जिल्ला, कंचनपुर गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ४८१, ४८५, ४८३ र ४७९ को क्षेत्रफल क्रमशः ०-०-२.२५-० (वि.क.धु.क.), ०-०-१२.५-० (वि.क.धु.क.), ०-०-७.५-० (वि.क.धु.क.) र ०-०-३.२५-० (वि.क.धु.क.) को जग्गा तथा उक्त जग्गामा निर्मित घर आदी सम्पूर्ण लिगलगापात समेत ।

व्यक्तिगत जमानतकर्ताहरु

१. प्रकाश कुमार साह	२. प्रतिभा कुमारी शाह
ना.प्र.नं. ४४१८४८७८, जि.प्र.का सप्तरी	ना.प्र.नं. ४७००, जि.प्र.का सप्तरी
जारि मिति : २०४९/०५/२१	जारी मिति : २०५८/१०/०४
बाबु : बहुरी भन्ने राधेश्याम स्वर्णकार	बाबु : राजेन्द्र प्रसाद शाह
बाजे : बुधु साहु	पति : प्रकाश कुमार साह, ससुरा : बहुरी भन्ने राधेश्याम स्वर्णकार
ठेगाना : सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स. वडा नं. १	ठेगाना : सप्तरी जिल्ला, को. बरसाइन गा.वि.स. वडा नं. ९

लिलाम बिक्रीको शर्त तथा बन्देजहरु

१. बोलपत्र फारम यस बैंकबाट कार्यालय समयभित्र रु. १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइसक्नु पर्नेछ। म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ। सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगतै बैंक खुलेको दिन दिउँसो ठीक १२:०० बजे सम्ममा कारोबार गरी बोलपत्र खोल्न सकिनेछ।
४. बोलपत्रमा आफुले सकार गरिलिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकममा सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ।
५. बोलपत्रमा आफुले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको ड्राफ्ट/नगद जम्मा बैंक भौचर/गुडफर पेमेन्ट चेक समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ।
६. बढी रकम कबोल गर्नेको बोलपत्र स्वीकृत भएमा सो सूचनाको जानकारी दिएको ७ (सात) दिन भित्र बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रकृया अगाडि बढाउनुपर्नेछ। उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
७. कुनैपनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने वा बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ। लिलाम बिक्री हुने सम्पत्ति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरीक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा (७/८) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम बैंकलाई चित्त बुझ्दो नभएमा प्रचलित ऐन कानून तथा आफ्नो नियम अनुसार बैंकले उक्त सम्पत्ति सकार गरी स्वामित्व आफुमा लिन/अधिनमा राख्न सक्नेछ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पत्ति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी बक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ।
११. उल्लेखित सम्पत्ति लिइसकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ। धनी बैंकसँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाईने छैन।
१२. लिलाम बोलकबोल गरेको रकम वा धरौटी बापत बुझाएको रकममा कुनै ब्याज प्रदान गरिने छैन। साथै लिलाम सदर/बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन।
१३. शिलबन्दी बोलपत्र यस बैंकले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ। साथै बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

पुनश्च : उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा सावेकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहि कतै उजुरबाजुर गर्न पाउनुहुने छैन।

बोलपत्र पेश गर्ने अन्तिम मिति, समय र स्थान :	बोलपत्र खोलिने मिति, समय र स्थान :
२०८०/०१/०३ आईतबार कार्यालय समय सम्म शाखा कार्यालय, कन्चनरुप	२०८०/०१/०४ सोमबार दिनको ३:३० बजे शाखा कार्यालय, कन्चनरुप

माछापुच्छे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, कन्चनरुप

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एनआईबिएल ग्रोथ फण्ड
(नेपाल धितोपत्र बोर्डबाट २०७९/०८/१८ मा योजना संचालन अनुमति प्राप्त)

२०७९ फाल्गुण मसान्तको अपरिष्कृत वित्तीय विवरण

खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

		२०७५ फाल्गुन मसान्त रकम (रु)	२०७५ माघ मसान्त रकम(रु)
	धितोपत्रमा लगानी		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	सूचीकृत शेयर	१८,६४,९९,६९७	१४,१६,७८,२००
२	बैंक मुद्दती निक्षेप	९९,८०,००,०००	९९,८०,००,०००
३	ऋणपत्र /बन्ड	४,००,००,०००	४,००,००,०००
४	सार्वजनिक निष्काशन/हकप्रद शेयर/बोनस शेयर/अन्य सूचीकृत नभएको	१५,८४,२६,९१९	२,५४,५६,२८५
	जम्मा	५८,२९,२६,५३६	४०,५१,३४,४८५
	चालु सम्पत्ति		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	बैंक मौज्दात	७२,५९,००,४५७	९१,५९,५०,३७१
२	अन्य सम्पत्ति	१,१२,०४,५९९	१८,४२,७९२
	जम्मा	७३,७१,०५,०५६	९१,७७,९३,१६३
	चालु दायित्व		
क्र.सं.	विवरण	मूल्य (रु)	मूल्य (रु)
१	अन्य दायित्व	१,४६,०३,४६१	१,३९,९६,६७०
	जम्मा	१,४६,०३,४६१	१,३९,९६,६७०
	खुद सम्पत्ति (ग्रस)	१,३०,५४,२८,१३१	१,३०,८९,३०,९७८
	योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क	३४,६७,५८७	१६,४६,०२६
	कोष सुपरिवेक्षक शुल्क	२,४४,७७१	१,१६,१९०
	खुद सम्पत्ति	१,३०,१७,१५,७७३	१,३०,७१,

प्रधानमन्त्री...

पृष्ठ १ बाट क्रमशः

औपचारिकता आउँछ भन्ने छ। भ्रमणका लागि तयारी सुरु भइसकेको छ,' स्रोतले भन्यो, 'वैशाख पहिलो साता भारत भ्रमण गर्ने गरी तयारी भइरहेको छ। दुवैतिर समन्वय गरेर मिति तय गर्ने र भारतबाट त्यहीअनुसार निमन्त्रणापत्र पठाउने भन्ने छ।'

प्रधानमन्त्री प्रचण्डले पनि भारत भ्रमणमा जाने सार्वजनिक गरिसकेका छन्। प्रधानमन्त्री भएलगत्तै प्रचण्डलाई भारतीय विदेशसचिव क्वात्राले टेलिफोन गरेर बधाई दिँदै भारत भ्रमणका लागि भारत सरकारका तर्फबाट प्रस्ताव गरेका थिए। त्यसपछि प्रचण्डले एउटा भारतीय टेलिभिजनमा र बालुवाटारमा सम्पादकहरूसँगको भेटमा पहिलो विदेश भ्रमण भारतमा हुने बताएका थिए।

प्रधानमन्त्री प्रचण्डलाई भारतीय समकक्षी मोदीले पठाएको बधाई सन्देश १५ पुसमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले बालुवाटार पुगेर हस्तान्तरण गरेका थिए। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी २ जेठ ०७९ मा लुम्बिनी भ्रमणमा आउँदा उनले निवर्तमान प्रधानमन्त्री शेरबहादुर देउवालाई भारत भ्रमणको निमन्त्रणा दिएका थिए। त्यसअनुसार कूटनीतिक भाषामा भारतबाट प्रधानमन्त्रीको भ्रमणका लागि निमन्त्रणा भइसकेको छ। 'वास्तवमा दुई पक्षको आपसी अनुकूलता हुने गरी मिति तोक्ने मात्रै काम बाँकी हो। नेपालका प्रधानमन्त्रीलाई भारतका प्रधानमन्त्रीका तर्फबाट निमन्त्रणा त्यसवेलै आएको हो। तर, औपचारिकताका लागि फेरि पनि निमन्त्रणा आउँछ, गृहकार्य गर्न त्यसले बाधा पुर्‍दैन भन्ने हाम्रो बुझाइ हो,' स्रोतले भन्यो।

प्रचण्डले ३१ असारमा माओवादी अध्यक्ष एवं पूर्वप्रधानमन्त्रीको हैसियतमा भारतको औपचारिक भ्रमण गरेका थिए। भारतीय जनता पार्टीका अध्यक्ष जगतप्रकाश नड्डाको निमन्त्रणामा गएका उनले नड्डासँगै भारतीय विदेशमन्त्री डा. एस. जयशंकर, भारतीय विदेशसचिव विनयमोहन क्वात्रालगायतका अधिकारीसँग भेटवार्ता गरेका थिए।

बोआओ फोरममा राजदूत जाने

अर्को छिमेकी चीनले बोआओ फोरम फर एसिया सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री प्रचण्डलाई निमन्त्रणा पठाएको थियो। तर, प्रचण्डको आन्तरिक राजनीतिक व्यस्तता तथा सम्मेलनपछि बेइजिङमा चिनियाँ शीर्ष नेताहरूसँग औपचारिक वार्ता गर्ने अनुकूलता नभएपछि भ्रमण नै तय भएन। सरकारले प्रधानमन्त्रीको भ्रमण हुन नसक्ने जानकारी चीनलाई दिइसकेको छ। चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठले प्रधानमन्त्रीको चीन भ्रमण तय नै नभएको बताए। 'प्रधानमन्त्रीज्यूलाई निमन्त्रणा थियो। तर, भ्रमण तय भएन। कार्यक्रममा म सहभागी हुन जाँदै छु,' श्रेष्ठले बेइजिङबाट टेलिफोनमा भने।

११ दिन हिँडेर...

पृष्ठ १ बाट क्रमशः

आफूहरू दबाब दिन काठमाडौं नै आउनुपरेको उनीहरूको भनाइ छ। माग पूरा नभएसम्म नफर्कने उनीहरूले बताएका छन्।

पीडितहरूलाई भेट्न गृह मन्त्रालयका सहसचिव जितेन्द्र बस्नेत नेतृत्वको टोली आइतबार साँझ मातातीर्थ पुगेको थियो। 'यसमा प्रधानमन्त्रीज्यूको पनि कन्सर्न थियो, किन यसरी पटक-पटक न्यायका लागि काठमाडौं आउनुपऱ्यो भन्ने बुझ्न हामी उहाँहरूलाई भेट्न गएका थियौं,' बस्नेतले भने, 'उहाँहरूका कुरा सुनेपछि सरकारले मिटरब्याजको समस्या समाधान गर्न के-के गरिरहेको छ भन्ने जानकारी पनि गराएका छौं।'

गृहको टोलीसँग पीडितहरूले आफ्ना मुख्य तीन चासो राखेका छन्। पहिलो, उजुरीउपर छानबिनमा ढिलाइ भएको। दोस्रो, यससम्बन्धी कानुन बनाउने भनिए पनि प्रक्रियामा सुस्तता देखिएको। तेस्रो, धेरैको उठीबास लागिसकेकाले दबाब दिन आउनुपरेको। जवाफमा गृहको टोलीले छानबिनमा तीव्रता दिन सबै जिल्ला प्रशासनलाई पुनः परिपत्र गरिएको जानकारी गराएको छ। त्यस्तै, कानुन निर्माणको प्रक्रिया कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पुगेको जानकारी पनि टोलीले गराएको छ।

आकाशमै...

पृष्ठ १ बाट क्रमशः

एटिसीले निगमको १८ हजार फिट उचाइमा उडिरहेको जहाजलाई १५ हजार फिट उचाइमा झर्न अनुमति दियो। तर, त्यही समयमै एयर इन्डियाका पाइलटले एटिसीको अनुमतिविनै १९ हजार फिट उचाइमा उडिरहेको जहाजलाई करिब १५ हजार फिटआसपासमा डिसेन्ट गरे।

निगम र एयर इन्डियाको जहाज करिब-करिब एउटै उचाइ (१५ हजार फिट)मा घुम्न थालेपछि एटिसीहरू अत्तालिए। हवाई सुरक्षा मापदण्डअनुसार आकाशमा उडिरहेका दुईवटा जहाजको भर्टिकल डिस्टेन्स कम्तीमा हजार फिट हुनुपर्छ। एयर इन्डियाको जहाजलाई एक्कासि १५ हजार फिटमा झार्नेपछि निगमको जहाजको ट्राफिक कोलिजन अभोइन्डेन्स सिस्टम (टिकास) अलर्ट भएको थियो। अर्को जहाजसँगको दूरी हजार फिटभन्दा कम हुनासाथ टिकासले अलर्ट दिन्छ। अलर्ट आउनेबित्तिकै निगमका पाइलटले अर्को जहाज आफूनजिक रहेको एटिसीलाई जानकारी गराएका थिए।

त्यसपछि एटिसीले १५ हजार फिटमा होल्ड भइरहेका अन्य जहाजलाई झन् तल झार्नेर निगमलाई साढे १३ हजार फिट उचाइमा उड्न सुझाव दियो र एयर इन्डियाको जहाजलाई १६ हजार फिट उचाइ लिन निर्देशन दिएको थियो। यसरी एटिसीको मद्दतमा दुई ठूला जहाज आकाशमै दुर्घटना हुनबाट जोगिए।

नागरिक उड्डयन प्राधिकरण (क्यान)का सूचना अधिकारी ज्ञानेन्द्र भुलले टिकासमा भएको अलर्टका कारण दुई जहाज दुर्घटना हुनबाट जोगिएको बताए। 'निगमको जहाज १५ हजार फिटमा होल्ड भइरहेको थियो, एयर इन्डियाको जहाज १६ हजार फिटसम्म झर्दा टिकासमा अलर्ट आएको थिएन,' उनले भने, 'जहाज १६ हजार फिटभन्दा पनि तल झार्नेपछि अलर्ट बज्यो।'

एडर इन्डियाका चालक दलले हवाई सुरक्षामा गम्भीर लापरबाही गरी जहाज झारेका कारण नियमनकारी निकाय क्यानले तीन सदस्यीय छानबिन थालेको छ। समितिले एक हप्ताभित्र प्रतिवेदन बुझाउनेछ। त्यस्तै, एटिसीमा रहेका तीन कर्मचारीलाई पनि निलम्बन गरिएको छ भने एयर इन्डियाका पाइलटलाई पनि तत्काल जहाज उडानमा रोक लगाइएको छ।

'छानबिन रिपोर्ट नआउँदासम्म एटिसीलाई सक्रिय ड्युटीबाट हटाइएको छ। त्यस्तै, एयर इन्डियाका पाइलटलाई काठमाडौं उडानमा रोक लगाएका छौं,' भुलले भने, 'छानबिनपछि एटिसीको कमजोरी देखिए एटिसीलाई नै कारबाही गर्छौं, पाइलटको गल्ती देखिएमा थप कारबाही गर्न भारतीय उड्डयन निकायलाई पत्राचार गर्नेछौं।'

उजुरी दिएको...

पृष्ठ १ बाट क्रमशः

त्यतिवेला चलखेलका आधारमा भएको गृह मन्त्रालय स्रोत बताउँछ। दबाबकै कारण तत्कालीन गृहसचिव प्रेमकुमार राईले समिति बनाएका थिए। जसमा सदस्यसमेत गिरोहकै प्रभावमा छानिएको थियो। सदस्यमा गृहकै एक अधिकृत र एक कानुन व्यवसायी सदस्य
थिए। विवादपछि सो प्रतिवेदन कार्यान्वयन रोकिएको छ। डेढ वर्षअघि प्रतिवेदन कार्यान्वयन अघि बढाउने प्रयास भए पनि सो असुलीबारे खुलेपछि रोकिएको मन्त्रालयका एक अधिकारी बताउँछन्। प्रहरीले गत वर्ष नै अनुसन्धान थाले पनि दबाबका कारण अभियुक्तलाई पक्राउ गर्न सकेको थिएन। सो गिरोहका सदस्यमध्ये एक सन्देश शर्मालाई पक्राउ गरेर पनि दबाबको भरमा छाडिएको अपराध अनुसन्धान कार्यालयका एक अधिकृत बताउँछन्। पैसा उठाउने र राजनीतिक नेतृत्वलाई बुझाउने उनै थिए।

असफल भ्यु टावर योजना

कोसी सरकारले हात झिक्यो, मेचीनगरको ६५ लाख डुब्यो

झापामा **चिरञ्जीवी घिमिरे**

भ्यु टावरका नाममा झापाको मेचीनगर नगरपालिकाको ६५ लाख रुपैयाँ खेर गएको छ। शिवालय मन्दिरपरिसरको डाँडामा ३३ मिटर अग्लो भ्यु टावर बनाएर विदेशी पर्यटक तान्ने महत्त्वाकांक्षी योजना तुहिएपछि नगरपालिकाको लगानी खेर गएको हो।

चार करोड ५३ लाख लागतको भ्यु टावर ०७८ असारमा शिलान्यास भए पनि कोसी प्रदेश सरकारले हात झिकिदिएपछि फाउन्टेसन र रडमा खिया लाग्न थालेको छ। भ्यु टावरको २० प्रतिशत काम गरेबापत मेचीनगरले कन्काई इन्टरनेसनल बिल्डर्स प्रालिलाई ६५ लाख भुक्तानी दिइसकेको छ।

मेचीनगर नगरपालिकाका मेयर गोपालचन्द्र बुढाथोकीका अनुसार नगरपालिकाले क्रमागत योजनाका रूपमा अघि सारेपछि प्रदेश सरकारले हात झिकेको हो। 'प्रदेश सरकारले क्रमागत योजना हालेको रहेनछ। ०७७/७८ मा ठेक्का लगाउँदैमा समय सकियो। पछि बहुवर्षेमा प्रदेशले बजेट नदिएपछि भ्यु टावर योजना नै रोकियो,' उनी भन्छन्, 'अब मेचीनगरले मात्र यो टावर बनाउन सक्दैन।'

मेची नगरका तत्कालीन मेयर विमल आचार्यको पालामा अघि सारिएको भ्यु टावर निर्माणमा नगरपालिकाको ३० प्रतिशत र कोसी सरकारको ७० प्रतिशत लगानी भनिएको थियो। सोहीअनुसार ०७८ मंसिरभित्र टावर निर्माण गरिसक्ने भन्दै ०७७ मंसिरमा कन्काई इन्टरनेसनल बिल्डर्स प्रालिले ठेक्का पाएको थियो। तर, पछि भ्यु टावर क्रमागतमा सारिएपछि प्रदेश सरकारले बजेट दिएन।

चार करोडको योजना नगरपालिका एक्लैले बनाउन नसक्ने भन्दै चालू आवमा बजेट विनियोजन भएको छैन। मेयर बुढाथोकी नीतिगत हिसाबले अर्कमन्यताको उपजका कारण रकम डुबेको बताउँछन्। 'करोडौं रुपैयाँ भ्युटावरमा लगाउने हाम्रो सामर्थ्य छैन,' उनले भने, 'पैसा नभएर विद्यालयका छाना फेर्न सकेका छैनौं। किसानका साना समस्या समाधान गर्न सकेका छैनौं।' अब प्रदेशले सहयोग गरेमा मात्र भ्यु टावर बन्ने उनी बताउँछन्।



मेचीनगर- ६ स्थित मन्दिरपरिसरको डाँडाको अलपत्र भ्यु टावर

मेचीनगरका पूर्वमेयर विमल आचार्य भने भ्यु टावर निर्माणको निर्णय गलत नभएको जिकिर गर्छन्। 'भ्यु टावर बनाएर त्यहाँबाट नेपाल, भारत, बंगलादेशको विभिन्न दृश्य देख्न सकिन्छ। पर्यटक आएर होटेलमा मात्र बसेर त हुँदैन। त्यहाँ पार्क पनि थियो। त्यही भएर भ्यु टावर निर्माण गर्ने निर्णय गर्‍यौं,' उनले भने, 'सुरुमा केही प्राविधिक त्रुटि देखियो। त्यसलाई सच्याउन प्रदेशको अस्थिर सरकारका कारण समस्या भयो। प्राविधिक त्रुटिलाई मिलाएर फेरि निर्माणको काम अघि बढाइदिनुपर्छ।' स्थानीय दिलबहादुर थापा भ्यु टावर बन्ने विश्वास नभएको बताउँछन्। 'भ्यु टावर हाम्रा लागि उपयोगी होइन, तर नगरपालिकाले खर्च गर्नकै लागि योजना अघि सारेको थियो, अब नबन्नेजस्तै भयो,' उनले भने।

सर्लाहीमा नक्कली नोटको बिगबिगी


सर्लाही/ गत शनिबार साँझ करिब साढे ८ बजेतिर सर्लाहीको लालबन्दीमा रहेको एक खाजा घरमा होचो कद भएका एक व्यक्तिले गुजुमुज्ज पारिएको पाँच रुपैयाँको नोट दिएर एक प्याकेट गुट्खा खरिद गरे। हतारमा देखिएका ती व्यक्ति गुट्खा लिएर हिँडे। भोलिपल्ट बिहान पसल सञ्चालक सिर्जना आचार्यले कन्तुरमा रहेका नोट मिलाई गन्ती गर्न लाग्दा गुजुमुज्ज पारिएको नोट खोलिन्। उनी छक्क परिन्। त्यो हातले कोरेर बनाएको नक्कली पाँच रुपैयाँको नोट थियो। त्यसअघि मोटरसाइकल चढेर आएका एक व्यक्तिले दुई सय रुपैयाँ मूल्य पर्ने बियर किनेर हजारको नोट दिएका थिए। त्यो पनि नक्कली फेला पऱ्यो।

लालबन्दी नगरपालिका- ९ मा रहेको एसियन डिपार्टमेन्टल स्टोरमा एक व्यक्तिले सय रुपैयाँको सामान खरिद गर्दा हजार रुपैयाँको नोट दिए। स्टोर सञ्चालक आशा पौडेलले सामानसँगै नौ सय रुपैयाँ फिर्ता दिइन्। तर, त्यो पनि नक्कली भएको पुष्टि भयो। 'सय रुपैयाँको सामान मात्र होइन, नक्कली हजार दिएर सक्कली नौ सय रुपैयाँ लिएर गए। उनले ती व्यक्तिले निकै समय लगाएर सामान खरिद गरेको र सिसिटिभी क्यामेरामा कैद रहेको जानकारी दिइन्।

पर्यटन पथप्रदर्शकको परिचयपत्र हरायो

मिति २०७९/१०/२८ गते बिहान १०:०० बजेको समयमा बौद्धदेखि चावहिलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको पर्यटन पथप्रदर्शकको परिचयपत्र हराएकोले भेट्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।
नाम : तेण्डी शेर्पा
कार्ड नं. : १६०८०
सम्पर्क : ९८६२६८९६९६

हार्दिक श्रद्धाञ्जली



जन्म: (इ.सं. १९४३/०८/०५)

स्वर्गारोहण: (इ.सं. २०२३/०३/१५)

स्व. गिरधारीलाल धानुका

हाम्रा आत्मीय पारिवारिक मित्र **सुनीलकुमार धानुका (वंशल)** का पूजनीय पिता **स्व. गिरधारीलाल धानुका**को असामयिक देहावसानबाट हामी सम्पूर्ण परिवार स्तब्ध र अत्यन्त शोकविह्वल भएका छौं ।

यस दुखद घडीमा शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

BLC Enriching Life

बसन्तकुमार चौधरी
संस्थापक/अध्यक्ष
बिएलसी होल्डिङ्स, थापाथली, काठमाडौं

NIC ASIA एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)

रजिष्टर्ड/कर्पोरेट कार्यालयः थापाथली-११, ट्रेड टावर, थापाथली, काठमाडौं
फोन नं. ९७७-०१-५११११७७/७८/८८, फ्याक्सः ९७७-०१-५१११९८०
Email: info@nicasiabank.com, URL: www.nicasiabank.com

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको कम्पनीको संस्थापक समुहको शेयर बिक्री गर्नका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मितिः २०७९/१२/१३
शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मितिः २०७९/१२/२०

एन आई सी एशिया बैंक लिमिटेडको स्वामित्वमा रहेको सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट को संस्थापक समूहको २५,००० कित्ता शेयर प्रति कित्ता न्यूनतम मूल्य रु. ७१७/- मा बिक्री गर्ने यस बैंकको निर्णय अनुसार तपसिलमा उल्लेखित शेयर खरीद गर्न प्रचलित कानून बमोजिम योग्य लगानीकर्ताहरुले **२०७९ चैत २० गते** कार्यालय समयभित्र के कति दर भाउमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ।

सि.नं.	बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरूः
१	**श्री एन आई सी एशिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौं ।**
२	श्री एन आई सी एशिया बैंक लिमिटेडको **कर्पोरेट कार्यालयः** ट्रेड टावर, थापाथली, काठमाण्डौं । **शाखा कार्यालयहरु** : क्रमश (१) विराटनगर-३, मोरङ्ग (२) आदर्शनगर, वीरगंज (३) महेन्द्रपुल, पोखरा (४) श्रवणपथ, बुटवल (५) हस्पिटल लाइन, धनगढी र (६) विरेन्द्रनगर, सुर्खेत ।

तपसिल

सि.नं.	कम्पनीको नाम	शेयर कित्ता
१.	सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट	२५,०००

शर्तहरु:

१. यस बोलकबोल प्रकृयामा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी बाहेकका अन्य कम्पनी तथा व्यक्तिहरु सहभागी हुन सक्ने छैनन्। आवेदकको प्रबन्धपत्र, नियमावलीमा शेयर खरिद बिक्री गर्न सक्ने व्यवस्था रहेको हुनुपर्नेछ।

२. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ। साथै एन आई सी एशिया बैंकका माथि उल्लेखित शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिन सक्नु हुनेछ। छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन।

३. बोलपत्र आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ता संख्या, प्रति कित्ताको दर, रेट अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ। धेरै नै केरमेट भई कबुल गरेको मूल्य रकम नबुझिने गरी पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन।

४. शेयर खरीदको लागि बोलकबोल गर्दा न्यूनतम १,००० (एक हजार) कित्ता वा सो भन्दा माथि १०० ले भाग जाने गरी अधिकतममा माथि उल्लेखित सम्पूर्ण कित्ता शेयरका लागि आवेदन दिन सकिने छ।

५. बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित भएको आजको मिति २०७९/१२/१३ पश्चात् सम्बन्धित कम्पनीबाट घोषणा हुने हकप्रद शेयर, बोनश शेयर तथा लाभांश स्वीकृत आवेदनकर्ताहरूले प्राप्त गर्नेछन्।

६. शिलबन्दी खाम बाहिर "**सिटिजन इन्भेष्टमेन्ट ट्रष्ट**" उल्लेख भएको हुनु पर्नेछ। गोप्य शिल्ड बोलपत्र लाहाछाप गरिएको हुनुपर्ने छ।

७. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको सम्पूर्ण रकम शेयर खरिद आवेदन फाराममा उल्लेखित बैंक खातामा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर वा एन आई सी एशिया क्यापिटल लिमिटेडको नाममा जारी गरिएको Good for Payment Cheque वा Manager's Cheque संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ। यदी चेक भुक्तानी नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ। साथै Good for payment cheque or Manager's Cheque मार्फत आवेदन गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क बापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

८. सबैभन्दा बढी मूल्यमा बोलकबोल गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी कबोल गर्नेलाई बिक्री गरिनेछ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयरहरु माग भएको शेयर संख्याको सापेक्षिक भार अनुसार दामासाहीले बाँडफाँड गरिने छ। प्राप्त बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहने छ।

९. कम्पनीको विद्यमान शेयरधनीले शेयर खरिदको लागि आवेदन पेश गरेको अवस्थामा शेयरधनी नम्बर उल्लेख गर्नुपर्नेछ।

१०. बोलपत्रवालाले कुनै शर्त राखी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन।

११. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी वा सम्बन्धित आवेदकलाई अन्य कुनै माध्यमबाट जानकारी गराई बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।

१२. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नियमन निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाइने छ।

१३. आवेदनका साथ कम्पनीको दर्ता प्रमाण पत्र, कर दर्ता प्रमाणपत्र, शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि, सदस्य दलालकहाँ ग्राहक खाता खोल्न आवश्यक ग्राहक परिचय विवरण आदी संलग्न गर्नुपर्नेछ।

१४. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन।

१५. यस कम्पनीले स्वीकृत बोलपत्रवालालाई बाँडफाँड गर्ने निर्णय गरेको जानकारी सार्वजनिक सूचना प्रकाशित गरी वा अन्य कुनै माध्यमबाट सम्बन्धित आवेदकलाई जानकारी गराईनेछ।

१६. स्वीकृत आवेदकलाई बाँडफाँड गर्न बिक्रीकर्ता बैंकले निर्णय गरेको ३ कार्य दिन पछि बाँडफाँडमा नपरेका आवेदकहरुबाट प्राप्त रकम IPS मार्फत सिधै आवेदकको बैंक खातामा रकमान्तरण गरिने छ।

१७. बाँडफाँडमा परेका आवेदकको नाममा प्रचलित कानुन बमोजिम शेयर खरिद कारोवार तथा नामसारी गरिनेछ। कुनैपनि अवस्थामा आवेदकले ब्याज वा कुनै किसिमको माग दावी गर्न सक्ने छैन। बाँडफाँडमा परेको शेयर तथा सोबाट प्राप्त बोनश हकप्रद शेयर खरिद कारोवार तथा नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने ब्रोकरेज लगायत सम्पूर्ण दस्तुर र शुल्क आवेदक स्वयंले व्यहोर्नु पर्नेछ।

१८. आवेदनमा हितग्राही खाता अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ। हितग्राही खाता नहुने आवेदकले एन आई सी एशिया क्यापिटल लिमिटेड, एन आई सी एशिया बैंक लिमिटेडको कुनै पनि शाखा कार्यालय वा अधिकारीक निक्षेप सदस्यकहाँ सम्पर्क गरि हितग्राही खाता खोल्न सक्नुहुनेछ।

१९. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रबन्धकको Website: www.nicasiacapital.com वा सूचना पाटीमा हेर्न सक्नुहुने छ।

बिक्री प्रबन्धकः
NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
तेश्रो तल्ला सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहल, काठमाडौं
फोनः ९७७-१-५७०५९९४, फ्याक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com
Website: www.nicasiacapital.com

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७९/१२/१३

यस विभागबाट IFB. No. DPR/NCB/G/2079/80-01 Supply, Installation and Commissioning of Rotary Vacuum Evaporator with Chiller मालसामान खरिदका लागि मिति २०७९/१०/१२ गते प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन गरी मिति २०७९/१२/१२ गतेको विभागीय निर्णयानुसार तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले बोलपत्र स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही दफाको उपदफा ३ को प्रयोजनार्थ सम्बन्धीत सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना जारी गरिएको छ।

विवरण	बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम रू. (मु.अ. कर बाहेक)
IFB. No. DPR/NCB/G/2079/80-01 Supply, Installation and Commissioning of Rotary Vacuum Evaporator with Chiller	**JHS Analytic Traders Pvt. Ltd.**, 1865/29, Thirbam Sadak, Baluwatar Ward no. 5, Kathmandu, Bagmati Province, Nepal	१७,६४,०००/- (अक्षरेपी सत्र लाख चौसट्ठी हजार मात्र)

का.जि.द.नं.१२८/०६३/६४, म.ले.हु.नि.द.न. १७/०६९/०७०
सोमबार १३ चैत ०७९
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ मोफसल गोल्डकप फुटबल

साबिक विजेता एनआरटी अन्तिम चारमा

वसन्त खतिवडा/नयाँ पत्रिका
बारा, १२ चैत

साबिक विजेता न्युरोड टिम (एनआरटी) १३औँ जितपुर सिमरा गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। प्रतियोगिताको आइतबार क्वार्टरफाइनलमा एनआरटीले बी डिभिजन क्लब वीरगन्ज युनाइटेडलाई १-० ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। एनआरटीका लागि एक मात्र निर्णायक गोल अशोक थापाले गरेका थिए। खेलको २९औँ मिनेटमा कृतिशरत्न चुन्जूले डिबक्सभित्र निकालेको क्रसपासलाई सदुपयोग गर्दै अशोकले उत्कृष्ट गोल गरेका थिए।

घरेलु दर्शकको समर्थन पाएको वीरगन्ज युनाइटेडले खेलमा केही आकर्षक अवसर बनाए पनि फिनिसिङमा चुक्दा प्रतियोगिताबाट बाहिरियो। खेलको ४८औँ मिनेटमा विवेक चौधरीले वन भर्सेस वनको अवस्थामा गोल गर्न सकेनन्। विवेकले एनआरटीको डिबक्सबाटै प्रहार गरेको बल क्रसबार हुँदै बाहिरिएको थियो। पहिलो हाफ नियन्त्रणमा लिएको एनआरटीविरुद्ध वीरगन्जले दोस्रो हाफमा सुधारिएको खेल प्रस्तुत गऱ्यो। मध्यान्तरपछि एनआरटीविरुद्ध आक्रामक खेल खेले पनि वीरगन्जले गोल गर्न सकेन।

खेलको ५४औँ मिनेटमा वीरगन्जले एनआरटीविरुद्ध बराबरी गोलको आकर्षक अवसर गुमायो। खेलको ७४औँ मिनेटमा वीरगन्जका नीरज थापामगरको क्रस बलमा सागर चौधरीले हेडिङ गरेको बल क्रसबारमा ठोक्किएर बाहिरियो। खेलको अन्तिम इन्जुरी समयको आठौँ मिनेटमा वीरगन्जले अर्को अवसर खेर फाल्यो। कृपा चौधरीले किपरसमेत बिट गरिसकेको अवस्थामा गोल गर्न सकेनन्। प्रतिस्पर्धात्मक खेलमा एनआरटीले पनि केही आकर्षक अवसर गुमाएको थियो। प्रतियोगिताअन्तर्गत सोमबार सातदोबाटो युथ क्लब र हिमालयन शेर्पाबीच तेस्रो क्वार्टरफाइनल खेल हुनेछ।



न्युरोड टिमविरुद्ध बल अगाडि बढाउँदै वीरगन्ज युनाइटेडका खेलाडी

केरला सेमिफाइनलमा

विराटनगर/ भारत केरलाको लुका सकर क्लब सातौँ विराट गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। विराटनगरस्थित सहिद मैदानमा आइतबार भएको अन्तिम क्वार्टरफाइनलमा केरलाले ए डिभिजन क्लब संकटालाई सडनडेथमा ८-७ ले हराउँदै अन्तिम चारको स्थान पक्का गरेको हो। निर्धारित ९० र थप गरिएको ३० मिनेटको अतिरिक्त समयमा पनि दुवै टोलीबाट गोल भएन। त्यसपछि खेलको छिनोफानो सडनडेथबाट भएको हो। रोमाञ्चक तथा प्रतिस्पर्धात्मक टाइब्रेकरमा दुवै टोलीले ५-५ गोल गरेका थिए। त्यसपछि खेल सडनडेथमा पुग्यो।

टाइब्रेकरमा केरलाका चाल्स, रफी, कप्तान अर्सद, क्यामदिनले गोल गरेका थिए। संकटाको अनिश महर्जनको प्रहारलाई केरलाका गोलरक्षक सानफिरले उत्कृष्ट बचाउ गर्दै आफ्नो टोलीलाई अन्तिम चारको स्थान पक्का गराए। संकटाबाट जुनियर, कुलदीप कार्की, सुरजजिउ ठकुरी, चन्दन दास र दीपक घिसिङले गोल गरेका थिए।

१४ चैतमा केरलाले साबिक विजेता एपिएफको सामना गर्नेछ। घरेलु टोली विराटनगर सिटीले सोमबार जावलाखेल युथ क्लबको सामना गर्नेछ। संकटाले ०६९ सालमा दोस्रो संस्करणको विराट गोल्डकपको उपाधि हात पारेको थियो। पूर्वविजेता संकटाले खेलमा धेरै गोल अवसर खेर फालेको थियो।

फ्रेन्ड्सलाई हराउँदै थ्री स्टार सेमिफाइनलमा



धनगढी/ थ्री स्टार क्लब छैटौँ मुख्यमन्त्री सुदूरपश्चिम खप्तड गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ। धनगढी रंगशालामा आइतबार भएको खेलमा फ्रेन्ड्स क्लबलाई १-० गोलअन्तरले हराउँदै थ्री स्टारले अन्तिम चारमा स्थान बनाएको हो। खेलको ५९औँ मिनेटमा दीपेश गुरुङले थ्री स्टारलाई १-० को अग्रता दिलाएका थिए। खेलमा उनकै गोल निर्णायक बन्यो। पहिलो हाफमा थ्री स्टार र फ्रेन्ड्सबीच गोलरहित बराबरी भएको थियो।

खेलमा म्यान अफ दी म्याच दीपेश गुरुङ घोषित भएका छन्। जितसँगै थ्री स्टारले सेमिफाइनलमा सुदूरपश्चिम-११ र नेपाल पुलिस क्लबबीचको १६ चैतमा हुने खेलको विजेतासँग खेल्नेछ। प्रतियोगिताअन्तर्गत सोमबार मनाङ मर्स्याङ्दीले बागमती युवा क्लबसँग प्रतिस्पर्धा गर्नेछ।

मोफसलको सर्वाधिक पुरस्कार राशिको प्रतियोगिताका विजेताले २१ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछन्। सुदूरपश्चिम प्रदेश सरकार मुख्य प्रवर्द्धक रहेको प्रतियोगितालाई सुदूरपश्चिम ११ स्पोर्टस् क्लबले आयोजना गरेको हो।

कराँते महासंघको नेतृत्वमा लामा



चितवनमा शनिबार र आइतबार भएको महाधिवेशनबाट निर्वाचित कराँते महासंघका पदाधिकारी

विवेक पोख्रेल/नयाँ पत्रिका
भरतपुर, १२ चैत

नेपाल कराँते महासंघको शनिबार-आइतबार भएको महाधिवेशनले राष्ट्रिय खेलकुद परिषद् (राखेप)का पूर्वसदस्यसचिव एवं कराँतेका संस्थापकमध्येका एक मानिने युवराज लामालाई अध्यक्षमा निर्विरोध चयन गरेको छ। लामाको चयनसँगै कराँतेमा एक दशकदेखि देखिएको विवाद अन्त्य भएको मानिएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय कराँते महासंघ अस्तित्वमा रहँदा कराँतेभित्र विवाद रहेको थियो। कराँतेको विवाद समाधान गर्न परिषद्ले पटक-पटक समिति गठन गरेको थियो।

०७५ फागुन १४ को दिन शम्भु आचार्यको अध्यक्षतामा कराँते महासंघको तदर्थ समिति गठन भएको थियो। यस समितिलाई तीन महिनाभित्र महासंघको विधान संशोधन गरी निर्वाचन गर्ने गरी जिम्मेवारी प्रदान गरिएको थियो। यद्यपि, यो समितिले चार वर्षसम्म महासंघको विधान संशोधन तथा निर्वाचनसमेत गर्न सकेन।

त्यसपछि राखेपका सदस्यसचिव टंकलाल घिसिङले गत १३ माघमा पूर्वसदस्यसचिव लामाको अध्यक्षतामा नेपाल कराँते महासंघ तदर्थ समिति गठन गरेका थिए। सदस्यसचिव घिसिङले यस तदर्थ समितिलाई तीन महिनाभित्र विधान मस्यौदा तयार गरी राखेपबाट स्वीकृति गराई साधारणसभा र निर्वाचन गर्न निर्देशन दिएका थिए। राखेपको यसै निर्देशनअनुसार आइतबार कराँते महासंघको महाधिवेशन भएको हो।

महाधिवेशनले कुशल खेलप्रशासकको परिचय स्थापित गरेका लामाको अध्यक्षतामा २० सदस्यीय केन्द्रीय कार्यसमितिसमेत निर्विरोध चयन गरेको हो। दुई महिनाअघि तदर्थ समितिको अध्यक्ष बनेपछि लामाले राखेपले दिएको समयसीमाभित्रै विधान संशोधन गरी निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धता जनाएका थिए।

'हामीले राखेपले दिएको समयभित्र सबै कार्य पूरा गरेका छौँ,' अध्यक्षमा निर्विरोध भएपछि लामाले नयाँ पत्रिकासँग भने, 'सबैलाई समेटेर अगाडि बढेका छौँ।' यसअघिको केन्द्रीय समितिमा रहेका ध्रुवविक्रम मल्ल सहभागी भएनन्। यसअघिका उपाध्यक्ष पुरेन्द्रविक्रम लाखे र कोषाध्यक्ष सानुलाल श्रेष्ठ अस्वस्थताका कारण महाधिवेशनमा उपस्थित हुन सकेनन्।

लामा नै सदस्यसचिव हुँदा दुईवटा महासंघ

११ वर्षअघि राखेपका सदस्यसचिवमा लामा नै थिए। लामाले खेलकुदको सर्वोच्च निकाय राखेप हाँकिरहँदा कराँते महासंघ दुई-दुईवटा थिए।

तत्कालीन समयमा नेपाल ओलम्पिक कमिटीले पुरेन्द्रविक्रम लाखेलाई र राखेपले दावा गुरुङको अध्यक्षतामा नेपाल कराँते महासंघलाई मान्यता प्रदान गरेको थियो।

महाधिवेशनबाट २० सदस्य नेपाल कराँते महासंघमा निर्विरोध भएपछि कराँतेभित्रको विवाद अन्त्य भएको नवनिर्वाचित अध्यक्ष युवराज लामाको भनाइ

एकै खेलका दुई समानान्तर महासंघ हुँदा कराँते खेलमा विवाद अन्तर्राष्ट्रियस्तरमै पुगेको थियो। दुई कराँते महासंघ अस्तित्वमा रहँदा सन् २०१४ को दक्षिण कोरियाको इन्चोन एसियाडमा यसको प्रत्यक्ष असर देखियो। कराँते इभेन्टको अन्तिम समयमा राखेपले इन्चोन एसियाडमा सहभागी गराउन पठाइएको खेलाडीले प्रतिस्पर्धा गर्न पाइनन्। लाखे नेतृत्व रहेको महासंघले पठाएकी विमला तामाङले एकल कातामा प्रतिस्पर्धा गरिन्। उनले नेपाललाई कांस्य पदक दिलाइन्। कराँतेको विवाद अन्तर्राष्ट्रिय एरिनामै भयो। विवादबीच इन्चोन एसियाडमा नेपालले प्राप्त गरेको एक मात्र पदक कराँतेमै रह्यो। त्यही ११ वर्षअघिको विवाद आइतबारको महाधिवेशनले समाप्त गरेको छ। 'अब कराँतेको विवाद समाप्त भएको छ,' नवनिर्वाचित अध्यक्ष लामाले भने, 'नेपालमा एउटा मात्र कराँते महासंघ रहनेछ।'

नेपालको उपाधि सम्भावना समाप्त

यू-१७ महिला साफ च्याम्पियनसिपको आइतबार भएको खेलमा नेपाल रसियासँग ३-० ले पराजित भएको छ। नेपालले तीन खेलबाट तीन अंक जोडेको छ।



नयाँ पत्रिका
काठमाडौं, १२ चैत

बंगलादेशमा सञ्चालन भइरहेको यू-१७ महिला साफ च्याम्पियनसिप प्रतियोगितामा नेपालको उपाधि जित्ने सम्भावना समाप्त भएको छ। प्रतियोगिताअन्तर्गत आइतबार ढाकाको बिएसएस मुस्तफा रंगशालामा रसियासँग ३-० ले पराजित हुँदा नेपाली टोलीको उपाधि जित्ने सम्भावना समाप्त भएको हो। चालू प्रतियोगितामा सबै खेलमा रसियाले जित निकाल्दै सर्वाधिक नौ अंक जोडेको छ। तीन अंक बटुलेको नेपाल तालिकाको चौथो स्थानमा छ।

नेपालले अन्तिम खेलमा बंगलादेशलाई पराजित गरे पनि ६ अंक बटुल्नेछ। तीन खेलबाट ६ अंक जोडेका आयोजक बंगलादेश र भारत क्रमशः दोस्रो र तेस्रो स्थानमा छन्। चार खेल खेलेको भुटान अंकविहीन छ। पाँच टोली सहभागी प्रतियोगिताको शीर्ष स्थानमा रहने टोली सीधै च्याम्पियन घोषित हुनेछ।

प्रतियोगिताको अन्तिम राउन्ड रोबिन लिगमा रसियाले भारतलाई बराबरीमा रोक्दा पनि च्याम्पियनसिप उपाधि जित्नेछ। भारत च्याम्पियन हुन रसियालाई हराएर मात्रै हुँदैन, भारत कम्तीमा ४-० को गोलअन्तरले विजयी हुनुपर्छ। बंगलादेशको पनि उपाधि जित्ने झिनो सम्भावना रहेको छ। बंगलादेश च्याम्पियन हुन नेपालविरुद्ध कम्तीमा १०-० को जित निकाल्नुपर्छ।

नेपालविरुद्ध रसिया हावी

फिफा वरीयतामा २४औँ स्थानमा रहेको रसिया नेपालविरुद्ध पूरा समय हावी भयो। नेपाली महिला खेलाडी अधिकांश समय डिबक्समै बल क्लियर गर्न व्यस्त देखिन्थे। रसियाको जितमा इलिना गोलिकले दुई तथा पोलिना फिलसिनाले थप एक गोल गर्न सफल भए। पहिलो हाफमा नेपालले रसियालाई गोलरहित बराबरीमा रोक्न सफल भयो। खेलको ६३औँ मिनेटमा इलिनाले अग्रता दिलाइन्। दोस्रो गोल इलिनाले ७५औँ मिनेटमै गरिन्। पोलिनाले ८३औँ मिनेटमा गोल गर्दै ३-० को जित दिलाइन्।

Sunkoshi Rural Municipality
Office of the Rural Municipal Executive
Pangretar, Sindhupalchok
Bagmati Province, Sindhupalchok

INVITATION FOR BIDS

Invitation for Bids for the Construction of Krishi Upaz Sankalan Tatha Bhandaran Kendra (Vertical Extension), SRM, Ward-2 and Ward-1

Contract Identification No: SRM/NCB/W/10-11/2079/80

Date of publication: 2079/12/13 (27-03-2023)

1. The Sunkoshi Rural Municipality, Office of the Rural Municipal Executive, Pangretar, Sindhupalchok, Bagmati Province, Nepal invites sealed bid or electronic bid from the Eligible Bidders for construction of the following works under NCB Procedures.

Contract Identification No	Description	Estimated Amount (Without VAT & PS)	Bid Security Amount	Price of Bid Document	Bid Purchase Last Date, Time	Bid Submission Last Date, Time	Bid Opening Date, Time
SRM/NCB/W/10/2079/80	Construction of Krishi Upaz Sankalan Tatha Bhandaran Kendra (Vertical Extension), SRM, Ward-2	38,36,135.93	1,08,000	Rs.3,000	2080/01/12 (25-04-2023) at office hrs	2080/01/13 (26-04-2023) at 12:00 hrs	2080/01/13 (26-04-2023) at 13:00 hrs
SRM/NCB/W/11/2079/80	Construction of Krishi Upaz Sankalan Tatha Bhandaran Kendra (Vertical Extension), SRM,Ward-1	28,19,722.05	80,000	Rs.3,000	2080/01/12 (25-04-2023) at office hrs	2080/01/13 (26-04-2023) at 12:00 hrs	2080/01/13 (26-04-2023) at 13:00 hrs

2. Interested Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sunkoshi Rural Municipality, Pangretar, Sindhupalchok, Email: sunkoshiruralmun@gmail.com, Contact no 011-482205 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased by eligible Bidders on the submission of a written application along with the copy of company/firm registration certificate, VAT/PAN registration, Tax Clearance Certificate for F/Y 2078/79 & upon payment of a non-refundable fee as stated above.

OR

Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Laxmi Bank Ltd., Khadichour Branch

Name of Office: Sunkoshi Rural Municipality, Sindhupalchowk

Office Code no: 801032711

Rajaswa (revenue) Account no: 02703000017

4. Sealed Bid or Electronic bid must be submitted to the Sunkoshi Rural Municipality office on the above mentioned date, time and place on or before as mentioned above. Bids received after this deadline shall not be entartained.
5. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum amount as mentioned above which shall be valid for 30 days beyond the validity period of the bid.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata No. 02703000099 of Sunkoshi Rural Municipality in the Office Code No. 801032711 of Laxmi Bank Ltd., Khadichour Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Bid.
7. Pre-bid meeting shall be held at Sunkoshi Rural Municipality, Sindhupalchowk, Bagmati Province Nepal at 2080/01/03 (16-04-2023) at 13:00 hrs.
8. Bid shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of Sunkoshi Rural Municipality.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
11. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
12. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendment) of GON
13. If there are any changes or correction in notice or on Bid document, the notice will be published in Sunkoshi Rural Municipality notice board, Official Website and in bid addendum

Chief Administrative officer
Sunkoshi Rural Municipality

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com